सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२० भदौ २०८०, बुधबार (6 Sep 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ नागरिकता नियमावली पारित

एनआरएनलाई नागरिकता लिने बाटो खुला



● नारायणप्रसाद भट्टराई,
प्रवक्ता, गृह मन्त्रालय

मन्त्रिपरिषद्बाट नागरिकता नियमावली स्वीकृत भयो भन्ने सुनेका छौं । अब यसलाई कार्यान्वयनमा लैजान्छौं ।

■ ऐनमा के छ ?

नेपाल नागरिकता ऐन, २०६३ को दफा ७ मा गैरआवासीय नेपालीलाई नागरिकतासम्बन्धी प्रावधान छ । सो दफाको (क) १ मा भनिएको छ, 'विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्यराष्ट्रबाहेकका देशमा बसोवास गरेको र साबिकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने' ऐनमा प्रावधान छ ।

■ राजनीतिक अधिकार छैन

विभिन्न मुलुकमा करिब १५ लाखभन्दा बढी गैरआवासीय नेपाली रहेको गृह मन्त्रालयको अनुमान छ । यस्तो नागरिकता पाउनेले भोट हाल्ने तथा राजनीति गर्न भने पाउनेछैनन् । साथै, सरकारी पदमा पनि बस्न पाउँदैनन् । व्यवसाय गर्न पाउनुका साथै उनीहरूले सम्पत्ति भने दुवै देशमा राख्न पाउँछन् ।

■ नागरिकता लिन के गर्नुपर्छ ?

विगतमा नेपाली नागरिकता लिएको भए त्यो त्याग गरेको प्रमाण, विदेशी मुलुकको नागरिकता भएको प्रमाण आवश्यक पर्नेछन् । साथै, नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिबद्धता पनि आवश्यक हुने र शपथ गराउनुपर्ने प्रावधानसमेत ऐन र नियमावलीमा छ । यस्तो नागरिकता लिएका व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रहितविपरीतको कार्य गरेको ठहरेमा नागरिकता रद्द गर्न सकिने व्यवस्थासमेत छ ।

नयाँ पत्रिका

गैरआवासीय नेपालीलाई नेपाली नागरिकता दिने प्रावधानसहितको नागरिकता नियमावली सरकारले स्वीकृत गरेको छ । सरकारले गत जेठमा संशोधन भएको नागरिकतासम्बन्धी ऐनअनुसार नियमावली बनाएर त्यसलाई कार्यान्वयन गर्न लागेको हो । १२ भदौमा बसेको मन्त्रिपरिषद् बैठकले नियमावली पारित गरे पनि सार्वजनिक भने गरिएको छैन ।

राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण

» पृष्ठ ११ मा क्रमशः

दुई घन्टा कुर्दा पनि उपचार नपाएर कान्ति बाल अस्पतालको इमर्जेन्सी कक्षमै बालिकाको मृत्यु

निरन्तरको बान्ता र ज्वरोले थलिएकी पाँच वर्षीया रेजिशालाई उपचारका लागि इमर्जेन्सीमा ल्याएका आमा र हजुरबुबालाई अस्पतालका कर्मचारीले डाक्टरकहाँ पठाउनुको सट्टा टिकट काटेर पालो कुर्न अह्राए । बिरामीको गम्भीरता बुझ्दिन उनीहरूले हारगुहार गरिरहे, तर कसैले सुनेन । उपचारको पर्खाइमा दुई घन्टासम्म जीवनसँग संघर्ष गरिरहेकी अबोध बालिकाले अन्ततः हजुरबुबाको काखमै तड्पिँदै प्राण त्यागिन् ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

गम्भीर अवस्थाका बिरामी पुग्नेबित्तिकै उपचार सुरु गर्ने र उच्च निगरानीमा राख्ने ठाउँ हो, अस्पतालको आकस्मिक (इमर्जेन्सी) कक्ष । तर, बालबालिकाका लागि देशकै विशिष्टीकृत मानिएको कान्ति बाल अस्पतालको इमर्जेन्सीमा दुई घन्टासम्म छटपटाउँदा पनि उपचार नपाएर एक बालिकाको ज्यान गएको छ । उच्च ज्वरो र निरन्तरको बान्ताले शिथिल बनेकी बालिकालाई हजुरबा र आमाले तत्काल उपचार गरिदिन पटक-पटक अनुनय गर्दा पनि इमर्जेन्सी विभागका कर्मचारीले पालोमा कुराउँदा अप्रिय घटना भएको हो ।

काठमाडौंको बाफल बस्ने मकवानपुर थाहा नगरपालिका- १० की पाँच वर्षीया रेजिशा गोपालीलाई उच्च ज्वरो आएपछि आमा रिता गोपाली र हजुरबा कृष्णबहादुर गोपालीले सोमबार साँझ ५:०० बजे कान्तिको इमर्जेन्सी कक्षमा पुऱ्याएका थिए । इमर्जेन्सीमा बिरामीको भिड थियो । कृष्णबहादुरले नातिनीको अवस्था जटिल बन्दै गएकाले तत्काल उपचारको व्यवस्था मिलाइदिन इमर्जेन्सी कक्षमा खटिने सेक्युरिटी गार्डलाई बिन्ती गरे । त्यहाँ डाक्टरबाहेक व्यवस्थापन मिलाउने सेक्युरिटी नै थिए । तर, सेक्युरिटीले टिकट काटेर पालोमा बस्न आदेश दिए । टिकट लिने प्रक्रिया पनि उस्तै लम्बेतान, कृष्णबहादुरले काउन्टर नम्बर १ मा गएर टिकट लिँदा ५:४२ बजिसकेको थियो । पालो ६३ नम्बरमा पऱ्यो, जब कि त्यतिबेलासम्म डाक्टरले १५ नम्बरसम्मका बिरामीलाई मात्रै हेरेका थिए । रेजिशालाई भने ज्वरोले गालेर लल्याकलुलुक बनाउँदै थियो । कृष्णबहादुरले नातिनीको स्वास्थ्य गम्भीर अवस्थामा पुगेको भन्दै पालो अगाडि सारिदिन सेक्युरिटी गार्डसामु हात जोडे । अस्पतालको सुरक्षामा खटिएका प्रहरीले पनि पालो अगाडि सारिदिन आग्रह गरेका थिए । तर, बिरामीको ज्यान तलमाथि होला भन्नेमा होइन, कसैको पालो तलमाथि होला कि भन्नेमा निर्मम बन्यो अस्पताल प्रशासन, किनभने त्यो कान्ति बाल अस्पतालको इमर्जेन्सीमा स्थापित कठोर नियम हो । जतिसुकै गाह्रो भए पनि पालोमै आउन भनेपछि कृष्णबहादुर र रिताले रेजिशाको छटपटीमा रुनबाहेक केही गर्न सकेनन् । दुई घन्टासम्म कुर्दा पनि इमर्जेन्सीको उपचार नपाएपछि साँझै ७:१० बजे रेजिशाको मृत्यु भयो ।



रेजिशा गोपाली जसले अस्पतालको लापरबाहीले ज्यान गुमाइन्

'हामीले नातिनीलाई उपचारका लागि समयमै अस्पताल पुऱ्याएका हौं, तर इमर्जेन्सीमा पुगेर पनि वेलैमा डाक्टरलाई देखाउन पाएनौं । नातिनीको अवस्थाबारे पटक-पटक जानकारी गराउँदा पनि सेक्युरिटी गार्डले पालोमा आउन भनेपछि हाम्रो कुनै उपाय चलेन । दुई घन्टासम्म पालो कुर्दा पनि डाक्टरलाई देखाउन पाइएन, हेर्दाहेर्दै नातिनीको ज्यान गयो,' कृष्णबहादुरले रुँदै भने, 'इमर्जेन्सीमा पुगेर पनि दुई घन्टासम्म डाक्टरलाई देखाउन नपाउने कस्तो स्वास्थ्य व्यवस्था ? बिरामीको छटपटी र आफन्तको पीडा नदुख्ने कस्तो अस्पताल, कस्ता कर्मचारी ? मेरो लागि त्यो अस्पताल होइन, मुर्दाघर बन्यो । अरू कुनै अस्पताल लगेको भए बरु नातिनी बचाउन सक्थें कि !'

अस्पतालको गैरजिम्मेवार व्यवहारका कारण रेजिशाको ज्यान जानु मृतकको सूचीमा अर्को एक नाम थपिनु मात्रै हो । तर, अकालमा ज्यान गुमाएका परिवारका लागि अपूरणीय क्षति हो । आमा रिताको कोख रित्तिएको छ । छोरीलाई राम्रो शिक्षा दिएर उनको सुन्दर भविष्य कोर्न एक वर्षदेखि परदेश (पोर्चुगल)मा पसिना बगाउँदै गरेका बुबा जितबहादुरको सपनाले हार खाएको छ ।

तर, अस्पताल प्रशासन भने उल्टै शोकसन्तप्त परिवारमाथि दोष देखाएर मृत्युलाई सामान्यीकरण गर्न उद्यत् छ । कान्ति बाल अस्पतालका निर्देशक डा. पंकज राय उपचार नपाउँदा बालिकाको ज्यान गएको स्विकार्छन्, तर आफन्तले बिरामीको

» पृष्ठ ११ मा क्रमशः

बालिकाका हजुरबुबा कृष्णबहादुर गोपाली भन्छन्-

उपचारको आस गर्दागर्दै काखमै नातिनीको सास गयो



आइतबार बिहानदेखि नातिनीलाई ज्वरो आउने र बान्ता हुने भइरहेको थियो । गाह्रो भएपछि त्यसै दिनदेखि स्कुल पठाएनौं । बाफलमै मेडिकलमा चेकजाँच गराएर औषधि खुवायौं । तर, सोमबारसम्म पनि कुनै सुधार देखिएन, खानासमेत खान नमानेपछि बेलुकातिर ट्याक्सीमा राखेर कान्ति बाल अस्पताल पुऱ्यायौं ।

५:०० बजे कान्तिको इमर्जेन्सीमा पुग्दा भिडभाड थियो । नातिनी राम्रोसँग बोल्न पनि नसक्ने अवस्थामा पुगिसकेकी थिइन् । सुरुमै लागेको थियो, यस्तो भिडभाडमा कसरी छिटो उपचार पाइएला र ? सोधपुछ गरेर १ नम्बर काउन्टरमा गएर टिकट लिँदा ५:४२ बजिसकेको थियो । पालो ६३ नम्बरमा पऱ्यो, जब कि त्यतिबेलासम्म डाक्टरले १५ नम्बरसम्मका बिरामीलाई मात्रै हेरेका थिए । त्यहाँ व्यवस्थापन गर्ने सेक्युरिटी गार्ड हुने रहेछन् । मैले नातिनीको जटिल अवस्थाबारे सबै बताएँ । नातिनी काखमा रोइरहेकी थिइन् । गार्डले जतिसुकै गाह्रो भए पनि लाइनमै बस्न भनेपछि कुर्नुको विकल्प रहेन । तर, नातिनीको शिथिल अवस्था देखेर छटपटी चल्थ्यो । उठेर सेक्युरिटी गार्डलाई बिन्ती गर्थें- छिटो पालो मिलाइदिनुस् न । सेक्युरिटी गार्डले उल्टै झपारे । ड्युटीमा रहेका प्रहरीलाई पनि चाँडो पालो मिलाइदिन आग्रह गरें, तर प्रहरीले भनेको पनि मानेनन् सेक्युरिटीले । दुई घन्टासम्म पालो कुर्दा पनि डाक्टरलाई देखाउन पाइएन, उपचारको आस गर्दागर्दै ७:१० बजे काखमै नातिनीको सास गयो ।

इमर्जेन्सीमा पुगेर पनि दुई घन्टासम्म डाक्टरलाई देखाउन नपाउने कस्तो स्वास्थ्य व्यवस्था ? बिरामीको छटपटी र आफन्तको पीडा नदुख्ने कस्तो अस्पताल, कस्ता कर्मचारी ? मेरा लागि त्यो अस्पताल होइन, मुर्दाघर बन्यो । अरू कुनै अस्पताल लगेको भए बरु नातिनी बचाउन सक्थें कि ! छोरा विदेशमा छ । म, बुहारी र नातिनी यहाँ थियौं । अब नातिनी रहिनन् । हामीलाई पहाडले थिचेजस्तो भएको छ ।

काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा १० कक्षासम्मै दिवा खाजा

■ ललितपुर र भक्तपुरले केन्द्रकै १५ रुपैयाँले पाँच कक्षासम्म टार्छन्




केन्द्र सरकारले कक्षा ६ सम्म दिँदै आएको खाजा कार्यक्रम कटौती गरेर पाँचसम्म मात्रै सीमित राखेपछि काठमाडौं महानगरले ९ करोड ५० लाख विनियोजन गरेर साउनदेखि कक्षा १० सम्म नै खाजा कार्यक्रम सञ्चालन सुरु गरेको छ

(विस्तृत पृष्ठ २)

■ ६० किलो सुन तस्करी प्रकरण

एमएलए सन्धि नहुँदा हडकडबाट प्रहरीले पाएन अपेक्षित सहयोग



● डिआइजी कुबेर कडायत, प्रवक्ता, नेपाल प्रहरी

हडकडसँग हामीले एमएलए ट्रिटी गरेका छैनौं । त्यसो हुँदा घटनासँग सम्बन्धित सूचना हडकड सरकारबाट 'डाइरेक्टली' प्राप्त गर्ने अवस्था रहेन । हामीले इन्टरपोलको सहायता लिएका छौं । यसका लागि निश्चित प्रक्रिया पुऱ्याउनुपर्ने हुन्छ । त्यसैले समय केही लम्बिन सक्छ ।

(विस्तृत पृष्ठ ३)

■ नेपाल-भारत ऊर्जा सम्बन्ध मध्यकालीन विद्युत् व्यापारमा प्रवेश

आज रातिबाट ११० मेगावाट बिजुली भारत निर्यात गरिँदै

भारतले मंगलबार थप १८० मेगावाट बिक्री गर्न प्राधिकरणलाई स्वीकृत दिएको छ । भारतले सोलु दूधकोशी (८३.४२ मेगावाट) र दोर्दीखोला जलविद्युत् आयोजना (२६.१९ मेगावाट)लाई स्रोत मानेर १०९.६१ मेगावाट विद्युत् बिक्री गर्न प्राधिकरणलाई पत्र पठाएको छ ।

(विस्तृत पृष्ठ ९)

टिआरसी विधेयक टुंग्याउन सात दिन समय थप

■ प्रधानमन्त्री र विपक्षी दलका नेताबीच भेटवार्ता





■ विधेयकमा मतभिन्नता कायमै रहेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार विपक्षी दलका नेता केपी ओलीसँग छलफल गरेका छन् । प्रधानमन्त्री कार्यालय सिंहदरबारमा करिब पौने घन्टाको भेटमा प्रधानमन्त्री प्रचण्डले संसद्मा विचाराधीन अवस्थामा रहेका विधेयक र आसन्न अमेरिका तथा चीन भ्रमणमा केन्द्रित रहेर एमाले अध्यक्ष ओलीसँग छलफल गरेका थिए ।

नयाँ पत्रिका

बेपत्ता पारिएका व्यक्ति छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक टुंग्याउन गठित संसदीय उपसमितिको समय सात दिन थप गरिएको छ । दलीय सहमति जुटाएर प्रतिवेदन तयार पार्न एक साता समय थप गरिएको हो । दलहरूबीच सहमति नजुट्दा विधेयक चार महिनादेखि अलपत्र छ ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिले टिआरसी विधेयकमा संशोधन प्रतिवेदन तयार पार्न उपसमितिलाई सात दिनको समय थप्ने निर्णय गरेको समिति सचिव अधिराज राईले जानकारी दिए । उपसमितिले विधेयकमाथिको दफावार छलफल सकिसकेको छ ।

५ जेठमा २१ दिन समय दिएर उपसमिति गठन भएको थियो । काम नसकिएको भन्दै ५ साउनमा १५ दिन समय थप गरिएकोमा सहमति जुटेको छैन । समिति सदस्यहरूका अनुसार विधेयकका थुप्रै बुँदामा दलहरूबीच मतभिन्नता कायमै छ । अब शीर्ष तहबाट निकास

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



HAPPY 28th ANNIVERSARY
28 YEARS OF MEDICAL EXCELLENCE
ISHAN CHILDREN & WOMEN'S HOSPITAL



Congratulation on this special day, we convey our deepest gratitude towards all the hospital shareholders, board directors, consultants, staffs and well-wishers. Your dedication, trust and support has always been the biggest driving element behind our continued growth throughout these years.

WELL WISHERS:

- Cogent Health Pvt. Ltd.
- D.B.T. Enterprises Pvt. Ltd.
- Himalayan Builders & Engineers Pvt. Ltd.(S)
- Kantipur Oxygen Pvt. Ltd.
- Naya Prakashan Pvt. Ltd.
- NDB Traders Pvt. Ltd.
- OM Surgical Concern Pvt. Ltd.
- Paul Enterprises
- OMS Concern
- Nandachem Distributors
- Sas International Traders Pvt. Ltd.
- Sudeep International Pvt. Ltd.
- Swastik Surgical House
- Vital Health Care Pvt. Ltd.
- Universal Healthcare and Consultancy Pvt. Ltd.
- Web Trading Concern
- Welcare Suppliers Pvt. Ltd.
- Yeti Chem Distributors Pvt. Ltd.
- Nepal IVF and Fertility Center
- Easemed Nepal Pvt. Ltd.
- Malla Furniture
- Medtronix Nepal Pvt. Ltd.
- Dipendra Dental Art
- Garg Dental
- Electro Meditech Nepal
- GS Print & Media Services
- Kan International
- Super Top International

■ एक सातामै सांसद-मेयर बाबुछोरा निलम्बन

बाबुलाई हत्या अभियोग, छोराविरुद्ध भ्रष्टाचार मुद्दा

शिल्पा कर्ण / नयाँ पत्रिका

एक साता अवधिमा सांसद र मेयर बाउ-छोरा निलम्बनमा परेका छन् । सप्तरी ४ (१) बाट निर्वाचित प्रदेश सभासद् अनिरुद्धसिंह यादव र उनका छोरा सप्तरीकै बोदेबर्साइन नगरपालिकाका मेयर आतेशकुमारसिंह यादव निलम्बनमा परेका हुन् । बाउमाथि हत्या अभियोगमा छानबिन हुँदै छ भने छोरालाई भ्रष्टाचार अभियोगमा मुद्दा चलेको छ ।

प्रदेश सभा कार्यसञ्चालन नियमावलीको २१० (४) अनुसार कुनै प्रदेश सभा सदस्यमाथि प्रचलित कानुनबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग पत्र दायर भई पुर्पक्षका लागि थुनामा पठाइएमा थुना अवधिभर निलम्बन रहन्छ । सोही

» पृष्ठ ११ मा क्रमशः



अनिरुद्धसिंह यादव
प्रदेश सांसद

उम्मेदवार बनी निर्वाचित हुँदा पनि 'फरार' रहेका प्रदेश सांसद यादव १६ वर्षअघिको हत्या घटनामा छानबिनका लागि जेल चलान

■ मेयर आतेशसिंह भ्रष्टाचार मुद्दामा निलम्बित



आतेशसिंह यादव
मेयर बोदेबर्साइन नगरपालिका

अनिरुद्धका छोरा तथा बोदेबर्साइन नगरपालिकाका मेयर आतेशसिंह यादवविरुद्ध गत बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसहित आठजनालाई १४ लाख ७१ हजार रुपैयाँभन्दा बढी भ्रष्टाचार गरेको भन्दै मुद्दाको प्रतिवादी बनाइएको छ । नगरपालिकाबाट ०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत बाख्रा व्यवसायी पकेट कार्यक्रममा अनियमितता भएको ठहरसहित मुद्दा दायर भएको हो । जसमा नगरपालिकाका पशु विकास अधिकृत अर्जुनप्रसाद यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव र लेखापाल सरोजकुमार मण्डलको समेत संलग्नतामा उक्त परियोजनाको रकम हिनामिना भएको अभियोग लगाइएको छ ।

नगर प्रमुख आतेशकुमार सिंह, वडा नम्बर ४ का अध्यक्ष रामानन्द चौधरी, तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगतसमेतलाई प्रतिवादी कायम गरिएको छ । माँ जगदम्बा कृषक समूहका अध्यक्ष राधेश्यामकुमार साह र कोषाध्यक्ष नीलमकुमारी शर्मालाई पनि सजाय माग दाबीसहित मुद्दा चलाइएको हो । उनीहरूसमेतले परियोजनाका लागि सम्झौता गरे पनि त्यस सम्झौताअनुसार काम नगरेको र झुटो बिल-भर्पाई लिई भ्रष्टाचार गरेको अभियोगपत्रमा उल्लेख छ । भ्रष्टाचार निवारण ऐनको दफा ३३ मा मुद्दा दायर भएमा राष्ट्रसेवक स्वतः निलम्बन हुने व्यवस्था छ । उक्त दफाअनुसार कुनै पनि व्यक्तिलाई अख्तियारले नियन्त्रणमा लिएमा स्वतः निलम्बन हुन्छन् । मुद्दा किनारा नलागेसम्म उनीहरू निलम्बनमै रहने व्यवस्था ऐनमा छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

काठमाडौं महानगरभित्रका सामुदायिक विद्यालयमा १० कक्षासम्मै दिवा खाजा

ललितपुर र भक्तपुरले केन्द्रकै १५ रुपैयाँले पाँच कक्षासम्म टार्छन्



सीताराम कोइराला, शिक्षा विभाग प्रमुख, काठमाडौं महानगर

राजधानीकै विद्यालय भए पनि खाजा कार्यक्रम नहुँदा बीचमै कक्षा छाड्ने, नियमित विद्यालय नआउने, आएकाहरूले पनि खाजा खान नपाउनेजस्ता समस्या देखिएको थियो । त्यसैले यसपटकदेखि कक्षा १० सम्म खाजा कार्यक्रम सुरु गरिएको हो । विद्यार्थीको नाममा छुट्याइको रकम विद्यालयमा पठाइनेछ भने विद्यालयले नै सहुलियतमा खाजा खुवाउने व्यवस्था मिलाउनेछ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले विद्यालय शिक्षाको तल्लो तह बालशिक्षादेखि कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजा कार्यक्रम सुरु गरेको छ । महानगरपालिकाले चालू आर्थिक वर्षको साउनदेखि नै दैनिक ३० रुपैयाँका दरले विद्यार्थीलाई दिवा खाजा कार्यक्रम सुरु गरेको हो ।

हाल संघीय सरकारले कक्षा पाँचसम्म अध्ययनरत विद्यार्थीलाई दैनिक १५ सय रुपैयाँ खाजा कार्यक्रमका लागि छुट्याउँदै आएको छ । संघीय सरकारको खाजा कार्यक्रम प्रभावकारी नभएको भन्दै महानगरले सो खाजा कार्यक्रमलाई कक्षा १० सम्म नै पुऱ्याएको महानगरपालिका शिक्षा विभागका शाखा अधिकृत नेत्रनारायण पौडेलले जानकारी दिए । उनका अनुसार महानगरभित्र रहेका सबै सामुदायिक विद्यालयमा यो कार्यक्रम लागू भइसकेको छ । खाजा कार्यक्रमका लागि नौ करोड पचास लाख रुपैयाँ विनियोजन गरिएको छ । यो बजेट किस्ता-किस्तामा विद्यालयलाई उपलब्ध गराइने पौडेलले बताए ।

महानगरभित्र सामुदायिक विद्यालयको संख्या ८९ वटा रहेको छ भने यी विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या झन्डै ९० हजार हाराहारी छ । 'राजधानीकै विद्यालय भए पनि खाजा कार्यक्रम नहुँदा बीचमै कक्षा छाड्ने, नियमित विद्यालय नआउने, आएकाहरूले पनि खाजा खान नपाउनेजस्ता समस्या देखिएको थियो । त्यसैले यसपटकदेखि कक्षा १० सम्म खाजा कार्यक्रम सुरु गरिएको हो,' महानगरका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले भने । विद्यार्थीको नाममा छुट्याइको रकम विद्यालयमा पठाइनेछ भने विद्यालयले नै सहुलियतमा खाजा खुवाउने व्यवस्था मिलाउनेछ । 'विद्यार्थीको सहजताका लागि विद्यालयमा आकर्षण गर्न हामीले खाजा कार्यक्रमलाई व्यवस्थित बनाएका हौं,' कोइरालाले भने, 'महानगरभित्र रहेका सामुदायिक विद्यालयले खाजाको शुल्क लिन पाउँदैनन् ।'

सरकारले आर्थिक वर्ष ०८०/८१ को बजेट भाषणका क्रममा यसअघि कक्षा ६ सम्म दिँदै आएको खाजा कार्यक्रम कटौती गरेर पाँचसम्म मात्रै सीमित राखेको थियो । खाजा कार्यक्रममा आठ लाख ४५ करोड मात्रै बजेट विनियोजन गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार कक्षा १० सम्म नै खाजा कार्यक्रमका लागि कम्तीमा १६ अर्ब रुपैयाँ चाहिन्छ । तर, सरकारले निकै कम बजेट विनियोजन गरेपछि कक्षा ६ मा त्यसअघि दिँदै आएको खाजा कार्यक्रम पनि कटौती भएको छ । कक्षा पाँचसम्म खाजा कार्यक्रमका लागि नौ अर्ब ५० करोड बजेट चाहिन्छ । त्यस्तै, सरकारले आर्थिक वर्ष ०७९/८० का लागि कक्षा ६ सम्मका विद्यार्थीलाई समेट्दै नौ अर्बभन्दा बढी बजेट विनियोजन गरेको थियो । सरकारले हाल विद्यालयमा जंकफुड खुवाउन निषेध गरेको छ भने विद्यालय वा घरमै बनाएको खानेकुरा खुवाउन निर्देशन पनि दिएको छ ।

■ स्वर्णिम र गरिखाने शिक्षा कार्यान्वयनमा महानगर

काठमाडौं महानगरपालिकाले शिक्षा क्षेत्रमा यस वर्ष अघि सारेका महत्त्वाकांक्षी योजना 'गरिखाने शिक्षा महानगरको इच्छा' र 'स्वर्णिम विद्यालय परियोजना' कार्यक्रमको कार्यान्वयन थालेको छ । 'गरिखाने शिक्षा महानगरको इच्छा'लाई महानगरले गौरवको योजनामा राख्दै विद्यालयसँग व्यापक छलफल अघि बढाएको छ । यो कार्यक्रमअन्तर्गत विद्यार्थीको सिकाइलाई व्यावहारिक सीप र रोजगारसँग जोड्ने महानगरको योजना छ । त्यसका लागि छलफल गर्न महानगरले शुक्रबार र शनिबार धुलिखेलमा गोष्ठीसमेत आयोजना गरेको थियो । महानगरभित्र रहेका ८९ वटै सामुदायिक विद्यालयका शिक्षकलाई सहभागी गराएर महानगरले सिकाइमूलक शिक्षामा ध्यान दिन प्रअहरूलाई निर्देशन दिएको थियो । मेयर बालेन्द्र साहले नै 'गरिखाने शिक्षा महानगरको इच्छा'को योजना अघि सारेका थिए । यस कार्यक्रमअन्तर्गत विद्यार्थीको सीप विकास गर्ने, पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालन गर्ने, विद्यालयमैत्री सीप विकास कार्यक्रम सञ्चालन गर्ने, शिक्षण सिकाइमा सुधार ल्याउने, असल अभ्यासको आदान-प्रदान गर्ने, नतिजा सुधार गर्ने, रोबोटिक कार्यक्रम सञ्चालन गर्नेलगायत पर्छन् । यसको कार्यान्वयनका लागि विद्यालयका प्रअहरूसँग छलफल गरिएको विभाग प्रमुख कोइरालाले जानकारी दिए । उनका अनुसार महानगरकै अर्को कार्यक्रम 'स्वर्णिम विद्यालय परियोजना'अन्तर्गत विद्यालयमा भौतिक र मानवीय स्रोत चुस्त बनाउने, वातावरण सहज र शान्त पार्ने, विद्यालय सिंगारपटार गर्ने, बालक्लब स्थापना गर्ने, पूर्वविद्यार्थीबीच भेटघाट गराउने, अनुगमन र मूल्यांकन गर्नेलगायत कार्यक्रम समावेश छ । यी कार्यक्रम पनि कार्यान्वयनको चरणमा पुगेको विभाग प्रमुख कोइरालाको भनाइ छ ।



■ प्रअहरूसँग महानगरले माग्यो आय-व्यय विवरण

धुलिखेलमै शुक्रबार भएको गोष्ठीका क्रममा महानगरपालिकाले ०७९/८० मा विद्यालयलाई दिइएको बजेट प्रभावकारिताबारे प्रश्न उठाउँदै प्रधानाध्यापकसँग खर्च विवरण प्रस्तुत निर्देशन दिएको थियो । त्यसपछि पालैपालो प्रअहरूले विद्यालयको आम्दानी र खर्च विवरण प्रस्तुत गरेका थिए । विद्यालयलाई दिइएको बजेटको कार्यान्वयन र आर्थिक अभाव भएका विद्यालयको अवस्था बुझ्न उनीहरूलाई आम्दानी र खर्च विवरण पेस गर्न भनिएको विभागका शाखा अधिकृत पौडेलले जानकारी दिए । उनका अनुसार सबै प्रअहरूले विद्यालयको आम्दानी र खर्च विवरण पेस गरेका थिए । सबै विद्यालयले आम्दानी र खर्च विवरण पेस गरेपछि शिक्षा विभाग प्रमुख कोइरालाले आवश्यक बजेटका लागि महानगरले सहयोग गर्ने बताउँदै सीप र सिकाइमूलक शिक्षामा ध्यान दिन प्रअहरूलाई निर्देशन दिएका थिए ।

केन्द्र सरकारले कक्षा ६ सम्म दिँदै आएको खाजा कार्यक्रम कटौती गरेर पाँचसम्म मात्रै सीमित राखेपछि महानगरले साउनदेखि कक्षा १० सम्म नै खाजा कार्यक्रम सञ्चालन सुरु गरेको छ

■ ललितपुर र भक्तपुरमा पाँच कक्षासम्म मात्रै खाजा

ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाले भने केन्द्र सरकारकै आधार मानेर कक्षा पाँचसम्म मात्रै दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आइरहेका छन् । ललितपुरले केन्द्र सरकारबाट आउने प्रतिविद्यार्थी १५ रुपैयाँमा १० रुपैयाँ थप गरेर २५ रुपैयाँको खाजा कक्षा पाँचसम्म खुवाउने गरेको छ भने भक्तपुरमा यति पनि छैन । भक्तपुरमा केन्द्र सरकारले दिएको १५ रुपैयाँको खाजा कक्षा पाँचसम्म खुवाइँदै आएको छ । शिक्षा विभाग भक्तपुरका प्रमुख कृष्ण कर्माचार्यले खाजा कार्यक्रम केन्द्रले तोकेअनुसारकै रहेको बताए । शिक्षा विभाग प्रमुख ललितपुरका प्रमुख महेन्द्र क्षेत्रीले केन्द्रले दिएको १५ रुपैयाँमा १० रुपैयाँ थप गरेर कक्षा पाँचसम्म खाजा कार्यक्रम सञ्चालन भइरहेको बताए । उसका लागि महानगरले दुई करोड १० लाख विनियोजन गरेको छ ।

मंगलबार उपत्यकामा

नागढुंगा : चन्द्रागिरि नपा-२, नागढुंगाबाट नियन्त्रित लागुऔषध फेनारगन, नुर्फिन र डाइजेपामसहित पर्सा पोखरीया नपा-५ का २० वर्षीय मुन्नालाल पटवालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी प्रभाग नागढुंगा तथा लागुऔषध नियन्त्रण ब्युरोबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले ना.६ख ७०३६ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त लागुऔषधसहित फेला पारी पक्राउ गरेको हो ।

बुढानीलकण्ठ : क्रिप्टो कारोबारमा संलग्न अभियोगमा बुढानीलकण्ठ नपा-४, पासिकोट बस्ने सिन्धुपाल्चोक बलेफी गापा-३ का २७ वर्षीय पुरुषोत्तम कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीका अनुसार उनले फेसबुकमा बिन्यान्स आइडी खोली विभिन्न व्यक्तिको बैंक खाताबाट रकम इवालेटमा ट्रान्सफर गरेका थिए । सोही रकमबाट उनले क्रिप्टोको कारोबार गरेका थिए । उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

भक्तपुर : सामाजिक सञ्जालमार्फत विज्ञापन गरी आकर्षक तलबमा क्यानडा पठाउने भन्दै ठगी गर्ने कास्की माछापुच्छ्रे गापा-६ का ३० वर्षीय लक्ष्मण नेपाली र सप्तरी राजविराज नपा-४ का ३५ वर्षीय महावीरप्रसाद साहलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । क्यानडाको वर्क परमिट भिसामा पठाइदिने भन्दै उनीहरूले पीडितसँग पटक-पटक गरी ३४ लाख ५७ हजार सात सय १० रुपैयाँ लिएका थिए । उनीहरूलाई ठगीसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी परिसर भक्तपुर पठाइएको छ ।

कोटेश्वर : काठमाडौं मनपा-१४ डेरा गरी बस्ने पाँचथर फालेलुङ गापा-६ का ३५ वर्षीय जंगबहादुर राईलाई अवैध लागुऔषध खैरो हेरोइन, नौ लाख ५० हजार रुपैयाँ र डिजिटल तराजुसहित प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई उनकै कोठाबाट पक्राउ गरेको हो । उनीउपर जिल्ला अदालत भक्तपुरबाट लागुऔषध मुद्दामा म्याद थप अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

राष्ट्रिय शिक्षक अवार्ड प्रदान

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको शिक्षा तथा पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने सात व्यक्तित्वलाई राष्ट्रिय शिक्षक अवार्डले सम्मानित गरेका छन् । त्यसैगरी, यस वर्षको 'पिपी प्रसाईं लाइफटाइम अचिभमेन्ट अवार्ड २०८०' बाट पर्वतारोही आङछिरिङ शेर्पा सम्मानित भएका छन् ।

राष्ट्रपतिको कार्यालयमा आयोजित कार्यक्रममा सातै प्रदेशका शिक्षकलाई सम्मानित गरिएको हो । उत्कृष्ट शिक्षक पुरस्कार- २०८० बाट यो वर्ष कोशी प्रदेशबाट फिक्कल माध्यमिक विद्यालयका सोमप्रसाद गौतम, बागमती प्रदेशबाट श्री जनकल्याण माध्यमिक विद्यालय बौद्धका कमला राई, गण्डकी प्रदेशबाट पञ्चमुनिदेव मावि, पाल्पाका टुकादेवी आचार्य पुरस्कृत भए । लुम्बिनी प्रदेशबाट मोहन कन्या मावि तानसेनका गोपालप्रसाद बस्याल पुरस्कृत भएका छन् ।

यसैगरी, कर्णाली प्रदेशबाट श्री तिरपुरा मावि जगदुल्ला डोल्पाका जयबहादुर बस्नेत पुरस्कृत भएका छन् । सुदूरपश्चिम प्रदेशबाट श्री सर्वोदय माध्यमिक विद्यालय धनगढीका जितबहादुर चौधरी सम्मानित भएका छन् ।

प्रतिष्ठानले हरेक वर्ष सामुदायिक विद्यालयमा क्रियाशील शिक्षकलाई प्रोत्साहन गर्ने उद्देश्यले शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने सातै प्रदेशका उत्कृष्ट शिक्षकलाई पुरस्कारसहित ५० हजार नगद र विजयी शिक्षकले अध्यापन गराउने सबै विद्यालयलाई १० हजारबराबरको शैक्षिक सामग्री प्रदान गर्दै आएको छ । देशैभरबाट सार्वजनिक सूचनामार्फत आवेदन माग गरेर शिक्षकको पढाउने शैली, बाल मनोविज्ञान, विद्यार्थीको आवश्यकताप्रति उनीहरूको बुझाइ, शिक्षाप्रति उनीहरूको प्रतिबद्धता, सिर्जनशीलता, अभिभावक तथा समाजसँगको उनीहरूको सम्बन्ध र स्थानीय अभिभावक तथा समुदायको सिफारिसलगायतका आधारमा शिक्षा विशेषज्ञ, पूर्वशिक्षक, पूर्वप्रशासक, शिक्षण क्षेत्रमा लागेका संघ-संस्थाका प्रतिनिधि तथा लब्ध प्रतिष्ठित व्यक्तिहरूको निर्णायक समितिले पुरस्कार प्रदानका लागि सिफारिस गर्दछ ।

Government of Nepal
Ministry Of Culture, Tourism & Civil Aviation
Tara Gaon Development Board
Kathmandu, Nepal

INVITATION OF EXPRESSION OF INTEREST (EOI)

Second date of publication: 6th September 2023

Name of Project: Procurement of Consulting Service for Canteen at Federal Parliament Secretariat
Reference No: Tara Gaon/NCB/Consultation/2080/081-03

1. Tara Gaon Development Board has allocated fund ***toward the cost of Procurement of consulting service for canteen operation at Federal Parliament Secretariat*** and intends to apply on to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The ***Tara Gaon Development*** Board now invites Expression of Interest (EOI) from eligible consuting firms ("consultant") to provide the following consulting services: ***Consulting service for providing manpower service of Jetha Bhanchee, Sahayak Bhanchhe, Waiter, Assistant Staff, Cleaner and Part time staff.***
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at e-GP system www.bolpatra.gov.np/egp or Visit the clients Tara Gaon Development Board, Kathmandu and website www.tgdboard@gmail.com.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM of September 21st, 2023.
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed ad the due date but the time will be same as stipulated.
7. EOI will be assessed based on ***Qualification 48 percent, Experiance 40 percent, and Capacity 12 percent*** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is ***65***.

बुस्टर डोज अभियान २५ भदौदेखि

काठमाडौं/ जिल्ला स्वास्थ्य कार्यालय, काठमाडौंले कोरोना भाइरसविरुद्धको खोप अभियान पुनः सञ्चालन गर्ने भएको छ । स्वास्थ्य कार्यालयकी सूचना अधिकारी अन्जना खड्काले कोरोना भाइरसविरुद्धको बुस्टर डोज धेरै मानिसले लगाउन छुटेकाले पुनः सञ्चालन गर्न लागिएको जानकारी दिइन् ।

कार्यालयले स्थानीय तहसँगको छलफलपछि खोप अभियान सञ्चालन गर्न लागेको हो । खड्काका अनुसार यही २५ देखि ३० भदौसम्म अभियान सञ्चालन हुनेछ । यसअघि 'बुस्टर डोज' लगाउन छुटेकाका लागि ५ देखि ११ भदौसम्म पनि अभियान सञ्चालन गरिएको थियो । कार्यालयका खोप फोकल पर्सन तुलसी सुवेदीका अनुसार अहिले पनि अभियानका क्रममा खोप लगाउन छुटेका १२ वर्षदेखि माथिका सबैलाई पहिलो, दोस्रो मात्राका साथै पहिलो बुस्टर डोज र दोस्रो बुस्टर डोज लगाइनेछ । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्थाहरू, सामुदायिक विद्यालयलगायतमा खोप लगाइनेछ ।

ललितपुरका सबैजसो चोकमा राखियो मास्ट हेड लाइट



काठमाडौं/ ललितपुर महानगरपालिकाभित्रका चोक-चोकमा 'हाई मास्ट' (उच्च मात्रामा प्रकाश दिने बत्ती) राखिएको छ । मास्ट हेडका कारण महानगरभित्रका ठाउँहरूमा सुरक्षित यात्राका लागि सहज भएको छ । महानगरपालिकाका अनुसार हाल ११ ठाउँमा मास्ट हेड राखिएको छ भने बालकुमारी चोकमा एउटा मास्ट हेड राख्ने काम सुरु भएको छ । महानगरका अनुसार कुपन्डोल पुल, सहिद शुक्रराज पार्क, महानगरपालिकाआगाडिको पार्क, जावलाखेल, लगनखेल बसपार्क, लगनखेल बटुक भैरव मन्दिर, लगनखेल महालक्ष्मी मन्दिर, धोबीघाट ठाडो ढुंगा, धोबीघाट ढुंगेधारा, बुङमती बसपार्क, शंखपार्कमा गरी ११ ठाउँमा मास्ट हेड राखिएको छ । '१२ मध्ये ११ ठाउँमा हामीले मास्ट हेड राखिसकेका छौं । एक ठाउँमा राख्ने काम भइरहेको छ,' ललितपुर महानगरपालिका प्रवक्ता राजु महर्जनले भने, 'मास्ट हेडका कारण महानगरभित्र झिलिमिली मात्र नभई रात्रिकालीन यात्राका लागि सहज वातावरण सिर्जना भएको छ ।'

सडकबत्ती जडानका लागि टेन्डर गरिँदै

महानगरभित्र तेस्रो चरणको स्मार्ट सडकबत्ती जडान गर्न टेन्डर आह्वान गरिँदै छ । महानगरले तेस्रो चरणको बत्ती जडानका लागि आगामी साता टेन्डर गर्न लागेको हो । तेस्रो चरणअन्तर्गत बल्खुदेखि बालकुमारीसम्म ७ दशमल ९ किलोमिटर क्षेत्रमा सडकबत्ती जडान गरिनेछ । यसका लागि करिब दुई करोड लाग्नेछ । 'पहिलो र दोस्रो चरणको सफलतापछि हामीले तेस्रो चरणमा स्मार्ट सडकबत्ती जडान गर्न लागेका हौं । यसका लागि अर्को हप्ता टेन्डर गर्नेछौं,' प्रवक्ता महर्जनले भने । महागनरले पहिलो चरणअन्तर्गत (फागुन ०७७ मा) ६ सयवटा स्मार्ट सडकबत्ती जडान गरिसकेको छ । यसअन्तर्गत कुपन्डोल, सातदोबाटो, पुल्चोक, ग्वार्को र मंगलबजार क्षेत्रमा बत्ती राखिएको छ ।

दोस्रो चरणअन्तर्गत कुपन्डोल, लगनखेल, पुल्चोक, धापाखेल, झम्सीखेल, हरिसिद्धि, बुङमती, खोकना, फर्सीडोल, पाटनढोका, मंगलबजार, सुनाकोठी, खोकना, भैंसेपाटी हुँदै गोदावरी नगरपालिकाको सीमासम्म सडकबत्ती राखिएको छ । धापाखेलका केही स्थानमा बाहेक अन्य ठाउँमा सडकबत्ती जडान गरिसकेको महानगरले जनाएको छ । महानगरका अनुसार धापाखेल क्षेत्रमा स्थानीयको अवरोधका कारण सडकबत्ती जडानमा केही ढिलो भए पनि हाल उक्त समस्या समाधान भइसकेको छ । ती क्षेत्रमा करिब १४ सय सडकबत्ती जडान गरिएको छ । सडकबत्ती जडानमा महानगरको ६० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ४० प्रतिशत सहयोग रहेको छ ।

यस्तो छ महानगरले राखेको स्मार्ट सडकबत्ती

महानगरले दोस्रो चरणमा जडान गरेको स्मार्ट सडकबत्ती बाल्न र निभाउन मानिसको आवश्यकता पर्दैन । सडकको चहलपहलअनुसार आफैं बल्ने-निभ्ने गर्छ । रातको समयमा सडकबत्तीलाई केन्द्रबाट कन्ट्रोल गर्नसमेत सकिनेछ । ०७४ सालको स्थानीय तह निर्वाचनकै वेला नगर प्रमुखका रूपमा उम्मेदवार बनेका चिरिबाबु महर्जनले महानगरलाई स्मार्ट सिटी बनाउने घोषणा गरेका थिए । सोही घोषणाअनुसार ०७७ सालदेखि महानगरले स्मार्ट सडकबत्ती जडान गर्न थालेको हो । स्मार्ट सडकबत्ती जडान कार्य स्मार्ट सहर बनाउने योजनाअन्तर्गत रहेको महानगरले जनाएको छ । तीन वर्षदेखि सडकबत्ती राख्न थालेको महानगरले यो वर्ष भने सडकबत्ती राख्ने कामलाई अन्तिम रूप दिँदै छ ।

मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८०/०५/२० गते देखि लागू हुने गरी निम्न बमोजिमको मूल्यमा बिक्री वितरण गरिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

दि नेपाल डिष्टिलरिज प्रा. लि.
बालाजु, काठमाडौं

क्र.सं.	ब्राण्डको नाम	मि.लि.	शक्ति UP	नेशनल डिष्ट्रिब्युटर्स (मू.अ.क.समेत)	नेशनल डिष्ट्रिब्युटर्स कमिशन	डिष्ट्रिब्युटर्स मूल्य (मू.अ.क.समेत)	डिष्ट्रिब्युटर्स कमिशन	होलसेल मूल्य (मू.अ.क.समेत)	होलसेल कमिशन	खुद्रा विक्रेता मूल्य (मू.अ.क.समेत)	खुद्रा विक्रेता कमिशन	उपभोक्ता मूल्य (मू.अ.क.समेत)	
				प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति बोतल
१.	Coronation Khukri RUM	३७५	२५	२२,१८९.७३	७६०.४५	२२,९५०.१८	१,०३२.७६	२३,९८२.९४	९५२.३२	२४,९४२.२६	२,०५७.७४	२७,०००.००	२,७००.००

६० किलो सुन तस्करी प्रकरण

एमएलए सन्धि नहुँदा हडकडबाट प्रहरीले पाएन अपेक्षित सहयोग

टेकराज थामी/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको ६० किलो सुन तस्करीको जालो खोज्न हडकङ पुगेको नेपाल प्रहरीले पारस्परिक कानुनी सहायता सन्धि (एमएलए) नहुँदा अपेक्षित सहयोग प्राप्त गर्न सकेको छैन। तस्करी भई नेपाल आएको ६० किलो सुनको विस्तृत अनुसन्धान गर्न भन्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गत १२ भदौमा एसएसपी दिनेश आचार्यलाई हडकङ पठाएको थियो। तर, हडकङ प्रशासनले नेपालसँग एमएलए ट्रिटी नगरिएको भन्दै घटनासँग सम्बन्धित विवरण दिन अस्वीकार गरेको छ। जसकारण सिआइबी इन्टरपोल (इन्टरनेसनल क्रिमिनल पुलिस अर्गनाइजेसन)को सहायताबाट घटनासँग सम्बन्धित सूचना संकलनको प्रयासमा जुटेको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुवेर कडायतले हडकङसँग एमएलए सन्धि नभएकाले इन्टरपोलको सहायतामार्फत घटनासँग सम्बन्धित सूचना संकलनमा प्रहरी जुटेको बताए। 'हडकङसँग हामीले एमएलए ट्रिटी गरेका छैनौं। त्यसो हुँदा घटनासँग सम्बन्धित सूचना हडकङ सरकारबाट 'डाइरेक्टली' प्राप्त गर्ने अवस्था रहेन। हामीले इन्टरपोलको सहायता लिएका छौं। यसका लागि निश्चित प्रक्रिया पुऱ्याउनुपर्ने हुन्छ। त्यसैले समय केही लम्बिन सक्छ,' उनले भने।

नेपालले चीन सरकारसँग एमएलए ट्रिटी गरेको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङ नेपाल भ्रमणमा रहँदा २५ असोज ०७६ मा नेपाल र चीनबीच एमएलए सन्धि भएको थियो। चीनकै एक अंग भए पनि हडकङ छुट्टै कानुनबाट प्रशासित छ। त्यसो हुँदा नेपाल र चीन सरकारबीच भएको एमएलए सन्धि कार्यान्वयन गर्न हडकङलाई कुनै बाध्यकारी छैन। यही 'क्लज' मा टेकेर हडकङ सरकारले ६० किलो सुन तस्करीसँग सम्बन्धित सूचना नेपाल प्रहरीलाई दिन अस्वीकार गर्दै आएको छ।

'एमएलए ट्रिटी भएको भए कानुनी सहायता प्राप्त गर्न सजिलो र चाँडो हुने थियो। यद्यपि, घुमाउरो बाटोबाट भएर पनि हामीले सूचना प्राप्त गरिरहेका छौं। यो भनेको इन्टरपोलमार्फत जाने भन्ने हो। यसो हुँदा समयचाहिँ लाग्छ। उहाँहरूबाट सहयोग प्राप्त हुँदै नभएको भन्ने होइन। आवश्यक सहयोग प्राप्त भइरहेकै छन्,' कडायतले भने।

त्यसअघि राजस्व अनुसन्धान विभाग र भन्सार विभागले पनि सुन तस्करीमा संलग्न अभियुक्तको विवरण उपलब्ध गराउन हडकङ सरकारलाई अनुरोध गरेको थियो। हडकङ प्रशासनले उनीहरूको प्रस्तावलाई पनि अस्वीकार गरेको थियो। हडकङमा सुन खरिद-बिक्री र आयात-निर्यातमा नेपालमा जस्तो कानुनी सीमितता छैन। तस्करी भएर नेपाल आएको ६० किलो सुन तस्करले हडकडको कानुनी दायराभित्रै रहेर खरिद गरेका थिए। त्यसबापत भुक्तानी गर्नुपर्ने कर हडकङ सरकारलाई उनीहरूले बुझाएका थिए। सुन तस्करीमा संलग्न व्यक्ति नेपालका लागि मात्रै अभियुक्त हुन्। हडकङका लागि ग्राहक हो। त्यसैले उसलाई आफ्नो ग्राहकको गोपनीयता भंग गर्ने कानुनी बाध्यता छैन। सोही कारण हडकङले सुन तस्करीमा संलग्न अभियुक्तको विवरण दिन अस्वीकार गर्दै आएको छ।

सुन तस्करीको अनुसन्धान गर्न सिआइबीले भारतमा डिएसपी धर्म भण्डारीलाई पठाएको छ। हडकङबाट तस्करी भई नेपाल आएको सुन जाने अन्तिम विन्दु भारत भएकाले सिआइबीले घटनाको अनुसन्धान गर्न र आवश्यक सूचना संकलन गर्न डिएसपी भण्डारीलाई पठाएको हो। तर, नेपालले भारतसँग पनि हालसम्म एमएलए सन्धि गरेको छैन। त्यसैले घटनासँग सम्बन्धित सूचना नेपाल प्रहरीलाई उपलब्ध गराउन भारत सरकारलाई पनि कुनै कानुनी बाध्यता छैन।



फाइल तस्बिर



हडकङसँग हामीले एमएलए ट्रिटी गरेका छैनौं। त्यसो हुँदा घटनासँग सम्बन्धित सूचना हडकङ सरकारबाट 'डाइरेक्टली' प्राप्त गर्ने अवस्था रहेन। हामीले इन्टरपोलको सहायता लिएका छौं। यसका लागि निश्चित प्रक्रिया पुऱ्याउनुपर्ने हुन्छ। त्यसैले समय केही लम्बिन सक्छ।

■ **डिआइजी कुवेर कडायत**
प्रवक्ता, नेपाल प्रहरी

नेपालबाट तस्करी भएर आएको सुन भारतका लागि टाउको दुखाइको विषय बनेको छ। हडकडबाट तस्करी भई नेपाल आएको ६० किलो सुन बरामदमा पनि भारतीय खुफिया एजेन्सीकै भूमिका रहेको स्रोतले बताएको छ। त्यसकारण सुन तस्करी अनुसन्धानको सन्दर्भमा भारत सरकारले नेपाल प्रहरीलाई आवश्यक सहयोग गर्दै आएको देखिएको छ। भारत र नेपाल सरकारबीच सुपुर्दगी सन्धि हुने विषय वर्षौंदेखि बहसमा रहँदै आएको छ। तर, हालसम्म सन्धि हुन सकेको छैन। पछिल्ला दिन एमएलए सन्धि गर्ने सन्दर्भमा भने दुवै मुलुकबीच आपसी संवाद हुँदै आएका छन्। गत १७-२० जेठसम्म भएको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा उक्त सम्झौता गर्ने भनिएको थियो। तर, हुन सकेन।

■ के हो एमएलए सन्धि ?

न्यायिक कारबाहीका सम्बन्धमा कानुनी सहायता आदानप्रदान गर्ने उद्देश्यले दुई मुलुकबीच गरिएको सन्धि पारस्परिक कानुनी सहायता सन्धि (एमएलए ट्रिटी) हो। पारस्परिक कानुनी सहायता ऐन ०७० ले न्यायिक कारबाहीका लागि कानुनी सहायता आदानप्रदान गर्न दुई मुलुकबीच एमएलए सन्धि गर्न बाटो खुला गरिदिएको छ। सन्धिअनुसार न्यायिक कारबाही गर्ने सन्दर्भमा आपराधिक गतिविधिमा संलग्न व्यक्ति वा अदालतबाट दोषी करार भएको प्रतिवादीसँग सम्बन्धित कागजात, प्रमाण संकलन तथा प्राप्त गर्न सक्नेछ। त्यसोसँगै कुनै सम्बद्ध वस्तु वा ठाउँको जाँच गरी सोको सूचना र प्रमाण सम्बन्धित मुलुकलाई उपलब्ध गराउन सक्नेछ।

त्यससँगै सम्बन्धित मुलुकले माग गरेमा अभियुक्त वा प्रतिवादीको बैंक, वित्तीय वा व्यापारिक अभिलेखलगायत सम्बद्ध कागजातको संकलन वा प्रमाणित प्रति उपलब्ध गराउने, खनतलासी गर्ने, वस्तु बरामद गर्ने, व्यक्ति रहेको स्थान पत्ता लगाउने वा मानिसको सनाखत गर्नेजस्ता कार्य सम्बन्धित अर्को मुलुकले उपलब्ध गराउन सक्नेछ। त्यसबाहेक अभियुक्तको फौजदारी प्रकृतिको विषयमा सहयोग पुऱ्याउन सक्ने व्यक्ति उपस्थित गराउने, म्याद तामेली गर्ने, चल-अचल सम्पत्ति रोक्का वा जफत गर्ने र फैसला कार्यान्वयन गर्नेसम्मको कार्य एमएलए सन्धि गर्ने मुलुकबीच हुन सक्छ। सोही सन्धिको उपयोग गरेर ७ पुस ०७६ मा चीन सरकारले १२२ चिनियाँ नागरिकलाई काठमाडौंबाट पक्राउ गर्न लगाएको थियो। चीन सरकारको आग्रहपछि १२२ चिनियाँ नागरिकलाई पक्राउ गर्न नेपाल प्रहरीले 'स्विप अपरेसन' नै चलाएको थियो। पक्राउ परेका सबै नागरिकलाई चीनले विशेष विमान चार्टर गरेर स्वदेश लगेको थियो।

■ अध्यागमन विभागका डिजी अधिकारी र पूर्वउपराष्ट्रपति पुत्र पुनसँग सोधपुछ

६० किलो सुन तस्करीसँग मुछिएका अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारी र पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेश पुनसँग अनुसन्धानरत सिआईबीको टोलीले सोधपुछ गरेको छ। सिआइबीले उनीहरूलाई कार्यालयमै बोलाएर सोधपुछ गरेको हो। नेपाल प्रहरीका प्रवक्ता डिआइजी कडायतले पुन र अधिकारीलाई सोधपुछ भएको हुन सक्ने बताए। 'सिआइबीले ६० किलो सुन तस्करी घटनाको अनुसन्धान गरिरहेको छ। यसक्रममा केही पक्राउ परेका छन्। केहीसँग सोधपुछ गरिएको छ। पुन र अधिकारीसँग पनि सोधपुछ भएको हुन सक्छ। यी सामान्य बिषय हुन्,' उनले भने।

विभागका महानिर्देशक अधिकारी र घटनाका मुख्य नाइके तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङसँग सुन तस्करीको विषयलाई लिएर भएको संवाद सार्वजनिक भएको थियो। उनीहरूले विच्याटमार्फत संवाद गरेका थिए। संवाद सार्वजनिकपछि अधिकारीलाई गृह मन्त्रालयले विभागको महानिर्देशकबाट हटाइसकेको छ। सिआइबीका अनुसार दावासँग भएको संवाद सुन तस्करीसँग सम्बन्धित नभएको र संवाद चार वर्षअघि गरिएको बयान अधिकारीले प्रहरीलाई दिएका छन्। 'दावासँग संवाद भएको हो। तर, त्यो सुन तस्करीसँग सम्बन्धित होइन। तीन-चार वर्षअघि दावासँग संवाद भएजस्तो लाग्छ। विच्याटमा देखिएको संवाद त्यही हुन सक्छ,' अधिकारीले भनेका छन्।



पुन र दावाबीच विभिन्न कम्पनीमा व्यापारिक साझेदारी रहेको प्रहरी स्रोतले जनाएको छ। सोधपुछका क्रममा पुनले दावासँग बहिनीज्वाईंको बाहेक अरू सम्बन्ध नभएको बताएका छन्। अमला र पुन दुवैको घर रोल्पा हो। एकै गाउँ भएको हुँदा पुन अमलालाई बहिनी भन्छन् र दावालाई ज्वाईं। प्रहरीसँगको बयानमा उनले भनेका छन्, 'गाउँकै बहिनी विवाह गरेको हुँदा दावालाई म ज्वाईं भन्छु। त्योबाहेक अन्य सम्बन्ध उनीसँग छैन। कारोबार पनि भएको छैन। उनले गर्ने अन्य कारोबारका सन्दर्भमा मलाई कुनै जानकारी छैन।'

६० किलो सुन तस्करी प्रकरणमा संलग्न भएको आरोपमा प्रहरीले रुपन्देहीबाट सुमन खरेललाई पक्राउ गरेको छ। उनको सम्बन्ध दावा र याओ फुचिङसँग रहेको खुलेपछि सिआइबीको टोलीले उनलाई मंगलबार बिहान पक्राउ गरेको हो। काठमाडौंमा तस्करी भई ल्याइएको सुन याओ र दावाको निर्देशनमा किशोर बस्नेत र खरेलले नै भारतीय बजारमा लग्ने गरेको अनुसन्धानबाट खुलेको छ। सिआइबीको टोलीबाट पक्राउ परेका याओ त्यही व्यक्ति हुन्, उनीसँग भारतीय आधार कार्डसमेत फेला परेको थियो। उनी त्यसअघि पनि सुन तस्करीकै अभियोगमा भारतमा पक्राउ परेका थिए।

संक्षेप

गाउँपालिका अध्यक्षसहित तीनविरुद्ध मुद्दा

काठमाडौं/ सोलार बत्ती जडानलगायतका योजनाको भुक्तानीबापत पाँच लाख घुस खाने गाउँपालिका अध्यक्षसहित तीनजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद यादव, लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर वीरेन्द्रकुमार यादवविरुद्ध अख्तियारले मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

गाउँपालिकाअन्तर्गत सोलार बत्ती जडान कार्यलगायत आयोजनाहरूको कार्य सम्पन्नपछि गाउँपालिकाबाट रकम भुक्तानी गरेबापत उनीहरूले सेवाग्राहीसँग दुई लाख नगद र चेकमार्फत तीन लाखसहित पाँच लाख रुपैयाँ घुस लिएको पुष्टि भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। गाउँपालिकाका अध्यक्ष, लेखापाल र एमआइएस अपरेटरको आपसी मिलेमतो तथा योजनामा घुस लिने काम भएको अख्तियारको दाबी छ।

अख्तियारको इटहरी कार्यालयबाट खटिएको टोलीले गत ३१ साउनमा लेखापाल र एमआइएस अपरेटरलाई सेवाग्राहीबाट नगद दुई लाख रुपैयाँ घुसबापतको रकम लिइसकेको अवस्थामा थप तीन लाख रुपैयाँको चेकसहित रंगेहात पक्राउ गरेको थियो। तीनैजनालाई संयुक्त रूपमा पाँच लाख रुपैयाँ बिगोसहित भ्रष्टाचार निवारण ऐन, २०५९ को व्यवस्थाबमोजिम जरिवानासमेतको मागदाबी अख्तियारले गरेको छ।

त्यस्तै, मंगलबार नै अख्तियारले नेपाल विद्युत् प्राधिकरण, सुनसरी, इनरवा वितरण केन्द्रमा कार्यरत विर्जुकुमार महतोलाई घुससहित पक्राउ गरेको छ। उद्योगमा विद्युत् क्षमतावृद्धि गरिदिएबापत सेवाग्राहीसँग घुस मागेको सूचनाका आधारमा इटहरीबाट खटिएको अख्तियारको टोलीले उनलाई पक्राउ गरेको हो। सेवाग्राहीसँग २५ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा उनी पक्राउ परेका हुन्। नियन्त्रणमा लिएर उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

देउखुरी उपत्यकाको जग्गा फुकुवा गरिने

देउखुरी/ लुम्बिनी प्रदेश सरकारले देउखुरी उपत्यकाको जग्गा फुकुवाका लागि प्रक्रिया अन्तिम चरणमा पुगेको जनाएको छ। अर्थमन्त्री धनबहादुर मास्कीले मंगलबार विज्ञप्ति जारी गर्दै दुई वर्षदेखि रोक्का राजधानी क्षेत्रको जग्गा फुकुवाको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिएका छन्।

मन्त्री मास्की अध्यक्ष रहेको अध्ययन समितिले दुई महिनाअघि प्रतिवेदन तयार गरी मुख्यमन्त्रीलाई हस्तान्तरणसमेत गरिसकेको छ। जग्गाको कित्ताकाट रोक्ने, तर साबिकको कित्ताका आधारमा बिक्री-वितरण गर्न पाउने, बैंक ऋण सहजता ल्याउने गरी रोक्का जग्गा फुकुवाको तयारी गरेको मन्त्री मास्कीले बताए। 'रोक्का जग्गा फुकुवाको सम्बन्धमा निर्णय प्रक्रिया अन्तिम चरणमा रहेकाले विरोधका कार्यक्रम रोकी प्रदेश सरकारबाट छिट्टै निर्णय हुने कार्यमा सहज वातावरण निर्माणका लागि सम्बन्धित सबैमा आह्वान गर्दछु,' विज्ञप्तिमा भनिएको छ। नदी सभ्यतामा आधारित प्रदेश राजधानी विकास गुरुयोजना निर्माण भएको छ। गुरुयोजनाका आधारमा राजधानी क्षेत्रको विकासका लागि जग्गा एकीकरणसम्बन्धी कानुनसमेत बनाइसकिएको छ। जसअन्तर्गत राजधानी विकास जग्गा एकीकरण आयोजना कार्यालयले जग्गा एकीकरणको काम अघि बढाएको छ। तर, जग्गा रोक्का हुँदा र राजधानी क्षेत्रमा पूर्वाधार निर्माणको काम अघि नबढ्दा जग्गा एकीकरण आयोजनाको काम प्रभावकारी रूपमा अघि बढ्न सकिरहेको छैन।

जलवायु न्यायलाई प्राथमिकता दिन आग्रह

काठमाडौं/ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एक्सन एडले जलवायु परिवर्तनका कारण देखापरेका समस्या समाधान गर्न र जलवायु न्यायका लागि पहलकदमी लिन संसद्को ध्यानाकर्षण गराएको छ। एक्सन एडकी कार्यकारी निर्देशक सुजिता माथेमासहितको टोलीले मंगलबार सभामुख देवराज घिमिरेलाई ध्यानाकर्षण पत्र बुझाउँदै जलवायु परिवर्तनको क्षेत्रमा वैदेशिक सहयोग प्राप्त गर्दा ऋण नभई अनुदान लिनुपर्ने, जलवायु वित्तलाई पारदर्शी बनाउनुपर्ने, जलवायु परिवर्तनको असरबाट प्रभावित विपन्न समुदायलाई सहायता प्रदान गर्नुपर्नेलगायत कार्यमा संसद्को भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

जलवायु परिवर्तनको क्षेत्रमा नेपाल सरकारले अन्तर्राष्ट्रिय पहलमा सक्रियतापूर्वक काम गर्दै दीर्घकालीन रणनीति निर्माण गरी सन् २०४५ सम्ममा दिगो रूपमा कार्बन उत्सर्जन घटाउने र खुद शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य राखे पनि जलवायु न्यायको मुद्दाले प्राथमिकता नपाएको भन्दै एक्सन एडले त्यसका लागि पहल गर्न संसद्को ध्यानाकर्षण गराएको जारी विज्ञप्तिमा जनाइएको छ। संस्थाको 'जलवायु न्याय अभियान'अन्तर्गत एक्सन एडले बुझाएको ध्यानाकर्षण पत्रमा जलवायु परिवर्तनको असरलाई संबोधनका लागि नीतिहरूलाई समय अनुकूल परिवर्तन गर्न, उपयुक्त ढंगमा बजेट विनियोजन गर्न तथा सरकारका लक्ष्यको सक्रियतापूर्वक अनुगमन गर्न संसद्लाई आग्रह गरिएको छ।

निलम्बित एसएसपी पालमाथि कारबाहीको सिफारिस

काठमाडौं/ महिला प्रहरीलाई कार्यालयभित्रै यौन दुर्व्यवहार गरेको आरोपमा निलम्बनमा परेका नेपाल प्रहरीका एसएसपी योगबहादुर पालमाथि गम्भीर प्रकृतिको विभागीय कारबाहीको सिफारिस भएको छ। प्रहरी प्रधान कार्यालयले गठन गरेको छानबिन समितिले घटनामा उनको संलग्नता पुष्टि गर्दै कारबाहीको सिफारिस गरेको हो।

प्रहरी नायब महानिरीक्षक (डिआइजी) सुरेन्द्र मैनाली नेतृत्वको छानबिन समितिले गत शुक्रबार प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलाई आफ्नो प्रतिवेदन बुझाएको हो। प्रतिवेदन थप अध्ययन गरी कारबाही प्रक्रिया अघि बढाउने प्रहरी महानिरीक्षक कुँवरको तयारी छ।

नेपाल प्रहरी प्रदेश कार्यालय, कञ्चनपुरको प्रमुखका रूपमा कार्यरत रहँदा गत १९ जेठमा पालले महिला कर्मचारीलाई दुर्व्यवहार गरेका हुन्। बिदामा जान लागेकी एक महिला हवल्दारलाई निवासमा बोलाएर उनले यौन दुर्व्यवहार गरेका थिए। महिला प्रहरीले सुदूरपश्चिम प्रदेश कार्यालयमा उजुरी दिएपछि छानबिन सुरु भएको थियो। सोही दिन उनलाई जिम्मेवारीबाट हटाइएकोमा प्रारम्भिक छानबिनपछि उनलाई गृह मन्त्रालयले निलम्बन गरेको थियो। पछि डिआइजीको नेतृत्वमा उच्चस्तरीय समिति गठन गरिएको हो। समितिले स्थलगत रूपमै अध्ययन गरेको थियो। सबै पक्षसँगको कुराकानी र प्राविधिक विश्लेषणका आधारमा उनले महिला हवल्दारलाई दुर्व्यवहार गरेको प्रस्ट भएको छानबिनमा खुलेको स्रोत बताउँछ।

बिदामा जान लागेकी कर्मचारीलाई उनले 'तिमी मलाई मन पऱ्यो, आज गुड फ्राइडे मनाउनुपर्छ' भन्दै आफूसँगै बस्न प्रस्ताव गरेका थिए। कार्यालयका अन्य महिला प्रहरीलाई पति विगतमा त्यसैगरी दुर्व्यवहार गरेको छानबिनमा खुलेको छ। विगतमा पनि यस्ता घटनामा एसएसपी पालमाथि छानबिन हुँदै आएको थियो।

गोर्खा सैनिकमाथि न्याय भएन, कूटनीतिक पहल लिन्छौं : प्रधानमन्त्री

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल, भारत र बेलायत सरकारबीच भएको त्रिपक्षीय सन्धिअनुसार गोर्खाहरूमाथि २०८ वर्षदेखि समान व्यवहार नभएको बताएका छन्। गोर्खा भूतपूर्व सैनिक संघ (गेसो)द्वारा मंगलबार आयोजित कार्यक्रममा प्रधानमन्त्रीले गोर्खा सैनिकको समस्या समाधानका लागि भएको वार्ता परिणाममुखी बनाउन पहल लिने पनि आश्वासन दिएका छन्।



'अहिले भूपूसैनिकहरूको प्रतिनिधिसहित चलिरहेको वार्तामा समान कामको समान ज्याला कायम गर्न नेपाल सरकारको तर्फबाट कूटनीतिक पहल लिइनेछ। ब्रिटिस गोर्खाको समस्या समाधानका निम्ति चलिरहेको उक्त वार्ता परिणाममुखी बनाउन माननीय परराष्ट्रमन्त्रीमार्फत बेलायतस्थित नेपाली राजदूतलाई निर्देशित गर्ने विश्वास दिलाउँदै ब्रिटिस सरकारसँग नेपाल सरकारको तर्फबाट कूटनीतिक पहल लिइनेसमेत विश्वास दिलाउन चाहन्छु,' उनले भने।

प्रचण्डले ब्रिटिस सेनामा भर्ती भएकाहरूमध्ये गोर्खालीहरूको तलब, सेवा-सुविधा, पेन्सनलगायतका विषयमा भएको विभेद 'गेसो'को मात्र नभएर सिंगो नेपाल र नेपाल सरकारको सरोकार र दायित्व भएको पनि बताए।

'भूतपूर्व गोरखा सैनिकहरूको समस्या राष्ट्रियस्तरबाट मात्र समाधान गर्ने मुद्दा नभएर द्विदेशीय एवं बहुपक्षीय रूपमा उठाउनुपर्ने र सम्बोधन गर्नुपर्ने मुद्दा हो,' प्रचण्डले भने, 'विश्वभरि रहेका नेपालीहरूको हकहितका निम्ति राज्यले यस्ता मुद्दाहरू अन्तर्राष्ट्रिय फोरममा उठाउनुपर्छ र त्यसमार्फत सम्बोधन गर्नुपर्छ भन्नेमा म प्रस्ट छु।' उनले खाडीलगायत विभिन्न मुलुकमा रहेका नेपाली कामदारको समस्या तथा भूतपूर्व गोर्खालगायत विश्वभरि विभिन्न मुलुकमा कार्यरत नेपालीहरूको समस्याको समाधान कूटनीतिकरुपमा खोज्नुपर्ने पनि बताए। नेपाल र बेलायत सरकारबीच आगामी नोभेम्बरमा गोर्खा सैनिकको विषयमा मन्त्रीस्तरीय वार्ता हुने तय भएको छ।


पोखरामा २३ हाइमास्ट लाइट र दुई हजार स्मार्ट सडकबत्ती जडान

कास्कीमा **रोहितराज पराजुली**

रातको समयमा पोखरा महानगरपालिका क्षेत्रका मुख्य-मुख्य चोक तथा सडकहरूलाई झिलिमिली पार्न सुरु भएको उज्यालो पोखरा अभियानअन्तर्गत सडकबत्ती जडान गर्ने काम पूरा भएको छ। नेपाल विद्युत् प्राधिकरण तथा पोखरा महानगरपालिकाको साझेदारीमा १७ भदौ ०७९ मा उज्यालो अभियानको काम सुरु भएको थियो। अभियानअन्तर्गत पोखराका मुख्य-मुख्य चोकमा हाइमास्ट लाइट र अन्य स्थानमा स्मार्ट सडकबत्ती राखिएको हो।

दुई संस्थाको साझेदारीमा सम्पन्न अभियानको कार्यान्वयनको जिम्मा विद्युत् प्राधिकरणअन्तर्गतको राष्ट्रिय सडकबत्ती प्रवर्द्धन आयोजनाले पाएको थियो। अभियानअन्तर्गत महानगरका विभिन्न २३ स्थानमा हाइमास्ट लाइट र दुई हजार सातवटा स्मार्ट सडकबत्ती जडान गरी पोखरालाई झलिमिली बनाइएको छ। प्राधिकरण र महानगरपालिकाको ५०-५० प्रतिशत लागत साझेदारीमा सम्पन्न अभियानका लागि १४ करोड ६५ लाख रुपैयाँ खर्च भएको छ।

अभियानअन्तर्गत २३ स्थानमा जडान गरिएको हाइमास्ट बत्तीको पोल १६ मिटर अग्लो छ। प्रत्येक पोलमा दुई सय वाट क्षमताका आठ-आठवटा बत्ती राखिएका छन्। दुई हजार सात स्थानमा जडान गरिएको स्मार्ट सडकबत्तीमा १२० र ९० वाट क्षमताको बत्ती राखिएको छ। बत्ती पोखराका ६० किलोमिटर क्षेत्रमा जडान गरिएको छ। स्मार्ट बत्ती मोबाइल र ल्यापटपबाट नै नियन्त्रण गर्न सकिने गरी जडान गरिएको छ। बत्ती जडानका लागि ४३९ बटा नयाँ पोल गाडिएका छन् भने अन्य स्थानमा पुरानै विजुलीका पोल प्रयोग गरिएको छ। जडान गरिएका बत्तीको उत्पादक सिम्नफाई इन्डिया प्रालिले गरेको हो भने भारतको टपसन इनर्जी प्रालिले निर्माण गरेको हो।





■ **धनराज आचार्य**, मेयर
पोखरा महानगरनगरपालिका

बत्ती जडानले पोखरालाई थप सुरक्षित बनाउने काम गरेको छ। रातको समयमा अन्धकारको समस्या भोग्दै आएको पोखरेलीसँगै आन्तरिक एवं बाह्य पर्यटकलाई बत्तीका कारण सहज भएको छ।

पोखराका मेयर धनराज आचार्यले बत्ती जडानले पोखरालाई थप सुरक्षित बनाउने काम गरेको बताए। सुरक्षितसँगै सहरलाई सुन्दर बनाउने कामसमेत गरेको उनको भनाइ छ। 'रातको समयमा अन्धकारको समस्या भोग्दै आएको पोखरेलीसँगै आन्तरिक एवं बाह्य पर्यटकलाई बत्तीका कारण सहज भएको छ,' उनले भने।

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले जडान गरिएका बत्ती स्मार्ट भएकाले कुन कहाँ बिग्रियो भन्ने पत्ता लगाउनुका साथै मर्मतका लागि पनि सहज हुने बताए।

नौ महिनापछि बागमतीमा संसदीय समितिको बैठक



मकवानपुर/ बागमती प्रदेश सभाको संसदीय समितिको बैठक नौ महिनापछि मंगलबार बसेको छ। प्रदेश सभामा रहेका पाँचवटा संसदीय समितिको बैठक पहिलोपटक बसेको हो। प्रदेश सभा सचिवालयका अनुसार समितिका ज्येष्ठ सदस्यहरूको अध्यक्षतामा बैठक बसेको हो। प्रदेश सभामा संसदीय समितिका सभापतिहरूको चयन गर्न बाँकी छ। बागमती प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो बैठक १८ पुस ०७९ मा बसेको थियो।

प्रदेश मामिला समिति, सार्वजनिक लेखासमिति, अर्थ तथा विकास समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक बसेको प्रदेश सचिवालयका प्रवक्ता मनोज गुप्ताले जानकारी दिए। उनका अनुसार प्रदेश मामिला समितिको सभापतित्व कांग्रेसका शिवराज अधिकारी, अर्थ तथा विकास समितिको सभापतित्व माओवादीका रामप्रसाद ढुंगाना र सार्वजनिक लेखा समितिको सभापतित्व माओवादीकै ठाकुरप्रसाद ढकालले गरेका थिए। शिक्षा स्वास्थ्य तथा कृषि समितिको सभापतित्व कांग्रेसकी मीनाकुमारी पराजुली पोखरेल र उद्योग पर्यटन तथा वातावरण समितिको सभापतित्व कांग्रेसकै याडकिला शेर्पाले गरेकी थिइन्। सत्तारूढ दलबीच समितिको सभापतिको विषयमा भागबन्डा मिल्न नसक्दा अहिलेसम्म समितिले सभापति पाउन सकेका छैनन्। असारमा संसदीय समिति गठन तथा सदस्यहरूको भने टुंगो लागेको थियो।

मंगलबार बसेका समितिको बैठकले सम्बन्धित समितिको बैठक तथा काम कारबाही सञ्चालनका लागि कार्यविधि निर्माण गर्ने निर्णय गरेका छन्। समितिलाई आवश्यक कार्यविधि निर्माणका लागि उपसमितिसमेत गठन गरिएको छ। पाँच सदस्यीय उपसमितिले निर्माण गरेको कार्यविधिलाई संसदीय समितिको अर्को बैठकमा पेस गरेर पारित गरिने प्रवक्ता गुप्ताले बताए।

प्रदेश सभाका पाँच समितिका लागि कुल ९६ सदस्यहरूलाई सबै दलको समान रूपमा प्रतिनिधित्व हुने गरी पठाएअनुसार चारवटा समितिमा १९ जनाका दरले सदस्य रहने छन् भने एक समितिमा २० सदस्य छन्।

विश्व र प्रदीपसहित महाधिवेशनकेन्द्रित 'टिम बिल्डिङ'को गृहकार्यमा इतर





● **प्रदीप पौडेल**, नेता नेपाली कांग्रेस

पार्टीमा संस्थापन र इतर छिन्नभिन्न अवस्थामा छन्। पार्टीमा यत्रा बेतिथि छन्, भ्रष्टाचारका कुरा छन्। सरकारमा रहेर पनि आलोचना खेपिरहनुपरेको छ। परिणाम दिन सकिएको छैन। विधिविपरीत पार्टी कब्जा गर्न खोज्नेहरू नै पार्टीमा सफल भइरहेको अवस्था छ। अबको महाधिवेशनकेन्द्रितभन्दा पनि आन्तरिक रूपमा पार्टी रूपान्तरण र पार्टीभित्रका बेतिथिविरुद्ध एकजुट हुन चाहेको सन्देश हो।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

गत ६ पुसमा संसदीय दलको निर्वाचनपछि गत आइतबार कांग्रेस इतर समूहको भेलामा महामन्त्री विश्वप्रकाश शर्मा र युवा नेता प्रदीप पौडेल सहभागी भए। दलको निर्वाचनपछि इतर समूहका भेला र छलफलमा देखानपरेका महामन्त्री शर्मा र पौडेल पहिलोपटक शेखर-गगन समूहका नेतासँग देखिए।

नेता अर्जुननरसिंह केसीको बुढानीलकण्ठस्थित निवासमा महामन्त्री गगन थापा, सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियार, नेताहरू बलबहादुर केसी र दिलेन्द्र बडूसहित सहभागी थिए। इतर समूहले विश्व र प्रदीपसहित महाधवेशनकेन्द्रित 'टिम बिल्डिङ' को प्रयास गरिरहेको छ। त्यसकै निरन्तरतास्वरूप आइतबार छलफल भएको हो। '१५औं महाधिवेशनकेन्द्रित टिम बिल्डिङको गृहकार्य सुरु भएको छ। त्यसमा विश्व र प्रदीपसहित समावेश गराउने तयारी भएको छ,' बैठकमा सहभागी एक पदाधिकारीले भने।

सहमहामन्त्री परियारले पार्टी रूपान्तरणको अभियानस्वरूप छलफल भइरहेको बताए। उनले पार्टी र मुलुकको विषयमा संस्थापन मौन रहँदा इतर सक्रिय बन्नुपर्ने अवस्था आएको जिकिर गरे। 'मुलुक अप्ठ्यारो अवस्थामा छ। सबै जडको निकास दिने कांग्रेसले नै हो। पार्टीमा समस्या, राष्ट्रियता र लोकतन्त्रमा खतराको महसुस भएको अवस्था देखिन्छ। यस्तो अवस्थामा संस्थापन चुप लागेर बस्दैमा हामी पनि त्यसरी बस्नुहुँदैन भनेर छलफल अगाडि बढाइरहेका छौं। हाम्रा छलफल एजेन्डाकेन्द्रित छन्। यो अभियानमा एजेन्डाकै आधारमा अरूलाई जोड्दै जाने हाम्रो प्रयास हो। छलफल निरन्तर छ,' परियारले भने।

नेता पौडेलले पार्टीका बेतिथिविरुद्ध एक ठाउँमा उभिनेबारे छलफल भएको बताए। आगामी महाधिवेशनका लागि नभई पार्टीमा सुधारका लागि एक ठाउँमा आउनु आवश्यक रहेको र यो सन्देश भेलाले दिएको उनको भनाइ छ। 'पार्टीमा संस्थापन र इतर छिन्नभिन्न अवस्थामा छन्। पार्टीमा यत्रा बेतिथि छन्, भ्रष्टाचारका कुरा छन्। सरकारमा रहेर पनि आलोचना खेपिरहनुपरेको छ। परिणाम दिन सकिएको छैन। विधिविपरीत पार्टी कब्जा गर्न खोज्नेहरू नै पार्टीमा सफल भइरहेको अवस्था छ। अबको महाधिवेशन केन्द्रितभन्दा पनि आन्तरिक रूपमा पार्टी रूपान्तरण र पार्टीभित्रका बेतिथिविरुद्ध एकजुट हुन चाहेको सन्देश हो,' पौडेलले भने।

इतर समूहले भ्रातृसंस्था, संसदीय दल र पार्टीमा आफ्नो समूहको भूमिकालाई बेवास्ता गरेको निष्कर्ष निकालेको छ। नेताहरूका अनुसार भेलामा समसामयिक राजनीतिक घटनाक्रम, सरकारका कामको समीक्षा, कांग्रेसको रूपान्तरण र वैचारिक पुनर्जागरणका लागि एक भएर अगाडि बढ्ने विषयमा छलफल भएको थियो। नेता डा. शेखर कोइराला भने सहभागी थिएनन्। अबको चरणमा भने कोइरालासहितको छलफल गर्ने तयारी रहेको एक पदाधिकारीले जानकारी दिए। गत १० साउनमा सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले पार्टी एकढिक्का रहेको सन्देश दिएको संस्थापनले दाबी गरिरहँदा संसदीय दलमा महामन्त्री थापाको पक्षमा उभिएका युवा नेतासहित इतर समूहका नेताहरू एकै ठाउँमा देखिनुले कांग्रेसमा स्पष्ट ध्रुवीकरणको संकेत गरेको नेताहरू बताउँछन्।

केन्द्रीय समिति बैठकअघि कोइरालाले महामन्त्री थापासँग टाढिएको र सभापति शेरबहादुर देउवासँग निकट रहेको आरोप खेपेका थिए। तर, केन्द्रीय समिति बैठकपछिका अभिव्यक्तिमा कोइरालाले आफू देउवासँग नमिलेको बरु आफ्नै समूह बलियो बनाउन लागिपरेको स्पष्टीकरण दिँदै आएका छन्। केन्द्रीय सदस्य डा. गोविन्द पोखरेलले केन्द्रीय समिति बैठकपछि नेता कोइराला र महामन्त्री थापाबीचको सम्बन्धमा सुधार देखिएको बताए। 'पछिल्लो समय उहाँहरू एकदमै सिमेन्टेड हुनुभएको छ। यो इतर र पार्टीका लागि एकदमै खुसीको विषय हो,' उनले भने।

केन्द्रीय समिति बैठकपछि शेखर-गगन र सिटौला समूहले सक्रियता बढाउँदै लगेका छन्। भ्रातृसंस्थाका असन्तुष्टि र कार्यक्रममार्फत यी समूह सक्रिय बनेको देखिन्छ। नेविसंघको जम्बो कार्यसमिति घोषणा हुँदा दुवै समूह असन्तुष्ट देखिएका थिए। संसदीय समितिका विषयमा शेखर-गगन समूह असन्तुष्ट देखियो। संसदीय समितिमा चार समितिमध्ये दुई समिति आफूले पाउनुपर्ने शेखर-गगन समूहको माग थियो। तर, सभापति देउवा यसका लागि तयार नभएपछि संसदीय सुनुवाइ समिति (संयुक्त) का लागि नाम सिफारिस भएका सहमहामन्त्री जीवन परियारले अस्वीकार गरेका थिए। १५ भदौसम्ममा १६ विभाग गठन हुँदा तीनवटा मात्रै इतरले पाएको छ। आफ्नो समूहलाई बेवास्ता गरेर पार्टी, संसद् र भ्रातृसंस्थामा बाइपास गरेर लान खोजेको यो समूहको निष्कर्ष छ।

नेविसंघको समिति घोषणा हुँदा सिटौला समूह पनि संस्थापनसँग असन्तुष्ट बनेको थियो। सिटौला समूहले पछिल्लो समय 'टक सेन्टर'मार्फत संविधान कार्यान्वयनको बहसको थालनी भन्दै २१ साउनमा आफूनिकट नेताहरू मात्र सहभागी गराएर कार्यक्रम गरेको थियो। जसलाई देशव्यापी कार्यक्रमका रूपमा निरन्तरता दिइरहेको थियो। मंगलबार कांग्रेस बागमती प्रदेश सभाका मुख्य सचेतक कुन्दनराज काफ्लेले राजीनामा दिए। संगठनमा समय आवश्यक रहेको भन्दै उनले राजीनामा दिएका हुन्।

चीन-भारतसँग सम्बन्ध सन्तुलित राख्नुपर्छ : देउवा



काठमाडौं/ पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले नेपालले चीन र भारतसँग सन्तुलन कायम गरेर अघि बढ्नुपर्ने बताएका छन्। मंगलबार नेपाल निजामती कर्मचारी युनियनकाद्वारा राजधानीमा आयोजित कार्यक्रममा बोल्दै उनले दुवै छिमेकी मुलुकसँग सन्तुलन कायम गर्नुपर्ने बताएका हुन्।

देउवाले अर्को छिमेकी बनाउन नसकिने भन्दै छिमेकीलाई सन्तुलनमा राखेर अघि बढ्नुपर्ने बताए। 'चीन र भारत दुवै हाम्रा छिमेकी हुन्, दुवैसँग राम्रो सम्बन्ध राख्नुपर्ने हाम्रो बाध्यता र आवश्यकता छ। कोसँग कति बोल्ने कति कुरा राख्ने भन्ने हुन्छ। चीन र भारत दुवैलाई सम्झाउन सकिन्छ। सन्तुलन मिलाएर अघि बढ्नुपर्छ। साथी बनाउन सक्नुहुन्छ, तर छिमेकी बनाउन सकिँदैन,' देउवाले भने।

कांग्रेस नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पछिल्लो अभिव्यक्तिलाई लिएर आपत्ति जनाएका थिए। उनले जातीय पहिचानको राज्य बनाइदिनेजस्ता अराजक किसिमले प्रधानमन्त्रीले बोल्न नहुने उनको भनाइ थियो। कोइरालाले प्रधानमन्त्रीको अभिव्यक्तिलाई कांग्रेसले गम्भीरतापूर्वक लिनुपर्ने बताएका थिए। 'देशको प्रधानमन्त्रीले अराजक किसिमले हामीलाई भोट देऊ, हामी जातीय पहिचानको राज्य बनाइदिन्छौं भनेर भन्न मिल्दैन। यसरी देश चल्दैन। यी कुरालाई गम्भीर रूपले पार्टीले पनि लिनुपर्छ,' कोइरालाको भनाइ थियो।

नबिल बैंक लिमिटेड, हेटौंडा शाखा मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०५/२०)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०८०/०३/१२ को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **हेटौंडा शाखा कार्यालय मकवानपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

राम अवतार ठाकुरको नाति, भोला ठाकुरको छोरा, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हटौंडा न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३२३०४०/१०३२ (जारी मितिः २०६३/१२/१ स्थान रौतहट) भएको **श्री सिकिन्द्र ठाकुर**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण :

राजेन्द्र ठाकुरकी छोरी, भोला ठाकुरकी बुहारी, सिकिन्द्र ठाकुरकी श्रीमती, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल मकवानपुर जिल्ला, हटौंडा न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ३२१०४०/९१४ (जारी मितिः २०६८/१/२८, स्थान रौतहट) भएकी **श्रीमती गिता देवी ठाकुर**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल हटौंडा न.पा. वडा नं. ०५ बस्ने, **श्रीमती गिता देवी ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ५ सिट नं. ५ मा अवस्थित कि.नं. १३१३२ क्षेत्रफल ०-०-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा हेटौंडा शाखा कार्यालय मकवानपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०६/०३ गते ५:०० बजे भित्र यस बैंकको **हेटौंडा शाखा कार्यालय मकवानपुर**मा बुझाई सक्नु पर्ने छ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०६/०४ गते ३:०० बजे बैंकको **हेटौंडा शाखा कार्यालय मकवानपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। तर बोलपत्र दाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिने छ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिने छ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो, स्पष्ट खुलाई पेश गर्नु पर्ने छ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्ने छ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहने छ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो, सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्ने छ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईने छ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधी भित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्ने छ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्ने छ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्ने छ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुने छ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईने छ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **हेटौंडा शाखा कार्यालय मकवानपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

■ माओवादीको तीनमहिने अभियान

सुदूरपश्चिममा १६ सयजना परिचालन

धनगढी/ माओवादीले पार्टीको विशेष रूपान्तरण अभियानका लागि सुदूरपश्चिममा केन्द्रीय, प्रदेश, जिल्ला र क्षेत्रीय सदस्यहरूलाई वडावडामा खटाएको छ। माओवादी केन्द्रीय सचिव एवं सुदूरपश्चिम प्रदेश इन्चार्ज डिलाराम आचार्यले प्रदेशभरिका सात सय ३४ वडालाई ७९ वटा कमान्डमा विभाजन गरेर केन्द्रीय सदस्य वा सोसरहका नेताको नेतृत्वमा अभियान सञ्चालन भइरहेको जानकारी दिए।

अभियानबारे जानकारी दिन मंगलबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा सचिव आचार्यले प्रतिकमान्ड २० जनाका दरले प्रदेशभरि एक हजार ५८० जना गाउँबस्तीमा खटिएको बताए। अभियानमा खटिएका नेताहरूले पार्टी संगठनको अवस्था सुदृढ गर्नुका साथै जनतालाई प्रशिक्षित र संगठित गर्ने उनले बताए। माओवादीले नेताहरूलाई आफूले जिम्मा लिएको कमान्ड क्षेत्रका वडाहरूको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायत क्षेत्रका समस्याहरू अध्ययन गरेर प्रतिवेदन दिन पनि भनेको छ। ती क्षेत्रको विकास र आत्मनिर्भरताका लागि कुनकुन पक्षमा जोड दिने भन्नेबारेमा पनि सुझाव दिन भनिएको माओवादीले जनाएको छ। यसले विकासको आगामी रणनीति तय गर्न पनि सजिलो हुने प्रदेश इन्चार्ज आचार्यले बताए।

तीन महिने अभियानका क्रममा पार्टीका उच्च नेताहरूको वडास्तरीय बसाइबाट पार्टी संगठन सुदृढ हुनुका साथै संगठन सैद्धान्तिक, राजनीतिक रूपमा परिपक्क बन्ने उनको दाबी छ। 'अभियानबाट पार्टीको आन्तरिक तागत सुदृढ बनाउन खोजेको हो,' आचार्यले भने, 'माओवादी बलियो भए माओवादीले ल्याएका संघीयता, गणतन्त्र, समावेशिताजस्ता परिवर्तनकारी मुद्दा संस्थागत हुन्छन्।'

जसपाबाट अलग भएको दुई वर्षपछि संगठन विस्तारको अभियान चलाउँदै लोसपा

जनकपुरधाममा **हदिश खुद्दार**
वीरगन्जमा **तिवारी यादव**

पछिल्लो समय राजनीतिक गतिविधिमा सक्रिय नरहेको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले संगठन सुदृढीकरण र विस्तारका लागि 'आर स्क्वायर (समीक्षा र सुधार) अभियान चलाउने निर्णय गरेको छ।

जनता समाजवादी पार्टी (जसपा)बाट अलग भएको दुई वर्षपछि लोसपाले जिल्लादेखि बुथसम्म पार्टीको संगठन विस्तार गर्ने अभियान चलाउने भएको हो।

लोसपा मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनललले पार्टीले प्राविधिक कारणले लामो समयदेखि संगठन विस्तार र संगठन सुदृढीकरण गर्न नसके पनि अब जिल्लादेखि बुथसम्म पार्टीको संगठन विस्तार गरिने बताए। महोत्तरीको बर्दिवासमा भएको पार्टीको मधेश विस्तारित बैठकले पार्टीको संगठन विस्तार र सुदृढीकरण गर्ने निर्णय गरेको उनले बताए। लोसपाले केन्द्रीय समितिलाई केही दिनमै पूर्णता दिने निर्णय पनि गरेको छ।

लोसपाले संघियतालाई संस्थागत गर्न सरकारसँग माग पनि गरेको छ। संविधानको अनुसूची ६ को दफा १ मै प्रदेशको शान्ति सुरक्षाको जिम्मेवारी प्रदेश सरकारलाई दिएको बताउँदै अध्यक्ष सोनलले भने, 'प्रदेश प्रहरी ऐन निर्माण भए पनि अहिलेसम्म कार्यान्वय हुन सकेको छैन। प्रदेश प्रहरी कार्यान्वय ल्याउनुपर्छ भन्ने लोसपाको जोडदार माग हो।'

■ पाँच प्रदेश सांसदले बहिष्कार गरे बैठक

प्रदेशस्तरीय विस्तारित बैठकलाई लोसपाका पाँजजना प्रदेश सांसदले बहिष्कार गरेका छन्। लोसपा मधेश अध्यक्ष जितेन्द्र सोनल लामो समयदेखि पार्टीको कुनै गतिविधि नगरेको र सोनलकै व्यवहारको कारण पार्टी कमजोर हुँदै गएको आरोप लगाउँदै मधेश प्रदेशका संसदीय दलका नेता अभिराम शर्मासहितका पाँच जना सासदले वैठक वहिस्कार गरेका थिए। मधेशमा लोसपाका नौजना सांसद रहेका छन्। त्यसमध्ये दलका नेता शर्मा, सांसद तथा प्रदेशका मन्त्री रमेशप्रसाद कुर्मी, रानी शर्मा तिवारी, उपेन्द्र महतो रूपा यादवले वैठक वहिष्कार गरेका हुन्।

लोसपा स्रोतका अनुसार सोनल प्रदेश अध्यक्ष भएदेखि पार्टी कमजोर हुँदै गएको र पार्टीको गतिविधि नरहेको कारण कार्यकर्तामा निराशा फैलिएको आरोप लगाउँदै दलका नेता शर्माले वैठक वहिष्कार गरेका थिए। प्रदेशको विस्तारित बैठक गर्न सोनलले संसद्को लेवीबाट जम्मा हुने रकमबाट दुई लाख रुपैयाँ समेत माग गरेका थिए। शर्माले उक्त बैठकका लागि पैसा दिए पनि बैंठकमा भने सहभागी भएन। पार्टीको बैठकको व्यवस्थापन पार्टी अध्यक्षले गर्नुपर्ने हो, स्रोतले भनियो,' तर सोनलले पार्टीको बैठक गर्न पनि सांसदको लेबीको रकमबाट गरेकाले पनि दलका नेता शर्माले आपत्ति जनाएका थिए। यस सम्बन्धमा दलका नेता शर्माले कार्य-व्यस्थताका कारणले आफुले बैठकमा सहभागी नभएको बताए। उनले भने, 'अरू माननीय के कारणले बैठकमा जानुभएन मलाई थहा भएन। तर, म कार्यवस्थाका कारण बैठकमा सहभागी हुन सकेन।' स्रोतका अनुसार वैठक हुनुभन्दा एक दिन अघि नै सोनलको क्रियाकलाप प्रति असन्तुष्टि जनाउँदै दलका नेता शर्मा, रानी शर्मा तिवारी, रमेश पटेल पार्टी अध्यक्ष महन्थ ठाकुरसँग भेटर बैठकमा सहभागी नहुने जानकारी गराएका थिए। जवाफमा अध्यक्ष ठाकुरले असंतुष्ट सांसदहरूलाई तपाईहरूको इच्छा भनेर पठाएका थिए।

वामदेवको पार्टी संघीयता खारेजीको पक्षमा

नयाँ पत्रिका

एमालेबाट अलग भएर नेकपा एकता राष्ट्रिय अभियान पार्टी दर्ता गरेका पूर्वउपप्रधानमन्त्री वामदेव गौतम संघीयताको खारेजीको पक्षमा देखिएका छन्। केन्द्रीय कमिटीको बैठकले संसदीय व्यवस्था असफल भएको निष्कर्ष निकाल्दै संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा जानुपर्ने र संघीयता खारेज गरेर अघि बढ्नुपर्ने निष्कर्ष निकालेको हो।

महासचिव डिबी कार्कीले प्रदेश संरचना हटाएर स्थानीय तहलाई शक्तिशाली बनाउनुपर्ने उनले बताए। 'सरकार स्थिर नहुने, विकास निर्माणका काम नहुने, कुनै पनि योजना समयमा सम्पन्न नहुने, देशभित्र



रोजगारी पनि नपाइने विद्यमान अवस्थाबाट देशले निकास पाउँदैन,' उनले भने, 'संसदीय व्यवस्था असफल भयो। अब रुपान्तरित व्यवस्थामा जानुपर्छ। संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा जानुको विकल्प छैन।' गौतम राष्ट्रिय सभा सदस्य छन्।

देशभर एउटा निर्वाचन क्षेत्र मानेर पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट २०५ जनाको संघीय संसद् बनाउने, निर्वाचित सांसद मन्त्री बन्न नपाउने, विज्ञबाट मन्त्री बनाउने पक्षमा पार्टी उभिएको कार्कीले बताए। प्रत्येक निकायमा योग्यता र क्षमताका आधारमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने पक्षमा पार्टी रहेको उनको भनाइ छ।

तत्काल पार्टी एकता सम्भव नभएको निष्कर्ष निकाल्दै एकता अभियानले देशव्यापी रूपमा संगठन विस्तार गर्ने निर्णय पनि गरेको छ।

'तत्कालका लागि उपाध्यक्षहरूले प्रदेश हेर्ने, तत्कालीन अञ्चललाई क्षेत्र मानेर पूर्णकालीन कार्यकर्ता खटाउने निर्णय भएको छ। जनतामा आधारित भएर उत्पादनमा भाग लिने नीति लिएका छौं,' कार्कीले भने।

यसअघि गौतमले पार्टी एकताका लागि एमाले अध्यक्ष केपी ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायतका नेताहरूसँग छलफल गरेका थिए। तत्काल एकता सम्भव नभएको निष्कर्ष निकालेर संगठन सुदृढीकरणमा लाग्ने निर्णय भएको कार्कीले जानकारी दिए। एमाले, माओवादी र एकीकृत समाजवादीबीच एकता हुनुपर्ने पक्षमा गौतमले वकालत गर्दै आएका छन्।



नांगो गाउँको 'सुन सुन सन्दरी' सार्वजनिक

चलचित्र नांगो गाउँको 'सुन सुन सन्दरी' बोलको गीत सार्वजनिक भएको छ। सुष्मा सिग्देलले लेखेको गीतमा अञ्जु पन्त र एसडी योगीको आवाज छ। दीपेन्द्र लामाले निर्देशन गरेको चलचित्रमा दयाहाङ र मिरुनासँगै साम्राज्ञी शाह, शिशिर वाइदेल, बुद्धि तामाङ, रवीन्द्र झा, विशाल पहाडी, अंकित खड्का, राज थापा, कमलमणि नेपाल, पुष्कर गुरुङलगायत कलाकारको अभिनय छ।



ओटिटीमा जेलर

दक्षिण भारतीय सुपरस्टार रजनीकान्तको फिल्म 'जेलर' ओटिटी प्लेटफर्ममा प्रदर्शन हुने भएको छ। यो फिल्म सेप्टेम्बर ७ देखि अमेजन प्राइम भिडियोमा प्रदर्शन हुने भएको हो। फिल्ममा रजनीकान्तसँगै मोहनलाल, शिव राजकुमार, ज्याकी श्राफ, तमन्ना भाटिया, राम्या कृष्णन, सुनीललगायत कलाकारको अभिनय छ।

कोठामा कस्ता बिरुवा रोप्ने ?




दीपेन्द्र तुलाधर
सञ्चालक, गमलाघर



- **पोनीटेल पाम** : पोनीटेल पाम निकै सुन्दर बिरुवा हो। यसको लामो र पातलो पातले ताजा अक्सिजन सप्ताई गर्छ। हावा शुद्ध बनाउँछ।
- **ड्रेकेना** : यसले कोठामा पर्याप्त हावा फैलाउँछ। र, हावालाई शुद्ध पनि राख्छ। यसलाई भरपुर रुपमा अप्रत्यक्ष प्रकाश चाहिन्छ।
- **रबर प्लान्ट** : रबर प्लान्ट बहुगुणी विरुवा हो। यो निकै सुन्दर देखिन्छ। यसले हावामा रहेको कार्बनडाइअक्साइडको मात्रा सोस्छ। कम प्रकाशमा पनि यो राम्ररी हुर्कन्छ।
- **जर्बेरा डेजी** : यो निकै सुन्दर बिरुवा हो। यसको फूल सेतो र हल्का पहेँलो रङको हुन्छ।
- **स्नेक प्लान्ट्स** : स्नेक प्लान्ट्सले रातको समयमा कार्बनडाइअक्साइड सोस्छ। यसले एलर्जी कम गर्न पनि सघाउँछ। यसलाई घरको कुनै पनि कोठामा लगाउँदा हुन्छ , बैठक कोठामा सजाउँदा राम्रो देखिन्छ।
- **पिस लिली** : पिस लिली 'एयरप्युरिफाई' प्लान्ट हो। यसले शान्ति र सौन्दर्य दुवै प्रदान गर्छ। आकर्षक देखिने भएकाले यो प्लान्टलाई घरभित्रै सजाउन सकिन्छ। यसको फूल सेतो रङको हुन्छ, जो निकै आकर्षक देखिन्छ। यसलाई गमलामा रोपेर तपाईंको बैठक कोठामा सजाउन सकिन्छ।
- **विपिङ फिग** : यसका पातहरू निकै चम्किला हुन्छन्। यसले पनि वातावरणको हावालाई शुद्ध गर्छ। यसलाई कोठामा कम प्रकाश हुने ठाउँमा राख्नुपर्छ।
- **फिलोडेन्ड्रोन** : यसका पातहरू चम्किलो गहिरो हरियो हुन्छन्। यसलाई घरको जुनसुकै कुनामा राख्न सकिन्छ।
- **पोथोस** : पोथेस घरका जुनसुकै कोठामा पनि राख्नस सकिन्छ। धेरै राम्रो बैठक कोठामै राख्दा हुन्छ। पोथोसको गमलालाई ह्यांगिङ बास्केटमा राख्न पनि सकिन्छ।

पित्तथैलीमा पत्थरी लक्षण र उपचार विधि



नेपालमा पित्तथैलीमा पत्थरी हुने बिरामीको संख्या बढ्दो छ। मोटोपन भएका मान्छे र महिलामा यो समस्या धेरै देखिने गरेको छ। प्रायः ४० वर्षआसपासको मान्छेमा यो समस्या धेरै देखिने गरेको छ। कतिपय समय सानो उमेरका मानिसहरू पनि यो समस्या लिएर अस्पताल आएका हुन्छन्। वंशानुगत कारणले पनि यस्तो समस्या देखिने गरेको छ।



डा. उदय कोइराला
जनरल सर्जन, काठमाडौं मोडेल अस्पताल

लक्षण

- पित्तथैलीमा पत्थरीको लक्षण ग्यास्ट्रिकको जस्तो हुन्छ। अधिकांश मानिस ग्यास्ट्रिक भनेर बसेका हुन्छन्। मुटुको भागभन्दा मुनि दुखाइ हुन्छ।
- दायाँपट्टिको कोखामा दुखाइ महसुस हुन्छ। कसैलाई देब्रे कोखामा पनि दुखाइ हुन्छ।
- पेट फुलेजस्तो महसुस हुन्छ। खाना खाएपछि धेरै पेट दुखाइ हुन्छ। खानापछि धेरै दुखाइ भयो भने पत्थरी नै सम्झँदा हुन्छ।
- चिल्लो खाँदा पेट दुस्स हुन्छ। खाना खाएपछि पखाला पनि लाग्न सक्छ।

उपचार विधि

- पेटको अल्ट्रासाउन्ड गरेपछि मात्रै पित्तथैलीमा पत्थरी भए/नभएको पत्ता लाग्छ। खाली पेटमा अल्ट्रासाउन्ड गरेर जाँच गर्नुपर्छ। पत्थरी नलीमा गएर अड्कियो भने जन्डिस हुने सम्भावना हुन्छ। त्यसपछि सहन नसक्ने दुखाइ हुन सक्छ। पाचन ग्रन्थि सुन्निन सक्छ। त्यसैले धेरै लक्षण नहुँदा उपचार गर्नुपर्छ। जन्डिस भयो भने कलेजोमा इन्फेक्सन हुन सक्छ। पत्थरी ठूलो छ र लामो समय भइसकेको छ भने क्यान्सर हुने खतरा पनि हुन्छ।
- पित्तथैलीमा मासु पलाएर एक सेन्टिमिटरभन्दा ठूलो छ भने क्यान्सर हुने सम्भावना हुन्छ। त्यसका लागि सिटिस्क्यान गरेर जाँच गरिन्छ। सिटिस्क्यान, एमआरसिपी र अल्ट्रासाउन्ड जाँच गरेपछि मात्रै थाहा हुन्छ। कहिलेकाहीं पित्तथैलीको कारण मात्रै दुखाइ नहुन सक्छ, त्यस्तो अवस्थामा इन्डोस्कोपी गर्नुपर्छ। कहिलेकाहीं पेटमा अल्सर हुँदा पनि दुख्न सक्छ, त्यसलाई छुट्याउन यसरी जाँच गरिन्छ।
- पत्थरी मात्रै निकाल्यो भने पित्तथैलीमा नयाँ समस्या देखिन सक्छ। त्यसैले अप्रेसन गरेर पित्तथैली पूरै निकाल्नुपर्ने हुन्छ। पित्तथैली निकाल्नु भनेको पित्त निकाल्नु होइन। पित्तको 'सोर्स' भनेको कलेजो हो। कलेजोले पित्त उत्पादन गरी नै रहन्छ। खाना पचाउने काम पित्तले गरिरहन्छ। पित्तथैलीको अप्रेसन गर्दा चिरेर र ल्याप्रोस्कोपी प्रविधिबाट प्वाल पारेर गर्न सकिन्छ। चिरेर गरे पनि ल्याप्रोस्कोपी विधिबाट प्वाल पारेर गरे पनि तरिकाचाहिँ उस्तै हो।
- पित्तथैलीको कारणले दुखाइ बढी छ, ज्वरो आएको छ भने तत्कालै अप्रेसन गर्नुपर्ने हुन्छ। तर, पाचन ग्रन्थिमै असर गरिसकेको छ भने केही पर्खेर गर्नुपर्ने हुन्छ। सुन्निएको छ, दुखाइ धेरै भएको छ भने दूरबिन प्रविधि (ल्याप्रोस्कोपी विधि) बाट नै अप्रेसन गर्न सकिन्छ। पित्तथैलीको अप्रेसनपछि केही समय आराम गर्नुपर्छ। खानेकुरामा केही बार्नुपर्दैन।

कस्तो अवस्थामा अप्रेसन नगर्ने ?

- पित्तथैलीमा पत्थरी भएपछि अप्रेसन नै गर्नुपर्छ भन्ने हुँदैन। जसलाई ग्यास्ट्रिक छैन, चिल्लो खाँदा दुखाइ हुँदैन, त्यस्ता व्यक्तिले अप्रेसन गर्नुपर्दैन। त्यसले केही असर गर्दैन।
- यदि ६० वर्षमाथिका मान्छेलाई पत्थरीको कुनै लक्षण देखिएन भने अप्रेसन गर्नुपर्दैन।
- मधुमेहको समस्या भएका, पित्तथैली बाक्लो हुँदै गएका, अन्य रोगको औषधि लिइरहेका मान्छेले लक्षण नभए पनि अप्रेसन गर्नुपर्छ।
- लक्षण नदेखिएको मान्छेले चिल्लो कम खानुपर्छ। चिल्लोले पत्थरी गराउँदैन, तर दुखाइ धेरै गराउन सक्छ। पेट भारी हुने गरी खानुहुँदैन।

ट्रेकिङ जाँदा बोक्नौं यस्ता खानेकुरा



सञ्जीव गुरुङ
पथप्रदर्शक, ट्रिप हिमालय ट्रेक्स एन्ड एक्सपिडिसन

ट्रेकिङ जाँदा भनेकै ठाउँमा होटेल-रेस्टुरेन्ट नभेटिन सक्छ। त्यसैले आफूलाई चाहिन सक्ने खानेकुरा बोक्न बिर्सन हुँदैन। हाइजेनिक खानेकुरा खाइरहने गर्नुपर्छ। सकेसम्म इनर्जी दिने चकलेटहरू बोक्दा राम्रो हुन्छ। किनभने, धेरै भारी पनि हुँदैन, खाँदा पनि इनर्जी दिन्छ।

पानी बोक्न भुल्नुहुँदैन। तपाईंको शरीर हाइड्रेट रहन आवश्यक छ। कम्तीमा पनि तीन लिटर पानी यात्राका क्रममा तपाईंसँग हुनुपर्छ। पानीको बोतलसँगै पानी शुद्धीकरण गर्ने पियूष पनि बोक्नु राम्रो हुन्छ।

लामो दूरीको ट्रेकिङ गर्दै हुनुहुन्छ भने इनर्जी ड्रिंक्स बोक्न नबिर्सनुस्। यसले तपाईंको शरीरलाई ऊर्जा दिन्छ।

कफी वा टी-ब्याग पनि बोक्नु राम्रो हुन्छ। यसले तपाईंको मुड फ्रेस गर्छ र इनर्जी पनि दिन्छ। नट र चकलेट बोक्दा धेरै भारी हुँदैन, यो निकै पोषक तत्त्वले भरिएको हुन्छ।

ड्राई फ्रुट्सले पनि तपाईंलाई इनर्जी दिन्छ। यसमा शरीरलाई आवश्यक पर्ने प्रोटिनको मात्रा प्रचुर हुन्छ। तपाईंले स्याउ, अंगुर, सुन्तला, केरालगायत केही ताजा फलफूल पनि बोक्न सक्नुहुन्छ। बिस्कुट, पाउरोटीलगायत तयारी खानेकुरा पनि बोक्नुपर्छ। मैदा नभएर जौबाट बनेका खानेकुरा बोक्नु राम्रो हुन्छ। तयारी चाउचाउ पनि साथमा बोक्दा हुन्छ।

मोबाइल सुरक्षित राख्न...



- मोबाइल सुरक्षित राख्नका लागि राम्रो खालको कभर र स्क्रिन पोटेक्टर प्रयोग गर्नुस्। यसले स्क्रयाच हुनबाट तथा कहिलेकाहीं खस्दा पनि स्क्रिन फुट्नबाट जोगाउँछ।
- नियमित रूपमा मोबाइललाई नरम कपडाले पुछ्ने गर्नुस्। सफा गर्ने नाममा कडा खाले केमिकलयुक्त तरल पदार्थको प्रयोग नगर्नुस्।
- मोबाइललाई अति चिसो र अति तातो हुन दिनुहुँदैन। यसले ब्याट्री र परफर्मेन्समा नकारात्मक प्रभाव पार्छ।
- जतनसाथ चलाउनुस्। अनावश्यक फाइल तथा एपहरू डिलिट गरेर स्टोरेजलाई व्यवस्थापन गर्नुस्। सफ्टवेयर अप टु डेट राख्नुस्। कम्पनीले सिफारिस गरेका चार्जर, केबल र सामग्रीहरू मात्रै प्रयोग गर्नुस्। आवश्यकताभन्दा कम र धेरै चार्ज नगर्नुस्। ब्याट्री कम्तीमा २० देखि ८० प्रतिशतसम्म चार्ज हुनु राम्रो मानिन्छ।

बुसानमा छानिए तीन नेपाली सिनेमा



गुराँस

साक्षी रूख

गाउँ आएको बाटो

यस वर्ष बुसान इन्टरनेसनल फिल्म फेस्टिभलमा तीन नेपाली फिल्म छानिएका छन्। नवीन सुब्बा निर्देशित 'गाउँ आएको बाटो'सँगै 'साक्षी रूख' (दी विट्नेस ट्री) र 'गुराँस' कोरियाको प्रतिष्ठित एसियाली फिल्म फेस्टिभल बुसानमा छनोट भएका हुन्।

नीरञ्जनराज भेटवालको लेखन तथा निर्देशन रहेको 'साक्षी रूख' फेस्टिभलको 'एसियन सर्ट फिल्म कम्पिटिसन'अन्तर्गत छनोट भएको हो। त्यसैगरी, सौरभ राई निर्देशित 'गुराँस' 'अ विन्डो अन एसियन सिनेमा' अन्तर्गत छनोट भएको हो। सुब्बाको 'गाउँ आएको बाटो' पनि 'अ विन्डो अन एसियन सिनेमा' अन्तर्गत नै छनोट भएको हो।

नेपाल र भारतको संयुक्त निर्माणमा बनेको 'गुराँस'का निर्माता रामकृष्ण पोखरेल हुन्। यसअघि यो फिल्म युरोपको 'द कार्लोभी भारी इन्टरनेसनल फिल्म फेस्टिभल'मा वर्ल्ड प्रिमियर भएको थियो। फिल्मले नेदरल्यान्डको स्क्रिप्ट डेभलपमेन्ट फन्डअन्तर्गत फन्ड जितेको थियो। बुसान इन्टरनेसनल फिल्म फेस्टिभल कोरियाको बुसान सहरमा अक्टोबर ४ देखि १३ सम्म सञ्चालन हुनेछ।

कुन समयमा कहाँ गर्ने योग ?



विजय सापकोटा
योग प्रशिक्षक
सम्बोधी योग केन्द्र

स्वस्थ रहनका लागि योग गर्न जरुरी छ। यसले मस्तिष्कलाई सकारात्मक ऊर्जा दिन्छ। तर, सही विधिअनुसार योग गर्न सकिएन भने यसका साइड इफेक्ट देखिन्छन्। त्यसैले हामीले कुनै पनि योगासन गर्नुअघि योग प्रशिक्षकसँग त्यसबारे आधारभूत जानकारी लिनु राम्रो हुन्छ।

- **स्थान** : योग गर्न शान्त र स्वच्छ ठाउँको जरुरी हुन्छ। धुलोधुवाँ नभएको ठाउँमा गर्नुपर्छ। यसका लागि होहल्ला नहुने ठाउँ आवश्यक पर्छ। कौसी, खुला कोठा, बगैंचालगायतका ठाउँमा योग गर्नु राम्रो हुन्छ।
- **समय** : योग गर्नका लागि बिहान-साँझको समय उत्तम हुन्छ। बिहान खाना खानुअघि र बेलुकी खाना खानुअघि गर्नुपर्छ। खाना खाएपछि वा पानी पिएपछि तुरुन्तै योग गर्नुहुँदैन। खाना खाएको कम्तीमा तीन-चार घन्टापछि गर्नुपर्छ।
- **श्वासप्रश्वासमा ध्यान** : योग गर्दा, आसन गर्दा श्वासप्रश्वासलाई ध्यान दिएर गर्नुपर्छ। आसन गर्दा पनि सचेत भएर गर्नुपर्छ। जति सचेत भएर गरिन्छ, त्यसले त्यति नै बढी फाइदा गर्छ।
- **शारीरिक अवस्था** : योग गर्नुअघि आफ्नो शारीरिक अवस्था बुझेर गर्नु राम्रो हुन्छ। खासगरी, भर्खर शल्यक्रिया गरिएको मान्छेले योग गर्नुहुँदैन। अन्य स्वास्थ्य समस्या देखिएका मानिसले कुन योगासन गर्ने भनेर प्रशिक्षकसँग सल्लाह लिनुपर्छ। किनकि, सबै आसन सबैका लागि उपयोगी हुँदैनन्।

चस्माको जतन यसरी



- चस्माको लेन्स सानो ठक्करबाट पनि चर्किने तथा फुट्ने खतरा रहन्छ। तसर्थ, लगाउँदा र फुकाल्दा विशेष ध्यान दिनुहोस्। चस्माको लेन्स कडा टेबल या भुइँमा राख्नुहुँदैन, जसले लेन्स धमिलो हुन्छ।
- फेसनको नाममा टाउको वा निधारमा चस्मा लगाउने गर्नाले फ्रेम खुकुलो हुन्छ। पछि गएर खस्ने डर हुनुका साथै आकर्षक पनि देखिँदैन। चस्मा सफा गर्ने कपडा सधैं सफा हुनुपर्दछ। फोहोर कपडा प्रयोग गर्दा कोरिने सम्भावना हुन्छ।
- चस्माको लेन्स या फ्रेम अत्यधिक तापक्रममा खुइलिने तथा बिग्रिने हुन्छ। तसर्थ, ८० डिग्री फरेनहाइटभन्दा बढी तापक्रमबाट जोगाउनुपर्छ।
- चस्मा सफा गर्दा नरम साबुन र हल्का तातो पानीको प्रयोग गर्न सकिन्छ।

महिलालाई सुन्दर देखाउने हेयर स्टाइल

हेयर स्टाइलले हामीलाई परफेक्ट लुक्स दिन्छ। तपाईं हेयर स्टाइलमा बदलाव ल्याएर आफ्नो लुक्समा पनि बदलाव ल्याउन सक्नुहुन्छ। हेयर स्टाइल आकर्षक बनाउँदा व्यक्तित्वमा निखार आउँछ र आत्मविश्वास पनि बढ्छ। आजकल विभिन्न डिजाइनका हेयर स्टाइल बजारमा चलेका छन्। अनुहारको सेप र आफूले लगाउने पहिरनलाई ध्यानमा राखेर सुहाउँदो हेयर स्टाइल बनाउँदा आकर्षक देखिन्छ।

विवाहित महिला हुनुहुन्छ, साडी लगाउँदै हुनुहुन्छ भने आफ्नो कपाललाई सर्लक्क कोरेर, पछाडि लगेर लो फन्स बन गरेर बनाउनुभयो भने राम्रो देखिन्छ।

कुर्ता लगाउँदै हुनुहुन्छ, अविवाहित हुनुहुन्छ भने कपाललाई स्ट्रेट बनाएर आइरन गरेर छोड्न पनि सकिन्छ। सिउँदो कताबाट फर्काउने भन्ने पनि ध्यान दिनुपर्छ। अगाडि कपाललाई बफ गर्दा पनि राम्रो देखिन्छ। मेकअप कस्तो गरिएको छ, कस्तो कपडा लगाउँदै हुनुहुन्छ, त्यसले पनि फरक पार्छ।



ध्यान दिनुपर्ने कुरा

सुरुमा कपाल नुहाएपछि हिट प्रोटेक्टरको प्रयोग गर्नुपर्छ। अनि आइरन प्रयोग गर्नुपर्छ। आइरनको प्रयोग गर्दा कपाल डढ्ने, जल्ने समस्या पनि हुन सक्छ। यसतर्फ ध्यान दिनुपर्छ। आइरन गरेको छ वा हेयर कलर गरेको छ भने हेयर सेटिङ स्प्रे प्रयोग गर्न सकिन्छ। हेयरलाई ट्रिट गर्दा ट्रिटमेन्ट क्रिम लगाएर एकछिन राखेर धुँदा राम्रो हुन्छ। यस्तो गरे कपाल ड्यामेज हुने, कपालमा समस्या आउने कम हुन्छ।

कहाँ जान हिँडेका थियौं, कहाँ आइपुग्यौं ?

जनताको जीवनस्तरमा कति गुणात्मक सुधार भयो, आर्थिक विकासको अवस्था के रह्यो तथा राष्ट्रियता र प्रजातन्त्र कति सुदृढ भयो त ?



● कमल थापा

अग्रलेख

०६२/६३ को सडक आन्दोलन राजदरबार र आन्दोलनकारी दलबीच भद्र सहमति भएपछि अन्त भएको थियो । राजाले ०६३ साल वैशाख ११ गते गरेको सम्बोधनको मस्यौदा गर्ने तथा उपरोक्त सहमति निर्माण गर्ने प्रमुख पात्रमध्ये गिरिजाप्रसाद कोइरालाको निधन भइसके पनि रामचन्द्र पौडेल, माधव नेपाललगायत कतिपय नेता जीवित हुनुहुन्छ ।

सोही सहमतिको आधारमा राजाबाट तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा ०५८ सालमा विघटन भएको प्रतिनिधिसभा पुनः स्थापित भएको थियो । राजाबाट आन्दोलनका कमान्डर गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री पदमा नियुक्त गरिएको थियो ।

दरबार र आन्दोलनकारीबीच भएको भद्र सहमतिको मूल मर्म '०४७ सालको संविधानमा टेकेर संविधानसभाको चुनाव गर्ने तथा संविधानसभाबाट राजसंस्थासहितको नयाँ संविधान निर्माण गर्ने' रहेको थियो । तर, तत्काल कायम रहेका प्रमुख राजनीतिक दलले सो सहमतिको अवज्ञा गरे, राजा र नेपाली जनतालाई धोका दिए ।

बाह्य शक्तिहरूको दबाब र प्रभाव तथा उग्रवामपन्थी माओवादीको अगुवाइमा आन्दोलनको रापतापको मौका छोपेर राष्ट्रिय अस्तित्वका धरोहर, राज्यसंरचना र सामाजिक सांस्कृतिक व्यवस्थालाई भत्काउने काम गरियो । आन्दोलनका दौरान कहीं कतै नेपालको हिन्दूराष्ट्रको पहिचान समाप्त पार्ने आवाज उठेको थिएन । तर, आन्दोलन सकिएको २३औं दिन अर्थात् ०६३ साल जेठ ४ गते बसेको पुनः स्थापित प्रतिनिधिसभाको बैठकले पहिलो आक्रमण हिन्दूराष्ट्रमाथि गऱ्यो । सो दिन विनाकुनै छलफल संविधानमा रहेको हिन्दूराष्ट्रसम्बन्धी व्यवस्थालाई समाप्त पारी तथाकथित 'धर्मनिरपेक्षता' लाद्ने काम गरियो ।

राजदरबार र आन्दोलनकारीबीच भएको भद्र सहमतिविपरीत ०४७ मा बहुदलीय व्यवस्था पुनर्स्थापनापश्चात् स्वयं आन्दोलनकारी शक्तिले बनाएको 'नेपाल अधिराज्यको संविधान'लाई ध्वस्त पारी कथित अन्तरिम संविधान जारी गरियो र राजालाई 'एम्बुस'मा पारेर पाखा लगाउने काम भयो ।

देशी-विदेशी शक्ति मिलेर गरिएका ती कार्यलाई जनमुखी र राष्ट्रहितको आवरण प्रदान गर्न रातारात आन्दोलनको रापतापमा नयाँ भाष्य तयार गरियो । 'देशले भोग्नुपरेको रोग, भोक, अशिक्षा, गरिबी र पछौटेपनको मुख्य कारक राजसंस्था, हिन्दूधर्म र एकात्मक राज्यप्रणाली हो' भन्ने भ्रामक भाष्य निर्माण गरियो । सो भाष्यलाई 'गोयबल्स' शैलीमा नागरिक समाज, बुद्धिजीवीवर्ग र आमसञ्चार माध्यमलाई प्रयोग गरी नेपाली जनमानसमा स्थापित गर्ने अभियान चलाइयो ।

राजसंस्थालाई पाखा लगाएर हिन्दूराष्ट्रको पहिचान समाप्त पारी एकात्मक राज्यप्रणालीलाई अन्त गर्दै गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता कायम भएको डेढ दशक पूरा भएको छ । यस अवधिमा जनताको जीवनस्तरमा कति गुणात्मक सुधार भयो, आर्थिक विकासको अवस्था के रह्यो तथा राष्ट्रियता र प्रजातन्त्र कति सुदृढ भयो भन्नेबारे निष्पक्ष समीक्षा गर्नु आवश्यक भएको छ ।

जनतालाई मालिक बनाउने, सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्ने, गरिबी हटाउने, सदियौंदेखिको दासताबाट मुक्त तुल्याउने तथा समृद्ध नेपाल निर्माण गर्नेजस्ता आकर्षक नारा दिएर ०६३ सालमा सुरु गरिएको राजनीतिक यात्रा अहिले ठिकविपरीत गन्तव्यमा पुगेको छ । वर्तमान अवस्थामा नेपाल संसारकै सबैभन्दा भ्रष्ट मुलुकको सूचीमा पर्न गएको छ । तस्करी र आर्थिक अनियमितता व्यापक भएको छ । भ्रष्ट एवं स्वार्थी राजनीतिक नेता, व्यवसायी र कर्मचारीको त्रिकोणात्मक गठबन्धनले देशमा ब्रह्मलुट मच्चाइरहेको छ । राज्यसंयन्त्र एवं उच्च राजनीतिक र प्रशासनिक नेतृत्वको प्रत्यक्ष संरक्षणमा मानव तस्करी, सुन तस्करी र सरकारी जग्गा कब्जाजस्ता जघन्य र संगठित अपराध भइरहेका छन् । कानुनको पालना गराउनुपर्ने तथा अपराध नियन्त्रण गर्ने जिम्मेवारी बोकेको राज्य नै भ्रष्टाचारमा संलग्न गराइएको छ ।

सर्वसाधारण जनता दुई छाक खान, एकसरो लगाउन, छोराछोरी पढाउन र बिरामी पर्दा उपचार गर्न नसकेर कष्टकर जीवन भोगिरहेका छन् । अर्कोतर्फ कुनै दृश्य र वैधानिक आयस्रोत नभएका टाठाबाठा नेता रातारात करोडपति र अर्बपति भएका छन् । करिब आधा दर्जन नेताले विदेशी बैंकहरूमा अर्बौं रुपैयाँ लुकाएर राखेका छन् ।

आर्थिक संकटले जनजीवन अत्यन्त कष्टकर भएको छ । सहकारी, मिटरब्याजी र बैंकको ऋणले सर्वसाधारण जनता पीडित भएका छन् । महँगी बढेको छ, जनताको क्रयशक्ति घटेको छ । देशभित्र सामान्य रोजगारीको समेत अवसर नहुँदा लाखौंको संख्यामा



नेपालीहरू बिदेसिन बाध्य भएका छन् । रोजगारीको खोजीमा नेपाली युवा युद्धरत रुस र युक्रेनका सेनामा समेत भर्ती हुन बाध्य भएका छन् ।

धर्म परिवर्तनको डढेलोले सनातन धर्म, संस्कृति र परम्परालाई नकारात्मक असर पारिरहेको छ । मौलिक नेपाली पहिचान र सांस्कृतिक एकताको आधार खलबलिएको छ । सदियौंदेखि नेपाली समाजमा कायम रहँदै आएको सद्भाव बिथोलिएर धार्मिक, सांस्कृतिक द्वन्द्वमा देश पर्न सक्ने खतरा देखिएको छ । धरानमा हालै भएको गौहत्या र त्यसपछिको प्रतिक्रियाले यो तितो यथार्थलाई संकेत गर्छ ।

विदेशी शक्तिको चलखेल र प्रभाव तीव्र रूपले बढेर गएको छ । नेपाल बिस्तारै अन्तर्राष्ट्रिय महाशक्तिको रणनीतिक प्रतिस्पर्धास्थल बन्दै गइरहेको छ । विश्वरंगमञ्चमा नेपालको प्रतिष्ठा र विश्वसनीयतामा ह्रास आएको छ । नेपालका राजनीतिक दलमा चुनाव जित्न, सत्तामा पुग्न र टिकेर बस्न विदेशी प्रभुहरूको आशीर्वाद र सहयोग चाहिन्छ भन्ने आत्मसमर्पणवादी मानसिकताले नराम्रोसँग जरो गाडेको छ । लोकतन्त्रको आवरणमा सर्वसत्तावादी प्रवृत्ति हाबी भएको छ । राज्यका सबै संयन्त्र, संवैधानिक अंग, न्यायपालिका पार्टीकरणको चपेटामा परेका छन् । सत्ता र विपक्षमा रहेका केही सीमित राजनीतिक दलका सीमित नेताहरूले सिन्डिकेट खडा गरी भागबन्डाको शैलीमा राज्यसत्ता कब्जा गरेका छन् । कानुनी राज्यको मान्यताको बारम्बार उपहास भइरहेको छ । मुलुकको वर्तमान अवस्थालाई निष्पक्ष ढंगबाट समीक्षा गर्दा स्वाभाविक रूपले प्रश्न उठ्छ, हामी कहाँ जान हिँडेका थियौं र अहिले कहाँ आइपुग्यौं ? के यही हो आमूल परिवर्तन ? के यही हो सदियौंदेखिको दासताबाट मुक्ति ?

> सर्वसाधारण जनता दुई छाक खान, एकसरो लगाउन, छोराछोरी पढाउन र बिरामी पर्दा उपचार गर्न नसकेर कष्टकर जीवन भोगिरहेका छन् । अर्कोतर्फ कुनै दृश्य र वैधानिक आयस्रोत नभएका टाठाबाठा नेता रातारात करोडपति र अर्बपति भएका छन् ।

निश्चय पनि होइन । इमानदारीपूर्वक स्वीकार गर्नुपर्छ, ०६३ सालको परिवर्तनपछि हामीले बाटो बिराएका छौं । देशले भोग्नुपरेको भोक, रोग, अशिक्षा, गरिबी र पछौटेपनको मुख्य कारक राजसंस्था, हिन्दूधर्म र एकात्मक राज्यप्रणाली हो भन्ने भाष्य नै गलत थियो । सोही भाष्यको जगमा देशभित्रको उग्रवामपन्थी शक्ति र बाह्य शक्तिले आफ्नो निहित स्वार्थ परिपूर्तिका निम्ति नेपालको आर्थिक विकास र समृद्धिको अचुक औषधि हो भन्दै लादेको गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको सोच र मार्गचित्र नै गलत थियो ।

देशले हाल भोग्नुपरेको संकट र समस्याको मूल जड पनि यही हो । यो तितो सत्यलाई स्विकार्न धेरैलाई कठिन हुन्छ । तर, यथार्थ यही हो । सैद्धान्तिक रूपमा गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता आफैंमा गलत वा सही, सफल-असफल भन्ने हुँदैन । प्रत्येक देशको आफ्नै विशिष्ट भूराजनीतिक परिवेश, सामाजिक सांस्कृतिक अवस्था तथा समाजको वर्गीय चरित्र, स्वभाव र विकासक्रम रहेको हुन्छ । फरक-फरक इतिहास र भूगोल रहेको हुन्छ । उपरोक्त तथ्यले राजनीति र राष्ट्र निर्माणको मार्गचित्रलाई निर्धारण गर्छ । राजनीतिक व्यवस्था, राज्यसंरचना र नीतिनिर्माण गर्दा यो धरातलीय यथार्थलाई उपेक्षा गर्न सकिन्न ।

यो वास्तविकतालाई हृदयंगम गर्दै यदि देशमा दिगो शान्ति र स्थायित्व चाहने हो भने मुलुकको सर्वाङ्गीण विकास र जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्ने हो भने विगतका त्रुटि, कमजोरी सच्याएर अघि बढ्ने साहस गर्नुपर्छ । विदेशीको उक्साहट र उग्रवामपन्थी शक्तिहरूको अतिवादी महत्त्वाकांक्षाको तुष्टीकरणको निम्ति कायम गरिएको असफल अवधारणाको बोझलाई बिसाउने हिम्मत गर्नुपर्छ ।

कुनै पनि व्यवस्था वा प्रणाली साध्य होइनन्, ती केवल साधन मात्र हुन् । जनताको अवस्थामा सुधार ल्याउन नसक्ने तथा राष्ट्रको हित गर्न नसक्ने व्यवस्थालाई सुधार, परिमार्जन र आवश्यक भए परिवर्तन पनि गर्नुपर्छ । तसर्थ अबको गन्तव्य, संघीय गणतन्त्रको नाउँमा कायम रहेको भ्रष्ट व्यवस्थाको अन्त्य हो र हुनुपर्छ ।

संघीय गणतन्त्रको नाउँमा खडा भएको भ्रष्ट व्यवस्थाको अन्त्य गर्ने प्रस्ताव अघि सार्नेबित्तिकै स्वाभाविक प्रश्न उठ्छ- यो व्यवस्था अन्त भएपछि आउने व्यवस्था के हो ? त्यो व्यवस्थाको सार र रूप कस्तो हुनेछ ? के ०६३ सालभन्दा अघिको व्यवस्थामा फर्कन खोजेको हो ?

यस सम्बन्धमा नेपाली जनताको स्पष्ट धारणा छ, अब पछि फर्कन सकिन्न र त्यो उपयुक्त पनि हुँदैन । हामी अघि नै बढ्ने हो । भावी व्यवस्थाका सम्बन्धमा न्यूनतम सर्त भनेको : (क) सबै शक्ति र विचार अटाउने प्रणाली (कसैले पनि निषेधित भएको महसुस नगरोस्), (ख) राष्ट्रियता सर्वोपरि साध्य, (ग) सनातन धर्म संस्कृति र परम्परा र इतिहासको रक्षा, (घ) जनसम्प्रभुता, (ङ) प्रजातन्त्र, सुशासन र कानुनी राज्यको पूर्ण प्रत्याभूति हो ।

राजा महेन्द्र, बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, पुष्पलाल श्रेष्ठ, मदन भण्डारीलगायत नेताले विभिन्न कालखण्डमा आत्मसात् गरेका राष्ट्रियता, मेलमिलाप, सहअस्तित्व र सहकार्यको संस्कार र मान्यतालाई फेरि एकपटक पुनर्जागृत गर्नुपरेको छ । पुनर्जागरण प्रतिगमन होइन, इतिहासप्रति गौरव गर्दै अघि बढ्ने निरन्तरतासहितको परिवर्तन हो । यस कार्यमा कसैले पनि हीनताबोध गर्नुहुँदैन । जनसम्प्रभुता, सर्वधर्म समभाव र पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दूराष्ट्र, राजसंस्थासहितको प्रजातन्त्र, सुदृढ स्थानीय स्वायत्त शासन प्रणाली र सुशासनको धरातलमा नेपाली संस्करणको मौलिक प्रजातन्त्र नै देशको आवश्यकता हो ।

३ प्रश्न

ऊर्जासचिव **दिनेश घिमिरे**लाई



भारतको मन्त्रिपरिषद्ले नेपाल–भारत मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अन्तरसरकारी सम्झौतापत्रको मस्यौदा स्वीकृत गरेको छ, अब सम्झौतापत्रमा कहिले हस्ताक्षर हुन्छ ?

हो, भारतको मन्त्रिपरिषद्ले उक्त मस्यौदा स्वीकृत गरेको छ । यो एकदम स्वागतयोग्य विषय हो । यद्यपि, यसको औपचारिक पत्र आउन भने बाँकी नै छ । सम्झौतापत्रमा हस्ताक्षर गर्ने कार्यक्रम काठमाडौंमै हुनेछ । औपचारिक पत्र आएपछि भारतको विद्युत् सचिवलाई सम्झौतापत्रमा हस्ताक्षर गर्न निम्तो पठाउँछौं । उहाँ आएपछि समझौतापत्रमा हस्ताक्षर हुनेछ र कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ ।

यसबाट नेपाललाई हुने फाइदा के हो ?

यसको मुख्य फाइदा भनेको नेपाली बिजुलीको लागि भारतीय बजार सुनिश्चित हुनेछ । अहिले प्रारम्भिक चरणमा १० वर्षमा १० हजार मेगावाट विद्युत् बिक्री गर्ने लक्ष्य राखिएको छ । तर, यो सम्झौतापत्रको अवधि २५ वर्षको छ । अब २५ वर्षसम्म नेपाली बिजुलीका लागि भारतीय बजार सुनिश्चित भयो । बजार सुनिश्चित भएसँगै नेपाली जलविद्युत् क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित हुनेछ । यसले समग्र नेपाली जलविद्युत्को विकासमा सहयोग पुग्छ ।

यसको कार्यान्वयनमा मन्त्रालयको भूमिका के हुन्छ ?

पक्कै पनि मन्त्रालय यसको सफल कार्यान्वयनमा अग्रसर हुन्छ । तर, हामीले काम गर्ने भनेको नीतिगत तहमा मात्रै हो । भारतको सम्बन्धित निकाय र नेपालका सरोकारवाला निकायसँग समन्वय गरेर नीतिगत रूपमा आवश्यक काम गर्नेछौं । यसका लागि आवश्यक नीतिगत व्यवस्था, विद्युत् उत्पादन, प्रसारण लाइनलगायत पूर्वाधार बनाउन हामी तयार छौं । त्यसपछि नेपाल विद्युत् प्राधिकरण, भारतको विद्युत् व्यापार कम्पनीले त्यसैअन्तर्गत रहेर बिजुली खरिद-बिक्री गर्न सक्नेछन् ।

प्रेरक प्रसंग

सफलताको कुञ्जी : परिश्रम

एउटा दुर्गम गाउँमा एकजना अति मिहिनेती किसान थिए । उनको अंगुरको खेती थियो । उनको अंगुर खेती बर्सेनि मौलाउँदै गयो । उनी एकदमै सफल किसान बने । उनका तीनवटा छोरा थिए, जो युवा र एकदमै ऊर्जावान् थिए । तर, उनीहरूलाई कुनै पनि काममा खासै रुचि थिएन । ती किसान जति बूढा हुँदै गए, उनलाई आफ्ना छोराहरूको चिन्ताले पनि छोप्दै गयो ।



चिन्ता र बुढ्यौलीका कारण उनी एकदमै बिरामी पर्छन् । उनलाई आफ्नो मृत्यु सन्निकट भएको अनुभव हुन्छ । उनी आफ्ना छोराहरूलाई बोलाउँछन् र भन्छन्, 'प्यारा छोराहरू, मेरो मृत्युको समय आइसकेकोजस्तो छ । तर, म मर्नुअघि तिमीहरूसँग एउटा रहस्य खोल्न चाहन्छु । मैले अंगुरको यो खेतमा मैले एउटा गाढधन लुकाएको छु । तिमीहरू मिलेर पूरै खेत खन र मेरो मृत्युअघि नै त्यो धन झिक ।' ती वृद्ध किसान मर्छन् । उनका छोराहरूले आफ्ना पिताको अन्तिम किरियाकर्म सकेपछि खेतको एउटा पनि भाग नछोडी खनेर हेर्छन् । उनीहरूले त्यहाँ कुनै गाढधन भेट्टाउँदैनन् । तर, उनीहरूले खेत खनेकाले अंगुरको नयाँ बाली थप मौलाएर आउँछ, जसका कारण उनीहरूको उत्पादनमा भारी वृद्धि हुन्छ ।

अंगुर धेरै फल्दा उनीहरूको आम्दानीमा पनि उल्लेख्य वृद्धि हुन्छ । यो घटनाले उनीहरूलाई आफ्ना पिताले के भन्न खोजेका थिए भन्ने कुराको बोध गराउँछ । परिश्रमले सधैं प्रतिफल दिन्छ । कडा मिहिनेतको फल सधैं मिठो हुन्छ, चाहे त्यो हामीले चाहेको वा अन्य कुनै स्वरूपमा नै किन नहोस् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

धन्यवाद 'टिम नेपाल' !

हिजो भारतसँगको खेलमा नेपाली क्रिकेट टोलीको प्रदर्शन काबिले तारिफ रह्यो । नेपालले भारत र पाकिस्तानजस्ता क्रिकेट महारथीहरूसँगको स्पर्धाबाट नेपाली क्रिकेटको भविष्य रहेको सन्देश दिएका छन् । उनीहरूले मुलुकको छवि सुधारेका छन् । खेलअघि र खेलको सुरुवाती क्षणसमेतमा नेपालको टिमबारे खासै सकारात्मक र प्रशंसाको शब्द नओकलेका कमेन्टेटरले नेपाली टिमले अविश्वसनीय प्रदर्शन गरेसँगै प्रशंसा र तारिफको बाढी लगाए ।

कलिला र पाकिस्तानसँगको खेलमा तुलनात्मक रूपमा कमजोर प्रदर्शन गरेको नेपाली टोलीको भारतीय टिमसँग अझै कमजोर प्रदर्शन हुने आकलन गरेका थिए उनीहरूले । तर, नेपालको टिमले पाकिस्तानसँगको खेलबाट अनुभव लिएर भारतसँग सम्मानजनक प्रदर्शन गऱ्यो । नयाँ पत्रिकाको समाचार शीर्षक 'भारतले खेल जित्यो, नेपालले संसारको मन'ले भनेजस्तै नेपालले सबैको मन जितेको छ । यो यात्रा अविराम रहोस् ।

● **सुभाष खड्का**, बालकोट, भक्तपुर

बालेनको उचित कार्य

काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साहले शनिबार राति ०९.२१ मा आफ्नो फेसबुक पेजमा पोस्ट गरेको स्टाटस हटाएर ढिलै भए पनि बुद्धिमत्तापूर्ण काम गरेका छन् । यसले उनको छविलाई थोरै भए पनि जोगाउने काम गरेको छ । कुनै पनि मानिसको छवि उसको आफ्नै बोली, व्यवहार, भाषा आदिले निर्देशित गर्छ । बालेनको छवि बालेनको आफ्नै हातमा छ । बोल्दा र लेख्दा विवेक पुऱ्याए छवि जहिले पनि उज्यालो नै भइरहन्छ । यो क्रुरा बालेनजस्ता सम्भावना भएका नवयुवाहरूले हेक्का राख्नुपर्छ ।

● **गोपाल देवकोटा**
गोकर्णेश्वर-८, जोरपाटी

गुटबन्दीको राजनीति

नेकपा एमाले गुटबन्दीबाट किन मुक्त हुन नसकेको ? गुटबन्दीले पार्टी कमजोर हुँदै गएको, जनमानसमा आलोचित बन्दै गएको क्रुरा अझै पनि नेतृत्व वर्गले बुझ्न नसकेको हो वा बुझेर पनि बुझ पचाउँदै गएको हो ? प्रदेश अधिवेशनमा पनि पार्टीभित्रबाट सबल र सक्षम नेतृत्वको चयनभन्दा पनि मेरो र तेरो पक्षको चयन गर्ने भन्दै उच्च नेता भित्रभित्रै गुटबन्दीमा लागेको देख्दा अब कम्युनिस्ट पार्टीमा पनि आस्था र विश्वासको राजनीति नै सकिएको हो कि भन्ने लागेको छ ।

● **नारायणप्रसाद न्यौपाने**
बुढानीलकण्ठ-४, काठमाडौं

ट्राफिक पनि सच्चिने कि ?

मलाई ट्राफिक प्रहरीको रबैया सच्चिन पर्छ भन्ने लाग्छ । अनावश्यक सवारीसाधन चेकजाँच गर्नेदेखि सबै डकुमेन्ट हुँदासमेत नागरिकलाई दुःख दिने काम भइरहेको सत्य हो । किन चेकजाँच गरिएको भन्यो भने नियमित चेकजाँच भन्ने उत्तर दिइन्छ । यो नियमीत चेकजाँच के हो र केका लागि हो बुझिनसक्नु छ । नागरिकसँग रुखो बोली होइन, मिठासपूर्ण भाषामा बोल्न पऱ्यो । मैले जागिर खाएको यती वर्ष भयो, मलाई कसले छुन्छ भनेर दादागिरी देखाउन भएन ।

राज्यको जिम्मेवार निकायले जिम्मेवारीपन देखाउन सकेन भने नागरिक प्रताडित बन्न पुग्छन् । नियमविपरीत चलेको सवारीसाधनलाई कारबाही गर्नु ठिक भए पनि अनावश्यक चेकजाँच गरेर नागरिकलाई दुःख दिने कामचाहिँ गलत हो ।

ट्राफिक प्रहरीले नियमविपरीत चलेका सवारीसाधनलाई कारबाही गर्दैनन्, कारबाहीमा पर्छन् सोझासाझा नागरिक । मापसे चेक गर्न राति खटिएका प्रहरी एउटा कुनामा लुकेर बस्छन्, जब सवारीसाधन आउँछ त्यसपछि झम्टेर रोक्न जान्छन् । तर, सवारी दुर्घटनाको खबर गर्दा घन्टौंसम्म ट्राफिक प्रहरी घटनास्थल पुग्दैनन् । के ट्राफिक प्रहरीका यी रबैया सच्चिन योग्य छैनन् र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

मिडिया स्वतन्त्रताबाट विमुख भएको बेलायत

साउदी राजकुमार मोहम्मद बिन सलमानलाई आमन्त्रण गरेर बेलायतले मिडिया स्वतन्त्रताप्रतिको आफ्नो प्रतिबद्धतामाथि प्रश्न खडा गरेको छ



देश/विदेश

● जेम्स डिन

सन् २०१९ को जुलाईमा बेलायतका विदेशमन्त्री जेरेमी हन्टले क्यानडा सरकारसँगको सह-आयोजनाको लन्डन सम्मेलनमा मिडिया स्वतन्त्रताका लागि विश्वव्यापी अभियान सुरु गरेका थिए । सम्मेलनका क्रममा विदेशमन्त्री हन्टले गर्वका साथ 'आज हाम्रो यो सम्मेलनमा हामीसँग सयभन्दा बढी मुलुकका प्रतिनिधिमण्डल जोडिएका छन् । यसअघि यो मुद्दामा यतिका मुलुक जोडिएका थिएनन्' भनेर घोषणा गरेका थिए । सो सम्मेलनले मिडिया फ्रिडम कोलिसनको स्थापना गरेको थियो र स्थापनायता ५० भन्दा बढी मुलुक यसमा जोडिएका छन् ।

मिडिया स्वतन्त्रतासम्बन्धी यो पहलकदमीका पछाडि इस्तानबुलस्थित साउदी कन्सुलेटमा भएको साउदी पत्रकार जमाल खसोग्गीको हत्याको भूमिका छ । खसोग्गीको नृशंस हत्या राज्य प्रायोजित थियो, जुन हत्यामा साउदी सत्ताका केही कुलीनहरूको हात थियो । खसोग्गी हत्यासँगै मिडिया स्वतन्त्रताले बेलायती सरकारको विदेश नीतिको एजेन्डामा शीर्ष स्थानमा ठाउँ पायो । सन् २०१६मा ब्रेक्जिटका पक्षमा भएको मतदान र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चुनावी विजयपछि उत्पन्न तनावपूर्ण वैश्विक राजनीतिक वातावरणबीच मिडिया-स्वतन्त्रताको पहलले राहतको अनौठो पलको झल्को दिन्थ्यो । यसले बेलायतलाई विश्व समुदायले धेरै हदसम्म बेवास्ता गरेको मुद्दालाई सम्बोधन गर्न साँचो अर्थमा नेतृत्वदायी भूमिका ग्रहण गर्ने असाधारण अवसर पनि प्रस्तुत गरेको थियो ।

जुलाई २०१९ सम्मेलन महत्त्वपूर्ण (अभूतपूर्व नभए पनि) सरकारी सहभागितालाई आकर्षित गर्न र विश्वव्यापी नागरिक-समाज समूहबाट समर्थन जुटाउन सफल भएको थियो । प्रख्यात वैश्विक व्यक्तित्व पनि यो पहलमा सामेल भएका थिए । मानवअधिकार अधिवक्ता अमल क्लुनीलाई मिडिया स्वतन्त्राका निम्ति बेलायतको विशेष दूतका रूपमा नियुक्त गरिएको थियो । बिबिसी मिडिया एक्सनमा कार्यरत रहँदा सानो स्तरमा भए पनि मैले लन्डनमा प्रमुख अन्तर्राष्ट्रिय मिडिया-समर्थन संस्थाको भेला आयोजना गरेको थिएँ । भेलाको उद्देश्य सम्मेलनको समन्वयलाई सहज गर्नु थियो र यो पहलकदमी ब्रेक्जिटपछिको जनसम्पर्क सुधारको रणनीतिभन्दा बढी हो भनेर देखाउनु पनि थियो । सम्मेलन र तत्पश्चात्का अभियानले ठोस नतिजा दिनेछ भनेर सुनिश्चित गर्न धेरै व्यक्ति र संस्थाले आफ्नो समय र आफ्नो व्यक्तिगत एवं व्यावसायिक प्रतिष्ठा समर्पित गरेका थिए ।

तर, यसबीच अमेरिकी गुप्तचर एजेन्सीले खसोग्गीको हत्या रचेको भनेर पहिचान गरेको एमबिएस भनेर चिनिने साउदी राजकुमार मोहम्मद बिन सलमानलाई बेलायती सरकारले आमन्त्रित गर्ने निर्णय गरेको छ । यसले मिडिया स्वतन्त्रताप्रतिको बेलायतको आफ्नै प्रतिबद्धतामाथि प्रश्न खडा भएको छ । वास्तवमा साउदी अरेबियासँग आर्थिक र राजनीतिक सम्बन्ध पुनर्स्थापित गर्न खोज्ने क्रममा बेलायती प्रधानमन्त्री ऋषि सुनकले विभिन्न मानवअधिकार संगठनबाट पाखण्डको आरोप लागेका फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँ, अमेरिकी राष्ट्रपति जो बाइडेन र अन्य नेताको पदचाप पछ्याएका छन् । तर, बेलायतको मौजुदा कमजोर आर्थिक अवस्थामा ऋषि सुनकसँग अर्को विकल्प पनि थिएन । पाखण्डलाई एकातिर राख्ने हो भने पनि एमबिएसको सम्भावित लन्डन भ्रमणले बेलायतले लोकतन्त्र, मिडिया स्वतन्त्रता वा विधिको शासनको नैतिक अगुवा हुने हैसियत गुमाएको छ । अझै भन्ने हो भने यसले मिडिया स्वतन्त्राको पहलकदमी लिनेको मनोबल गिराएको छ ।

निःसन्देह मिडिया-स्वतन्त्रता अभियान र अद्यावधिक सम्मेलनले धेरै प्रभाव पारेको भने होइन । यी अभियान र सम्मेलनले सरकार र समान विचारधाराका



तस्बिरः एड एल्जिब/एएफपी

सरोकारवालालाई मुद्दाप्रति आफ्नो समर्पणमा प्रोत्साहन गरेको छ । तथापि पत्रकारमाथि हुने आक्रमण कम गर्ने र स्वतन्त्र समाचार संस्थाले सामना गर्ने राजनीतिक एवं आर्थिक कठिनाइलाई विश्वव्यापी रूपमा सामना गर्नका लागि प्रोत्साहित गर्न भने असफल भएका छन् । बेलायतको आफ्नै विश्वसनीयतामा पनि असर परेको छ । सेप्टेम्बर २०२० मा क्लुनीले सरकारको आन्तरिक बजार विधेयकका कारण मिडिया-स्वतन्त्रता दूतको आफ्नो भूमिकाबाट राजीनामा दिइन् । यो विधेयकले ब्रेक्जिटपछिको घरेलु व्यापारलाई नियमन गर्ने उद्देश्य राखेको थियो । र, सरकारले आफैंले पनि अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गरेको स्विकारेको थियो ।

आम सञ्चारमाध्यमलाई सहयोग गर्न विश्वव्यापी रूपमा समन्वय र पर्याप्त वित्तीय योजना बनाउने सरकारको अभियान असफल भएको छ । अचम्म के भने बेलायत सरकारले वित्तीय योगदान बढाउने वाचा गरे, तापनि अन्तर्राष्ट्रिय मिडियाको समर्थनमा आफ्नो वित्तीय योगदान घटाएको छ । जीवन्त एवं स्वतन्त्र मिडिया अधिनायकवादविरुद्धको उत्कृष्ट प्रतिरक्षा हो । तर, समाचार संस्थाको अस्तित्वकै खतरा हुने गरी वित्तीय संकट निम्तिरहेका बेला मिडियालाई उकास्ने गरी साझेदारी र विश्वस्तरमा लगानी रणनीति निर्माण निकै अपुग छ । अर्थात्, अवस्था चार वर्षअघि मिडिया स्वतन्त्रता पहलकदमी लागू हुँदाकै जस्तो छ ।

हन्टले भनेझैं कूटनीतिक नियोगभित्र खसोग्गीको हत्या विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको उल्लंघन हो । अहिले पनि धेरै बिग्रेको छैन, मिडिया फ्रिडम कोलिसनको नेतृत्व लिएको एस्टोनिया र नेदरल्यान्ड्सको सह-अध्यक्षतामा अझै पनि अर्थपूर्ण नतिजा ल्याउन सकिन्छ । फ्रान्स र अमेरिकाजस्ता मुलुकले हालै स्वतन्त्र मिडियालाई सघाउन कदम चालेका छन् । यी पहलमा म सह-संस्थापक रहेको संस्था इन्टरनेसनल फन्ड फर पब्लिक इन्टेरेस्ट मिडिया पनि सम्मिलित छन् । तर, एमबिएसको आगामी बेलायत भ्रमणले बेलायत र अन्य देश मिडिया स्वतन्त्रताको रक्षा गर्ने आफ्नो प्रतिबद्धतामा डगमगाएका देखिन्छन् । लोकतन्त्रलाई जीवन्त राख्न बेलायती सरकारले सार्वजनिक चासोका समाचार संस्थालाई बलियो बनाउन र सत्य-खोजी एवं तथ्य प्रकट गर्ने प्रयासलाई समर्थन गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न पर्याप्त रकम विनियोजन गर्नुपर्छ ।

(डिन बिबिसी मिडिया एक्सनको नीति एवं अनुसन्धानका पूर्वनिर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विकासको पथमा सँगसँगै अघि बढेको चीनभन्दा यसकारण भारत धेरै पछाडि

चिल्ला भौतिक तथा डिजिटल संरचना देखाएर फेरि भारतले ठूलो आर्थिक छलाङको प्रक्षेपण गरिरहेको छ, तर ऐतिहासिक उदाहरणले त्यस्तो इंगित गर्दैन



● अशोका मोदी

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषमा काम गरेको अनुभव भएका अशोका मोदी प्रिन्सटन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय आर्थिक नीतिका आगन्तुक प्राध्यापक हुन् ।

चार दशकअघि भारतीय र अन्तर्राष्ट्रिय पर्यवेक्षकमा अधिनायकवादी चिनियाँ शासनले अर्थतन्त्रलाई सम्हाल्न नसक्ने र प्रजातान्त्रिक भारत दुईमध्ये ठूलो र विकसित राष्ट्रको रूपमा उदाउने विश्वास व्याप्त थियो । तर, कालान्तरमा भारत मानव पुँजीमा गरेको न्यून लगानीको मूल्य तिर्न बाध्य भयो ।

कुरा मार्च १९८५ को हो, वाल स्ट्रिट जर्नलले भारतका नवनिर्वाचित प्रधानमन्त्री राजीव गान्धीको नाममा प्रशंसाको पुल बाँध्दै लेखहरू लेख्यो । 'राजीव रेगन' शीर्षकको सम्पादकीय लेख्दै पत्रिकाले ४० वर्षीय गान्धीलाई 'हामीले चिनेका अर्का चर्चित कर कटौतीकर्ता' (रेगन)सँग तुलना गऱ्यो । पत्रिकाले नियमन तथा कर कटौतीले भारतमा 'स-सानो क्रान्ति नै सुरु गरेको' घोषणा गऱ्यो । तीन महिनापछि, गान्धीको अमेरिका भ्रमणको पूर्वसन्ध्यामा कोलम्बिया विश्वविद्यालयका अर्थशास्त्री जगदीश भगवती गान्धीका भन्न ठूला प्रशंसक निस्किए । 'भारत आजको चीनभन्दा ठूलो स्तरको आर्थिक चमत्कारको संघारमा छ । त्यो चमत्कार यथार्थमा परिणत भयो भने यसको मुख्य चालक हुनेछन्, युवा प्रधानमन्त्री (राजीव),' भगवतीले द न्युयोर्क टाइम्समा आलेख लेख्दै दाबी गरे । भगवतीले आलेखमा गान्धीको सरकारले घटाएको करको दर र नियामक सहजताको विशेष उल्लेख गरेका थिए ।

सन् १९८० प्रारम्भलाई एक निर्णायक ऐतिहासिक क्षणका रूपमा मान्न सकिन्छ, जब विश्वका सबैभन्दा ठूला जनसंख्या भएका दुई मुलुक चीन र भारतले उदारीकरणको मार्ग अपनाए र तिनको अर्थतन्त्रलाई खुला गरे । त्यो वेला यी दुई मुलुकको प्रतिव्यक्ति आय लगभग एउटै थियो । दुवै देशले आफूले लिएको नयाँ मार्गले 'क्रान्ति' र 'चमत्कार' ल्याउने प्रक्षेपण गरेका थिए । तर, चीनले मानव-पुँजी विकासको बलियो आधारमा द्रुत आर्थिक विकास हासिल गर्दै जाँदा भारत धेरै पछाडि छोडियो । चीन यस अवधिमा आर्थिक महाशक्ति बन्दा भारतको उच्च आर्थिक वृद्धिको प्रक्षेपण हल्ला मात्र साबित भयो । तर, ती दुईबीच पहिलेदेखि नै केही भिन्नता थिए, जसले गर्दा पछिको खाडल निर्माण भयो ।

सन् १९८१ मा विश्व बैंकले सार्वजनिक गरेको प्रतिवेदनमा चिनियाँ जनताको औसत आयु ६४ वर्ष थियो भने भारतको निकै कम, ५१ वर्ष मात्र । चिनियाँ नागरिकले तिनको भारतीय समकक्षीभन्दा बढी पौष्टिकतायुक्त खाना पाइरहेका थिए । यसबाहेक, चीनले त्यही समयतिरै स्वास्थ्य सेवालाई सबै जनताको पहुँचमा पुऱ्याइसकेको थियो । प्राथमिक शिक्षा हासिल गर्ने चिनियाँ नागरिक (महिलासमेत) को हिस्सा निकै उच्च थियो । विश्व बैंकको प्रतिवेदनले माओत्से तुङको पालामा लैंगिक समानतातर्फ चीनले गरेको उल्लेखनीय प्रगति हासिल गरेको उजागर गरेको छ । निकोलस क्रिस्टोफ र सेरिल वुडुनले सन् २००९ मा प्रकाशित गरेको तिनको पुस्तक 'हाफ द स्काई'मा चीन (विशेषगरी त्यहाँको सहरी क्षेत्र) 'महिलाहरूलाई हुर्कनका लागि उत्तम ठाउँहरूमध्ये एक'का रूपमा व्याख्या गरेका छन् ।



शिक्षामा बढ्दो पहुँच र श्रम क्षेत्रमा महिलाको उच्च सहभागिता दरले जन्मदर घटायो र यसबाट बालबालिकाको हुर्काइको अभ्यासमा सुधार ल्यायो । मानव पुँजीको विकास र महिला सशक्तीकरणमा चीनले हासिल गरेको प्रगतिलाई नै ख्याल गरेर विश्व बैंकले त्यही वेला एक असामान्य रूपमा साहसी भविष्यवाणी गरेको थियो- 'चीनले एक-दुई पुस्ताभित्रै जीवनस्तरमा 'असाधारण वृद्धि' हासिल गर्नेछ ।' विश्व बैंकको यस प्रक्षेपण कर कटौती वा आर्थिक उदारीकरणमा नभएर ब्राउन विश्वविद्यालयका अर्थशास्त्री ओडेड ग्यालरले केहीअघि जोड दिएको ऐतिहासिक तथ्यमा केन्द्रित थियो । औद्योगिक क्रान्तिको सुरुदेखि नै आर्थिक प्रगति गरेका प्रत्येक मुलुक (जसको मुख्य आधार दिगो उत्पादकत्व वृद्धिलाई मानिन्छ) मानव पुँजीमा लगानी र उच्च महिला कार्यशक्तिको सहभागितासँग जोडिएका छन् ।

निश्चित रूपमा बजार उदारीकरणले चिनियाँ र भारतीय वृद्धिलाई ठूलो मद्दत गऱ्यो । तर, चीनले आफ्नो सफल विकास रणनीति मानव पुँजी र

> सन् १९८० को प्रारम्भलाई विश्वका सबैभन्दा ठूला जनसंख्या भएका दुई मुलुक चीन र भारतले उदारीकरणको मार्ग अपनाउँदै तिनको अर्थतन्त्रलाई खुला गर्दा यी दुई मुलुकको प्रतिव्यक्ति आय लगभग एउटै थियो । तर, चालीस वर्षपछि भारत चीनभन्दा धेरै पछाडि परेको छ । भारतले बेवास्ता गरेका दुई क्षेत्रमा चीनले बढी लगानी गर्दा यति धेरै फरक पर्न गएको हो ।

लैंगिक समानताका दुई स्तम्भमा खडा गर्दा भारतले ती क्षेत्रलाई बेवास्ता गरिरह्यो । धेरै बजारमुखी भइसकेपछि पनि चीनले आफ्ना जनतामाथिको लगानीलाई कम महत्त्वपूर्ण ठानेन । यही प्राथमिकताका कारण चीनको शिक्षा र स्वास्थ्यस्तर भारतको भन्दा धेरै माथि अन्तर्राष्ट्रिय प्रतिस्पर्धी जनशक्तिका लागि आवश्यक स्तरमै पुगेको छ । विश्व बैंकले हरेक देशको शिक्षा र स्वास्थ्यको नतिजा शून्यदेखि एकको स्केलमा मापन गर्ने मानव पुँजी सूचकांकको सन् २०२० को सूचकांकमा भारतले ०.४९ अंक पाएको छ (जुन नेपाल र केन्याजस्ता विपन्न देशको भन्दा कम हो) । जबकि त्यसमा चीनले ०.६५ अंक हासिल गरेको छ (जुन चिली र स्लोभाकियाजस्ता तुलनात्मक सम्पन्न मुलुकको हाराहारी छ ।)

चीनको श्रमक्षेत्रमा महिला सहभागिता दर सन् १९९० को ८० प्रतिशतबाट घटेर ६२ प्रतिशतमा पुगेको छ भने भारतको महिला श्रमिक सहभागिता यस अवधिमा ३२ प्रतिशतबाट झरेर २५ प्रतिशत पुगेको छ । भारतका विशेषतः सहरी क्षेत्रमा महिलाविरुद्ध कायम उच्च हिंसा दरले तिनलाई श्रमक्षेत्रमा प्रवेश गर्न अच्काउने गरेको छ । श्रेष्ठ मानव पुँजी र अधिक लैंगिक समानताको योगले चीन धेरै उच्च 'कुल साधन उत्पादकत्व' वृद्धि हासिल गर्न सक्षम भएको छ, जसलाई स्रोत-उपयोग दक्षताको सबैभन्दा व्यापक मापन मानिन्छ । सन् १९५३ अर्थात् दुई देश आधुनिकीकरणतर्फ अघि बढेको केहीपछि चीन र भारत समान रूपमा उत्पादनशील थिए । सन् १९८० को दशकको अन्त्यसम्म आइपुग्दा, चीन भारतभन्दा ५० प्रतिशतभन्दा बढी उत्पादक बनिसकेको थियो । आज चीनको उत्पादकत्व भारतको भन्दा झन्डै दोब्बर छ ।


४५ प्रतिशत भारतीय श्रमिक अझै पनि अत्यधिक अनुत्पादक कृषिक्षेत्रमा कार्यरत हुँदा चीनले श्रमकेन्द्रित उत्पादन क्षेत्र पार गरेर विद्युतीय सवारीसाधनजस्ता उच्च गुणस्तरीय क्षेत्रमा पुगिसकेको छ । चीन भविष्यका अवसरका लागि पनि बढी तयार छ । सात चिनियाँ विश्वविद्यालय विश्वको शीर्ष सय विश्वविद्यालयमा समावेश छन्, जसमध्ये सिङ्हुवा र पेकिङ विश्वविद्यालय शीर्ष २० मै छन् । सिङ्हुवालाई कम्प्युटर विज्ञानको लागि विश्वकै अग्रणी विश्वविद्यालय मानिन्छ, जबकि पेकिङ नवौं स्थानमा छ । त्यसैगरी, नौ चिनियाँ विश्वविद्यालय गणितमा विश्वव्यापी रूपमा शीर्ष ५० मा पर्छन् । यसविपरीत, भारतमा निकै प्रख्यात आइआइटी (भारतीय प्रौद्योगिकी संस्थान)को सञ्जालका कुनै एक पनि एकाइ विश्वको शीर्ष सय स्थानमा पनि छैनन् । चिनियाँ वैज्ञानिकले विशेषगरी रसायन विज्ञान, इन्जिनियरिङ र पदार्थ विज्ञानजस्ता क्षेत्रमा आफ्नो अनुसन्धानको मात्रा र गुणस्तर बढाउन महत्त्वपूर्ण प्रगति गरेका छन् । र, चाँडै कृत्रिम बौद्धिकतामा त उसले अग्रस्थान नै लिन सक्छ । तथ्यांकले देखाएअनुसार प्राज्ञिक तथा औद्योगिक दुवै क्षेत्रका चिनियाँ अनुसन्धानदाताले द्रुत रूपमा उच्च गुणस्तरको पेटेन्ट सिर्जना गरिरहेका छन् ।

सन् १९८० को दशकको बीचदेखि भारतीय र अन्तर्राष्ट्रिय पर्यवेक्षकले अधिनायकवादी चिनियाँ खरायो समयक्रममा कमजोर हुने र लोकतान्त्रिक भारतीय कछुवाले अन्ततः दौड जित्ने भविष्यवाणी गर्दै आएका छन् । पछिल्ला घटनाहरू- चीनको कठोर शून्य-कोभिड नीतिअन्तर्गत लागू गरिएका प्रतिबन्ध, बढ्दो युवा बेरोजगारी, घरजग्गा क्षेत्र र ठूला प्राविधिक कम्पनीमाथि लगाम लगाउने प्रयासको प्रतिकूल प्रभावले माथिका दृष्टिकोणलाई सही हो कि जस्तो देखाउँछ । तर, चीन अझै पनि विशाल मानव पुँजी र उच्चस्तरको लैंगिक समानताको बलमा पुरानो र नयाँ दुवै अर्थतन्त्रको सिमानामा उभिएको छ । जबकि भारतीय नेता र तिनका अन्तर्राष्ट्रिय समर्थक भारतको चिल्ला भौतिक तथा डिजिटल संरचना देखाएर भारतले ठूला छलाङ पार्ने प्रक्षेपण गरिरहेका छन् । तर, अझै कमजोर मानवीय पुँजीमा उभिएकाले भारतले त्यस्तो छलाङ मार्ने कुरा कम्तीमा ऐतिहासिक उदाहरणले इंगित गर्दैन । चीनका अगाडि अहिलेको अव्यवस्थाबाट पार पाउने सम्भावना छ । तर, भारत आधारहीन आशावादको अँध्यारो गल्लीमा फस्ने जोखिममा छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

किन मिल्दैन देशबारे गरिने दीर्घकालीन प्रक्षेपण ?

ऐतिहासिक विश्लेषणको वास्तविक काम नियतिवादी आख्यानलाई भत्काउनु हो, त्यसमा अल्झिनु होइन



● हारोल्ड जेम्स

जर्मन आर्थिक इतिहास र भूमण्डलीकरणका विशेषज्ञ हारोल्ड जेम्स प्रिन्सटन विश्वविद्यालयमा इतिहास र अन्तर्राष्ट्रिय मामिलाका प्राध्यापक हुन् । उनको 'द युरो र द ब्याटल अफ आइडियाज' पुस्तक सार्वजनिक छन् ।



आजको विश्वव्यापी अव्यवस्थाको पछाडि विश्वशक्तिको स्पर्धामा रहेका देशहरूको सापेक्षिक शक्ति र कमजोरीका दुईवटा कथानकले काम गरेको छ । एउटा कथानक, राष्ट्र र सभ्यताको दीर्घकालीन उत्थान एवं पतनबारेको हो भने अर्को अल्पकालीन उत्थान एवं पतनको कथानक हो ।

पश्चिमेली दृष्टिकोणअनुसार पहिलो कथानकले चीनको असाधारण शक्तिका कारण उसलाई खतराको रूपमा लिएको छ भने दोस्रो कथानकले चीनलाई उसका अन्तर्निहित कमी-कमजोरीका कारण खतराको रूपमा प्रस्तुत गरेको छ । चिनियाँ नेताहरूचाहिँ अमेरिकालाई खतराको रूपमा हेर्छन् । किनकि चिनियाँहरू अमेरिका संरचनात्मक रूपमा कमजोर र जेरोन्टोक्र्याटिक (वृद्धहरूको शासन) राजनीतिक अभिजात वर्गको प्रभुत्वमा भए पनि ऊ असाधारण रूपमा शक्तिशाली भएको र भविष्यमा कुनै पनि प्रतिद्वन्द्वीलाई अघि बढ्न नदिन कटिबद्ध रहेको ठान्छन् । चिनियाँ वाणिज्यमन्त्री वाङ विन्ताओले चिनियाँ राष्ट्रपति सी चिनफिङका तर्फबाट हालैमा यसो भनेका थिए, 'आफ्नो प्रभुत्व कायम राख्न माहिर कुनै देशले उदीयमान बजार र विकासशील देशहरूलाई पंगु बनाउन निकै ठूलो मिहिनेत गरेको छ ।'

भूराजनीतिको यही सरल तर आकर्षक विश्लेषणात्मक लेन्समा आधारित छ, भविष्यमा के हुन्छ भन्ने पहिलो दृष्टिकोण । भूराजनीतिज्ञहरू उदय र पतनको दीर्घकालीन परिदृश्य रेखांकन गर्ने काममा लागिरहेका छन् । उनीहरूको पटकथा सधैं एउटै हुन्छ- विश्वलाई एउटा देशले एक शताब्दी वा अधोगतिमा लाग्नुअघिसम्म प्रभुत्व कायम राख्छ ।

सन् १९८७ मा प्रकाशित इतिहासकार पल केनेडीको प्रसिद्ध पुस्तक 'द राइज एन्ड फलअफ द ग्रेट पावर्स' यो दृष्टिकोणको उत्कृष्ट उदाहरण हो, जसले आजपर्यन्त यो बहसका सर्त निर्धारण गरिरहेको छ । उनी यसरी तथ्य पस्किन्छन्- विश्वमा १६औं शताब्दीको मध्यदेखि १७औं शताब्दीको मध्यसम्म स्पेनको आधिपत्य रह्यो, अठारौं शताब्दीमा फ्रान्स, उन्नाइसौं शताब्दीमा बेलायत र सन् १९४५ पछि संयुक्त राज्य अमेरिकाको प्रभुत्व रहेको छ । यसअनुसार अब चीनको पालो आएको छ ।

एउटा ठूलो शक्ति वा महाशक्तिबाट प्रभुत्व अर्को महाशक्तिमा संक्रमण हुँदा ओरालो लाग्दै गरेको पुरानो शक्तिले आफूलाई चुनौती दिन उदाउँदै गरेको अर्को शक्तिलाई हतोत्साहित बनाउन र प्रतिरोध गर्न खोज्छ, जसबाट अक्सर तनाव र युद्धहरू सिर्जना हुन्छन् ।

> कहिलेकाहीं दीर्घकालीन दृष्टिकोणमाथि अल्पकालीन विचार हाबी हुन पुग्छन् । उदाहरणका लागि हालैका महिनामा पश्चिमका राजनीतिज्ञ र पत्रकारले राष्ट्रिय आय वृद्धि (जिडिपी)को अल्पकालीन परिवर्तनलाई हेरेर नयाँ खेल कसले जित्दै छ र कसले हार्दै छ भन्नेबारे ठुल्ठूला भविष्यवाणी पस्किरहेका छन् ।

यसले एउटा भविष्यवाणी गर्छ- केनेडीले पस्किएको प्रत्येक ऐतिहासिक केस स्टडीअनुसार महाशक्तिको पतनलाई सैन्य संघर्षले तीव्रता दिन्छ ।

वर्तमान परिप्रेक्ष्यमा चीन-अमेरिका सम्बन्धको तनाव एक-अर्काप्रतिको करिब-करिब समान तहको भयका कारण सिर्जित छ । अमेरिकीहरू चीनलाई अमेरिकी नेतृत्वको नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थालाई उल्ट्याउन खोजेको, प्रविधि र बौद्धिक सम्पत्तिहरू चोरेको, जासुसी बेलुनहरू पठाएर रातो रेखा पार गरेको, सरकारी निकायको सूचना ह्याक गरेको र अमेरिकी राजनीतिक प्रणालीमाथिको विश्वासलाई कम गर्न अफवाहहरूको भरमार प्रयोग गरेको आरोप लगाउँछन् ।

यसैगरी, चीन सरकारलाई चाहिँ आफ्ना निगरानी एवं खुफिया जानकारी अमेरिकाले उपयोग गर्न सक्ने भय छ, जसकारण उसले यसअघि सार्वजनिक गर्दै आएका आर्थिक तथ्यांकलाई उप्रान्त सार्वजनिक गर्न प्रतिबन्ध लगाउनुका साथै जासुसीविरुद्ध नयाँ कानुन ल्याएको छ । चिनियाँ जनसंख्याको एउटा ठूलो हिस्सा र चिनियाँ नेतृत्वसमेत अमेरिका चीनको स्वाभाविक उदयलाई रोक्न प्रतिबद्ध छ भन्ने कुरामा विश्वास गर्छ । अमेरिका चीनलाई पश्चिमा शक्ति र जापानबाट अधिनस्थ पारिएको, लुटिएको र प्रताडित गरिएको 'अपमानको शताब्दी (युग)'मा फर्काउन चाहन्छ भन्ने उनीहरूको ठम्याइ छ ।

कहिलेकाहीं यी दीर्घकालीन दृष्टिकोणमाथि अल्पकालीन विचार हाबी हुन पुग्छन् । उदाहरणका लागि, हालैका महिनामा पश्चिमका राजनीतिज्ञ र पत्रकारहरूले राष्ट्रिय आय वृद्धि(जिडिपी)को अल्पकालीन परिवर्तनहरूलाई हेरेर नयाँ खेल कसले जित्दै छ र कसले हार्दै छ भन्नेबारे ठुल्ठूला भविष्यवाणी पस्किरहेका छन् । सन् २००० को दशकको सुरुवाततिरका जर्मनीको अर्थतन्त्र खराब अवस्थामा हुँदा पनि टिप्पणीकारले जर्मनीलाई 'युरोपको रोगी मानिस' भन्ने उपमा दिएर कथानक रच्न खोजेका थिए । तर, उसले एउटा असाधारण पुनरागमन गऱ्यो, वैश्वीकरणको त्यस नयाँ युगमा ऊ विश्व व्यापारको अग्रणी लाभार्थीमध्ये एक बन्न पुग्यो । तर, सापेक्षिक आर्थिक प्रदर्शन कमजोर हुँदै गएपछि अहिले फेरि एकपटक जर्मनीलाई युरोपको बिरामी घोषणा गरिएको छ ।

आजका टिप्पणीकारहरू पनि चीनका आर्थिक समस्या विशेषगरी उसको युवा बेरोजगारी उच्चदर र खस्किँदो सम्पत्ति बजारमा ध्यानकेन्द्रित गरिरहेका छन् । यो अल्पकालीन दृष्टिकोण अनुसरण गर्नेहरूले स्वाभाविक रूपमा नै चीन कमजोर हुँदै गएको र अमेरिका अझै पनि शीर्ष स्थानमा रहेको निष्कर्ष निकाल्नेछन् । अहिले अमेरिकाले 'डिग्लोबलाइजेसन'बाट फाइदा उठाइरहेको छ, जब कि चीन र जर्मनीजस्ता निर्यातमूलक प्रमुख अर्थव्यवस्थाहरू पीडित भएका छन् ।

यसले चीनको तहसनहस होला कि भन्ने डरलाई नै बढावा दिन्छ । किनकि यसले उनीहरूलाई इतिहासको सम्झना दिलाउनेछ । उनीहरूले आधिपत्यवादीहरूले कथित चुनौतीलाई क्रूरतापूर्वक प्रतिक्रिया दिने गरेको देखेका छन् । ब्रिटेनले उन्नाइसौं शताब्दीको सुरुवातमा अफिम खुला गरिदिएर चीनलाई ध्वस्त बनाइदिएको थियो । अमेरिकाले बीसौं शताब्दीको उत्तरार्द्धमा जापानलाई यसैगरी रोकेको थियो ।


सन् १९८० र १९९० को दशकताका जापानसँगको अनुचित औद्योगिक प्रतिस्पर्धाबारे अमेरिकी चिन्ता यति चर्को थियो कि प्रख्यात टिप्पणीकारले 'द कमिङ वार विथ जापान(जापानसँगको सन्निकट युद्ध)' जस्ता शीर्षकमा पुस्तकहरू नै प्रकाशन गरिरहेका थिए । सन् १९८० को दशकमा जापानको ऋण संकटका लागि अमेरिकी नीतिले खेलेको भूमिकाका कारण सन् १९९१ मा जापानको सम्पत्ति मूल्य फोका (घरजग्गालगायतको अस्वाभाविक मूल्य उछाल) फुट्नुमा धेरै जापानीले अमेरिकाको षड्यन्त्रको शंका गरे । हालको सन्दर्भमा पनि यो परिदृश्य पुनरागमन हुन सक्छ । आखिर सन् २०१० को दशकमा चीनको सम्पत्ति मूल्यमा भारी उछाल (घरजग्गामा अतिशय वृद्धिसहित)का लागि विश्वव्यापी वित्तीय संकटपश्चात् अमेरिकाले अख्तियार गरेको खुकुलो मौद्रिक नीतिकै प्रभाव थियो होइन र ?

तितो सत्य के भने दुवै कथानक वर्तमानमा नीतिगत विपत्तिलाई मार्गदर्शन गर्न अक्षम छन् । दीर्घकालीन सोच्दा नीति-निर्माताहरूले नियतिवादको खतराबाट बच्नुपर्छ । भरपर्दा संस्थाहरू कहिलेसम्म टिक्न सक्छन् भन्ने कुराको कुनै मापदण्ड छैन । बेलायतको वित्तीय सर्वोच्चता सत्रौं शताब्दीको उत्तरार्द्धदेखि प्रथम विश्वयुद्धपछिसम्म करिब दुई शताब्दीभन्दा बढी समय कायम रहेको थियो । तर, यसको अर्थ अमेरिकी वित्तीय सर्वोच्चता पनि यसरी नै लामो समयसम्म टिकिरहन्छ भन्नेचाहिँ होइन ।

अल्पकालीन उतारचढाव अझ खराब मार्गदर्शक हो । आखिरकार, भूमण्डलीकरणबाट लाभान्वित भएका अधिकांश देशले आघात र असफलता अनुभव गरेरै आफूलाई अनुकूलन गर्न र मजबुतीका साथ पुनरुत्थान गर्न सकेका छन् । सन् २००८ मा रियल इस्टेटको पतनले अमेरिकालाई तहसनहस पारेको थिएन भन्दैमा मूल्य-फोका विस्फोटले चीनलाई तहसनहस पार्दैन भन्ने छैन । चीनले सन् १९७० को दशक (तेल संकट), सन् १९८० को दशकको सुरुताकाको (अन्तर्राष्ट्रिय ऋण संकट) र सन् १९९० को दशकको उत्तरार्द्धमा आएको एसियाली वित्तीय संकटजस्ता गम्भीर व्यवधानको सामना गरेको दक्षिण कोरियाजस्ता तीव्र गतिमा विकास भइरहेको एसियाली अर्थतन्त्रको अनुभवबाट पाठ सिक्न सक्छ । प्रत्येक अवसरमा उसले आफ्नो विकास मोडेललाई अनुकूलित गऱ्यो र समृद्ध भयो । सबैलाई सरल कथा चाहिएको छ । तर, ऐतिहासिक विश्लेषणको वास्तविक काम नियतिवादी आख्यानलाई भत्काउनु हो, त्यसमा अल्झिनु होइन ।

इतिहासमा आज

सेप्टेम्बर ६



सन् १९४१ : हिटलरको नाजी सरकारले जर्मनीभित्र रहेका सबै यहुदीलाई सार्वजनिक स्थलमा निस्कँदा प्रस्ट रूपमा छुट्याउन (चिनिन) यहुदीहरूको प्रतीक चिह्न 'डेभिडको स्टार' लगाउनुपर्ने कानुन पास गऱ्यो ।

सन् १५२२ : विश्व भ्रमणमा निस्किएका फर्डिनान्ड मेगेलनले प्रयोग गरेका पाँचमध्ये एक जहाज आजकै दिन स्पेन फर्किएको । यात्रामा निस्किएका २६५ मध्ये १५ जना मात्र जीवित फर्किएका थिए । मेगेलन स्वयं पनि फिलिपिन्समा त्यहाँका आदिवासीबाट मारिए ।

सन् १९४३ : अमेरिकाले आजकै दिन औपचारिक रूपमा चिनियाँ राष्ट्रवादी सरकारलाई देशमा शक्ति बढाउँदै लगेका कम्युनिस्टसँग हात मिलाएर जापानविरुद्ध संयुक्त मोर्चा बनाउन सल्लाह दिएको थियो ।

सन् १९५३ : 'कोरियाली युद्ध'अन्तर्गत उत्तर कोरिया र अमेरिकाबीच अन्तिमपटक युद्धबन्दी साटासाट भयो ।

सन् १९७२ : अघिल्लो दिन प्यालेस्टाइनी आतंकवादी समूह 'ब्ल्याक सेप्टेम्बर'ले म्युनिख ओलम्पिक भिलेजमा बन्धक बनाएका सबै इजरायली खेलाडीको उद्धार भएको समाचार गलत भएको खुल्यो । सबै ११ खेलाडी र आठमध्ये पाँच बन्धकधारी मारिएको समाचार सार्वजनिक भयो ।

सन् १९९१ : सोभियत संघको विघटनपछि 'लेनिनग्राद' नाम राखिएको रुसको दोस्रो ठूलो सहरको नाम बदलेर पुनः सन् १९२४ अघिकै 'सेन्ट पिटरवर्ग' बनाइयो ।

सन् १९९७ : वर्तमान बेलायती राजा चार्ल्स तृतीयकी पहिली पत्नी डायनाको राजकीय सम्मानका साथ अन्त्येष्टि गरियो । उनलाई सम्मान प्रकट गर्न झन्डै १० लाख मानिस लन्डनको सडकमा निस्किएका थिए भने अन्त्येष्टि समारोहलाई विश्वभरका अढाई अर्ब मानिसले टिभीमा हेरेको विश्वास गरिन्छ ।

ग्रेटवाल भत्काएको आरोपमा दुईजना पक्राउ

बेइजिङ / चीनको ग्रेटवाल भत्काएको अभियोगमा दुईजना पक्राउ परेका छन् । उत्तरी सान्क्सी प्रान्तमा उत्खनन यन्त्र प्रयोग गरी ग्रेटवालको एक भागमा क्षति पुऱ्याएको आरोपमा उनीहरूलाई पक्राउ गरिएको केबल न्युज नेटवर्क (सिएनएन)ले जनाएको छ । चिनियाँ सरकारी प्रसारण संस्था चाइना सेन्ट्रल टेलिभिजन (सिसिटिभी)लाई उद्धृत गर्दै सिएनएनले जनाएअनुसार याङकियानहे टाउनसिपमा पर्खालमा ठूलो खाडल खनिएको पाइएको थियो । युयु काउन्टीका अधिकारीले घटना अगस्ट २४ को भएको जानकारी गराएको पनि समाचारमा उल्लेख छ । सुरक्षा अधिकारीले घटना सम्बन्धमा अनुसन्धान जारी राखेका छन् । ग्रेट वालको सो खण्ड(३२ औं)का कारण पर्खालपारि जान लामो बाटो हिँड्नुपर्ने भएपछि ३८ वर्षीय पुरुष र ५५ वर्षीया महिला मिलेर पर्खाल भत्काई छोटो बाटो (सर्टकट) बनाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको अधिकारीले बताएका छन् । पक्राउ परेका महिला र पुरुषलाई राष्ट्रिय अखण्डता र सुरक्षामा खलल पुऱ्याएको आरोप लगाइएको छ । बत्तीसौं ग्रेट वाल खण्ड भिङ काल (१३६८-१६४४)बाट बाँकी रहेका पर्खालमध्ये पर्छ । यसलाई प्रान्तीय सांस्कृतिक अवशेष स्मारकका रूपमा सूचीकृत गरिएको छ । सन् १९८७ मा चीनको विशाल पर्खाल संयुक्त राष्ट्रसंघीय शैक्षिक तथा वैज्ञानिक संगठन (युनेस्को)ले विश्व सम्पदास्थलका रूपमा सूचीकृत भएको थियो ।

विभेदकारी विद्युत् विधेयक

सरोकारवालाको सुझाव नसमेटिएको विद्युत् विधेयकले जलविद्युत्मा निजी क्षेत्रलाई घुमाउरो पारामा छेकेको छ



अर्थ संवाद
• प्रकाश दुलाल

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् ऐन २०८० को मस्यौदा संसद्मा पेस गरेको छ। मन्त्रालयले विद्युत्, उत्पादन, प्रसारण, वितरण तथा व्यापार प्रवर्द्धन गरी स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ विद्युत् आपूर्ति गर्न विद्युत्सम्बन्धी प्रचलित ऐनलाई संशोधन र एकीकरण गर्न सो ऐन मन्त्रिपरिषद्बाट यही १२ भदौमा स्वीकृत गरी संसद्मा पेस गरेको छ।

विद्युत् ऐन २०८० आउँदा विद्युत् ऐन २०४९ को कार्यान्वयनपछिको अवस्थाको समीक्षा गरी त्यसमा भएका सकारात्मक पक्षको निरन्तरता र कमजोरी निराकरण गर्ने गरी आउनुपर्थ्यो। यसका लागि ऐन मस्यौदा तयारीका क्रममा मन्त्रालयले आफ्ना तर्फबाट पूर्णता दिएर सम्बन्धित सरोकारवालाहरूसँग सुझाव माग्न सक्थ्यो। ती सुझावलाई समेत समेटेर मस्यौदाको अन्तिम रूप दिएको भए मस्यौदा योभन्दा झनै राम्रो हुन्थ्यो।

दुर्भाग्य ! मन्त्रालयले सरोकारवालसँग छलफल गर्न आवश्यक ठानेन। आफ्नो तर्फबाट अन्तिम रूप दिई मन्त्रिपरिषद् बाट पारित गरेर संसद्मा दर्ता गरेको छ। संसद्ले ग्रहण गरी दफावार छलफलका लागि संसद्को पूर्वाधार विकास समितिमा पठाएपछि समितिले ऐनलाई अन्तिम रूप दिने क्रममा सरोकारवालाका सुझाव समेट्नेछ भन्ने अपेक्षा छ।

कुनै पनि देशको आर्थिक विकास र समृद्धि त्यहाँ उपलब्ध भएको प्राकृतिक स्रोतको समुचित उपयोगबाटै हुने हो। हामीकहाँ उपलब्ध प्राकृतिक स्रोतमध्ये जलस्रोत प्रमुख स्रोत हो। जलस्रोतको उपयोग खानेपानी, सरसफाइ, सिँचाइ, विद्युत् उत्पादन र जलयातायातमा गर्न सकिन्छ। प्रस्तावित विद्युत् विधेयकले जलस्रोतको उपयोगमध्येको एक विद्युत् उत्पादन र सोको प्रसारण, बिक्री-वितरण र व्यापारको पक्षलाई मात्रै समेट्छ।

विद्युत् उत्पादनको वर्तमान अवस्था : नेपालमा जलविद्युत् उत्पादनको सम्भावना एक लाख २० हजार ६ सय ९३ मेगावाट रहेको जल तथा ऊर्जा आयोगले गरेको एक अध्ययनले देखाएको छ। जसमा नदीप्रवाही ७२ हजार ५ सय ४४ मेगावाट र जलाशययुक्त ४८ हजार १ सय ४९ मेगावाट हुनेछ। एसियाली विकास बैंकले गरेको अध्ययनले करिब ३० हजार मेगावाट सौर्य ऊर्जा क्षमता देखाएको छ।

अहिले विद्युत्जडित क्षमता करिब तीन हजार मेगावाट मात्रै छ। यस्तै, करिब चार हजार ४५२ मेगावाट निर्माणाधीन र नौ हजार ६३३ मेगावाट निर्माणको तयारीमा छ। यसैगरी, ३६ हजार १ सय १५ मेगावाटका ६४४ वटा आयोजना निजी क्षेत्रले अगाडि बढाइरहेको छ भने सरकारी क्षेत्रले १५ हजार २३४ मेगावाटका २२३ आयोजना विकास गर्दै छ।

यसबाहेक नेपाल-भारत सरकारले संयुक्त रूपमा सप्तकोशी उच्च बाँध तीन हजार मेगावाट, पञ्चेश्वर ६४ सय ८० मेगावाट अगाडि बढाउँदै छन्। तर, नेपालको सबैभन्दा ठूलो १० हजार ३०० मेगावाटको कर्णाली चिसापानी बहुउद्देश्यीय वर्षौंदेखि यतिकै छ। यसरी हेर्दा करिब ७१ हजार १६७ मेगावाटका ८८० आयोजना कुनै न कुनै हिसाबले अगाडि बढिरहेका छन्। तर, आर्थिक वर्ष ०७९/८० मा नेपालले १० अर्ब ४५ करोडको विद्युत् भारतलाई बिक्री गर्दा र १९ अर्ब ४४ करोडको विद्युत् भारतबाट खरिद गर्दा विद्युत् व्यापार घाटा मात्रै नौ अर्ब ९९ करोड छ। विद्युत् उत्पादनको अधिक सम्भावना भएर पनि राष्ट्रिय सुरक्षाका दृष्टिकोणले समेत महत्त्वपूर्ण मानिने विद्युत्मा समेत हामी आत्मनिर्भर हुन सकेका छैनौं।

विद्युत् ऐन २०८० का मुख्य विषय : विद्युत् उत्पादनमा निजी क्षेत्र उत्साहित भएर लागेको छ। विद्युत् ऐन ल्याउँदा विद्युत् ऐन २०४९ को समीक्षा गरी त्यसमा रहेका सकारात्मक पक्षको निरन्तरता र कमजोरीको निराकरण गर्ने हुनुपर्थ्यो। तर, प्रस्तावित विद्युत् ऐनको मस्यौदा हेर्दा जलविद्युत् विकासमा निजी क्षेत्रको योगदानलाई बेवास्ता र प्रदेश सरकारको भूमिकालाई कमजोर पार्ने खालको छ।

प्रस्तावित ऐनको 'दफा ५ को उपदफा ३ (ख) मा उल्लेख भएको नेपाल सरकार वा नेपाल सरकारको ५१ प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएको संस्था, निकाय वा संगठित संस्थाले विकास तथा सञ्चालन गर्ने भनी नेपाल सरकारले तोकेको विद्युत् आयोजना, उपदफा (ग) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले एकल वा संयुक्त लगानीमा विकास तथा सञ्चालन गर्ने भनी सम्बन्धित तहको सरकारले निर्णय गरेका विद्युत् आयोजना र दफा ५६ बमोजिम विकास सम्झौता गरेर सञ्चालन गरिने विद्युत् उत्पादन आयोजना विनाप्रतिस्पर्धा अनुमति प्रदान गरिने' भन्ने उल्लेख छ।

सरकारी कम्पनीले विनाप्रतिस्पर्धा लाइसेन्स पाउने र निजी क्षेत्रलाई मात्र प्रतिस्पर्धा गराउने भएपछि राम्रा आयोजना छानीछानी सरकार र तिनका सहायक कम्पनीले लिन सक्ने एकाधिकार छ। यस्तै, बाँकी छोडेका कमसल खालका आयोजनामा निजी क्षेत्रलाई प्रतिस्पर्धा गराउने अवस्था सिर्जना हुन्छ। यसले जलविद्युत् विकासमा निजी क्षेत्रलाई घुमाउरो पारामा ढोका थुन्छ।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार नै निजी क्षेत्रले निर्माण गरेको जलविद्युत् आयोजनाभन्दा सरकारी क्षेत्रले निर्माण गरेका जलविद्युत् आयोजना तीन गुणासम्म महँगो हुन गएको देखिएकाले सरकारले राम्रा आयोजना लिएर महँगोमा निर्माण गर्दा नेपालको जलविद्युत् महँगो भएर अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुनेछैन।

प्रस्तावित ऐनको दफा २२ को उपदफा १ (क) यो ऐन वा प्रचलित कानुनबमोजिम सम्पन्न गर्नुपर्ने कार्य अनुमतिपत्रमा तोकेको समयमा सम्पन्न नगरेमा, (ख) अनुमतिप्राप्त संस्थाको आर्थिक हैसियत वा अवस्था नाजुक भई अनुमतिपत्रबमोजिम कार्य पूर्ण र प्रभावकारी रूपमा सम्पन्न गर्न सक्दैन भन्ने कुरामा अनुमति प्रदान गर्ने अधिकारी विश्वस्त भएमा र (ग) अनुमतिपत्रमा उल्लेखित सर्तहरू पटक-पटक उल्लंघन गरेमा अनुमतिपत्र खारेज गर्न सक्नेछ भन्ने व्यवस्था छ। यसले जलविद्युत् क्षेत्रमा लाइसेन्स दिने अधिकारीलाई असीमित तजबिजी अधिकार दिएको छ। प्रस्तावित ऐनको 'दफा ५ को उपदफा ३ (क) मा 'यो ऐन प्रारम्भ हुनुअघि सर्वेक्षण अनुमतिप्राप्त संस्थाले त्यस्तो अनुमतिको अवधिभित्रै विद्युत् उत्पादन अनुमति प्राप्तको यस ऐनबमोजिम निवेदन दिएको विद्युत् आयोजना विनाप्रतिस्पर्धा दिन सकिने' भनेको छ। तर, यसैको प्रतिबन्धात्मक व्यवस्थामा 'सर्वेक्षण अनुमतिपत्रको अवधिभित्र यस ऐनबमोजिम विद्युत् उत्पादन अनुमतिपत्रका लागि आवेदन दिएका तर त्यस्तो निवेदनका साथ पेस गर्नुपर्ने आयोजनाको अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन, यसले सर्वेक्षण लाइसेन्स लिएर उत्पादन अनुमति लिन आवेदन गरेका ७ हजार ५ सय ४५ मेगावाटका ९५ र आयोजना र सर्वेक्षण अनुमतिपत्र लिएका १२ हजार २२ मेगावाट क्षमताका १३५ आयोजनाको लाइसेन्स खारेज भएर सरकारको बास्केटमा लानेछ। यस दफामा यो ऐन प्रारम्भ हुनु कानुनबमोजिम सर्वेक्षण अनुमतिको अवधिभित्र उत्पादन अनुमति प्राप्तिका लागि आवेदन गरेका आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरिनेछ र ऐनबमोजिम सर्वेक्षण अनुमतिपत्र लिएका आयोजनाको सुरुको मितिबाट नबढ्ने गरी बढीमा ५ वर्ष नवीकरण गरिनेछ' भन्ने नभएमा यी आयोजनाको पहिचान र विकासमा निजी क्षेत्रले गरेको अर्बौंको रकम डुब्नेछ।



> विद्युत् ऐन २०८० को विभिन्न दफामा रहेका विभेदकारी प्रावधान संसद्बाट जस्ताको तस्तै पारित भएमा जलविद्युत् विकासमा निजी क्षेत्रको अवस्था विद्युत् ऐन २०४९ अघिको जस्तै हुने पक्का छ

प्रस्तावित ऐनको दफा ४३ को उपदफा (१) मा विद्युत् आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा नीतिगत विषयमा निर्णय गर्न र सम्बद्ध निकायहरूबीच आवश्यक समन्वय गर्न निर्देशक समिति गठन गरिनेछ भन्ने छ। जसमा 'ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वा राज्यमन्त्री अध्यक्ष, र सदस्यहरूमा राष्ट्रिय योजना आयोगको (ऊर्जा हेर्ने) सदस्य, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव, प्रधानमन्त्री कार्यालयको सचिव, जल तथा शक्ति आयोगको सचिव, लगानी बोर्डको कार्यकारी प्रमुख, स्नातकोत्तर गरेर ऊर्जा क्षेत्रमा पाँच वर्ष अनुभव भएका मन्त्रालयले मनोनयन गर्ने एक महिलासहित तीनजना सदस्य र ऊर्जा मन्त्रालयको सहसचिव सदस्यसचिव हुनेछन्' भनिएको छ।

तर, ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण नीतिगत निर्णय र सम्बद्ध निकायबीच समन्वय गर्ने निर्देशक समितिमा प्रदेश सरकार, नेपाल विद्युत् प्राधिकरणको र निजी क्षेत्रको प्रतिनिधित्वको व्यवस्था गरेको छैन। कम्तीमा संघीयताअनुसार समन्वय गर्न सातै प्रदेशका ऊर्जा हेर्ने मन्त्री, अहिलेसम्म ऊर्जा विकामा नेतृत्वदायी भूमिका खेलेको नेपाल विद्युत् प्राधिकरण र एकजना निजी क्षेत्रको संस्थागत प्रतिनिधित्व नगरी ल्याएको यो ऐनले प्रदेश ऊर्जा विकासमा निजी क्षेत्र, नेपाल विद्युत् प्राधिकरण, प्रदेश सरकारको भूमिका नजरअन्दाज गरेको छ।

यसका साथै यो विधेयकमा रहेका दफा ५६ र दफा १३ अनुसार करार गरेर दिन सक्ने व्यवस्थाले सरकारले चाहेको आयोजना विनाप्रतिस्पर्धा आफूले चाहेको संस्थालाई दिन सक्नेछ। यस्तै, दफा ५ को प्रतिस्पर्धा गर्नुपर्ने व्यवस्था निजी क्षेत्र मात्रैले गर्नुपर्ने हुनाले अहिलेको जस्तो आफैं जलविद्युत् आयोजनाको पहिचान तथा विकास गर्न सक्ने निजी क्षेत्रको भूमिका कटौती गरेको छ। यो ऐनको विभिन्न दफामा रहेका विभेदकारी प्रावधानहरू हेर्दा यो ऐन संसद्बाट जस्ताको तस्तै पारित भएमा जलविद्युत् विकासमा निजी क्षेत्रको अवस्था विद्युत् ऐन २०४९ अघिको जस्तै हुनेछ।

(ऊर्जाविज्ञ दुलाल इप्पानका उपमहासचिव हुन्)

अर्थ ज्ञान

के क्रिप्टोकरेन्सीले भुक्तानीसम्बन्धी कार्यलाई सरल बनाउँछ ?

क्रिप्टोकरेन्सीले भुक्तानीसम्बन्धी कार्यलाई सरल नबनाई जटिल बनाउँछ। सार्वभौम मुलुकले एकरूपता भएका (स्तरीय) मुद्रा निष्कासन गर्नुपूर्व निजी क्षेत्रबाट एकरूपता नभएका विभिन्न वस्तु र धातु तथा कागजातले मुद्राको कार्य गर्थ्यो। त्यस्ता निजी मुद्रा आमसर्वसाधारणमा स्वीकार्य नभए तापनि कुनै निश्चित वर्ग वा समुदायमा मात्र स्वीकार्य हुन्थ्यो र मूलतः वस्तु विनिमय व्यवस्थामा जस्तै : इडियम या एक्सचेन्जको कार्य गर्न सरलता हुँदैनथ्यो। हाल विश्वमा करिब २३ हजार प्रकारका क्रिप्टोकरेन्सी प्रचलनमा रहेको हुँदा नेपाली रुपैयाँजस्तो नेपालभित्र सर्वस्वीकार्य मुद्राले गर्ने भुक्तानी तथा फछ्र्यौटको तुलनामा क्रिप्टोकरेन्सीबाट भुक्तानीसम्बन्धी कार्य जटिल हुन जान्छ। साथै, मुद्रास्फीतिले केही हदसम्म असर गरे तापनि सार्वभौम मुलुकहरूले जारी गर्ने मुद्राले स्टोर या भ्यालुको कार्यसमेत गर्दछ। जसअन्तर्गत आफूलाई वर्तमान समयमा कुनै वस्तु तथा सेवा खरिद गर्न आवश्यक नभएमा भविष्यमा वस्तु तथा सेवा खरिद गर्न सकिन्छ। तर, क्रिप्टोकरेन्सीको मूल्य विशुद्ध रूपमा बजारको माग र आपूर्तिमा मात्र निर्भर हुने तथा धेरै नै उतारचढावपूर्ण हुने भएकाले क्रिप्टोकरेन्सीको मूल्यमा भारी गिरावट आई भविष्यमा कुनै पनि वस्तु तथा सेवा खरिद गर्न नसक्नेसमेत हुन सक्छ।

- नेपाल राष्ट्र बैंक

बिजनेस @



गणेश कार्की
सोसल इन्फ्लुएन्सर

भोटर कार्डवाला त संरचनाको नै काम छैन। जति कार्ड छपाए पनि अन्तिममा भोटर लिस्टमा नाम छ भने नागरिकता देखाएर भोट हाल्न पाइन्छ। त्यो बाध्यकारी नहुने भोटर कार्डलाई व्यवहारमा प्रयोग गर्नुको पछाडि कमिसनभन्दा दोस्रो कुरा छैन भन्नलाई न सत्तापक्ष हुनुपर्छ, न प्रतिपक्ष। कानुनी व्यवस्था तत्काल सुधारेर भोटर कार्डको व्यवस्था नै हटाइनुपर्छ।

त्यस्तै, स्वास्थ्य बिमा कार्डको पनि काम छैन। प्यान कार्डको काम छैन। यस्तै प्रकृतिका अरू कार्डहरूको पनि काम छैन। तिनमा भएका अलग-अलग परिचय नम्बरहरू वाइयात, पट् यारलाग्दा र बोझ मात्रै हुन्। सबैको ठाउँमा नागरिकता नम्बरले काम चल्ने एकीकृत प्रणाली बन्न सम्भव छ। तर, यहाँ २५ वर्षको मान्छेको नागरिकता नम्बर ५० छ। अर्को जिल्लाबाट दिएकोको पनि ५० नै हुन सक्ला। कसैको १२ अंकमा छ, त्यो पनि बीचमा ड्यास हालीवरी। कसैको तीनवटा। यस्तो छिरलो पारामा हुन्न। नागरिकता नम्बरमा नेपालभरि एकरूपता हुनुपर्छ। तरिका गाह्रो नि छैन। उदाहरणका लागि नागरिकता नम्बर ११ वा १३ अंकको बनाउनु। पहिलो ६ वटा अंक जन्ममितिको साल, महिना र गतेको बनाउनु। त्यसपछिका तीनवटा पालिका संख्याको राख्नु। अनि बाँकी रहेका दुई वा चारवटामा पृथक् नम्बर राख्नु। प्रणालीमा जे-जे चाहिने बायोमेट्रिक र अरू विवरण राख्नु। तर, नागरिकतालाई बैंकहरूको एटिएम कार्डजत्रो बनाउनु। अहिलेको नागरिकताको आकार बनाउने निर्णय गर्नेहरूले यो पढ्नेबित्तिकै कान समाएर उठबस गरेर आफैसँग माफी मागे हुन्छ। के आकारमा बनाएको त्यो ? भरअभरमा पर्समा बोकेर हिँड्न पाइयोस् न।

अनि त्यसलाई नागरिकता भनिएकै छ। नागरिकता भन्नमा नै मौलिक र सजिलो छ। किन चाहियो उस्तै कुरा एकभन्दा बढी ? राष्ट्रिय परिचयपत्र नभइनहुने भए नागरिकता अहिले पनि किन बाँडिरहेको ? कि यो बुझाउनु। चुप लाग्छौं।

अर्थ इतिहास

रासायनिक मलको इतिहास

नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि ०४० सालदेखि निरन्तर अध्ययन भइरहेको छ। ०४१ मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल मल कारखानासम्बन्धी सम्भाव्यता अध्ययन गरेको थियो। जाइकाले नेपालमा सानो बजार भएका कारण तत्काल मल कारखना स्थापनाको सम्भावना नभएको प्रतिवेदन सरकारलाई दिएको थियो।

त्यसयता पनि साना-ठूला अध्ययन भइरहेकोमा सन् २०१६ मा लगानी बोर्डको अग्रसरतामा मल कारखानासम्बन्धी अध्ययन भएको थियो। त्यतिबेला मल कारखाना सम्भव भए पनि जटिल र खर्चिलो भएको प्रतिवेदनमा दिइएको थियो। सो प्रतिवेदनले प्राकृतिक ग्यास प्रयोग गरी मल कारखाना सञ्चालन गर्न उपयुक्त हुने सुझाव दिएको थियो। तर,



मुलुकमा प्राकृतिक ग्यास नै नहुँदा कारखाना स्थापनाको विषय त्यतिकै अल्झिएको थियो।

०७७ भदौमा तत्कालीन कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव राजेन्द्रप्रसाद भारीको संयोजकत्वमा 'रासायनिक मल कारखाना सम्भाव्यता अध्ययन कार्यदल' गठन भई मल कारखाना खोल्न सकिने सुझाव दिएको थियो। उक्त प्रतिवेदन थन्क्याउँदै सोही वर्ष तत्कालीन अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट र कृषि तथा पशुपक्षी विकासमन्त्री पद्मा अर्याल सदस्य रहने गरी समिति बनेको थियो। सो कार्यदलले पनि मल कारखाना सञ्चालन गर्न सकिने सुझाव दिए पनि हालसम्म कार्यान्वयन भएको छैन।

कोभिडले बदलेको 'वर्क फ्रम होम'को धारणा


कोभिडपूर्व घरबाट काम गर्दा साहुको नजरबाट टाढा भइन्छ भन्ने धारणा थियो, तर 'वर्क फ्रम होम'सँगै यो धारणा परिवर्तन भयो

कोभिड महामारीका वेला विश्वका लाखौं मानिसले अफिसको काम घरबाट गर्न थाले। यसलाई 'वर्क फ्रम होम' भनियो। त्यतिवेला यो सामान्य विषय थियो। तर, अहिले स्थिति पूर्ववत् अवस्थामा आइसकेको छ। कोभिडको तीन वर्षपछि आएर गुगल, मेटा र अमेरिकाको ठूलो बैंक जेपी मोर्गन चेज एन्ड कम्पनीजस्ता कैयौं कम्पनीले 'वर्क फ्रम होम' मोडेलबारे पुनः विचार गर्न थालेका छन्। यी कम्पनीले आफ्ना कर्मचारीलाई पूरै हप्ता या हप्तामा केही दिन अफिस आएर काम गर्न भनेका छन्।

कोरोनामा बदलिएको धारणा : आयटम युनिभर्सिटीमा फाइनान्सका सहायक प्राध्यापक होजे मारिया बरेरोले वर्क फ्रम होम रिसर्च प्रोजेक्ट सुरु गरेका थिए। यसमा रिमोट वर्किङ या वर्क फ्रम होमबारे जानकारी एकत्रित गरिँदै छ। बरेरोका अनुसार कोभिडमा लकडाउन हुँदा मानिसहरू घरबाटै काम गर्न बाध्य भए। त्यो अवस्थामा बरेरोले अफिसका कैयौं काम घरमै बसेर गर्न सकिन्छ भन्ने देखाए।

कोभिडअगाडि घरबाट काम गर्दा म्यानेजर या साहुको नजरबाट टाढा भइन्छ, इमानदारीपूर्वक काम भएको छैन भन्ने धारणा थियो। तर, महामारीले वर्क फ्रम होम गरेसँगै यो धारणामा पनि परिवर्तन आएको छ।

'वर्क फ्रम होम'बारे शोध गर्दा अमेरिकामा ३४ देशका हजारौंजनालाई सोधिएको थियो। शोधको नतिजामा अमेरिका र बेलायतजस्ता अंग्रेजी भाषा बोल्ने देशमा युरोपका अन्य विकसित देशको तुलनामा वर्क फ्रम होमको स्तर अधिक रहेको पाइयो। यो स्तर एसिया र ल्याटिन अमेरिका देशमा भने कम छ। यसको कारण भनेको एसियाली देशले कोभिडलाई राम्रैसँग नियन्त्रण गरे। जसले गर्दा त्यहाँ लामो समय लकडाउन भएन र मानिसलाई घरबाट काम गर्ने बानी पनि कम लाग्यो।



> कोभिड महामारीले कामकाजको तरिकालाई नयाँ बाटो देखाएको भन्न सकिन्छ। यही कारणले अहिले घरबाट काम गर्नु सामान्य विषय बनेको छ। यद्यपि, विश्वका हरेक ठाउँमा यो लागू भने छैन।

अमेरिकामा ६० प्रतिशत मानिसले आफ्नो काम घरबाट गर्न सक्दैनन्। किनकि, पसल या कलकारखानामा काम गर्नेका लागि यो सम्भव पनि देखिँदैन। तर, कोही मानिस अफिसमा गएर काम गर्छ भने उसले घरबाट पनि काम गर्न सक्छ। यसलाई कामको 'हाइब्रिड' मोडेल भनिन्छ। प्राध्यापक बरेरो भन्छन्, 'अब हाइब्रिड वर्क मोडेल नै काम गर्ने प्रमुख तरिका हो। करिब ३० प्रतिशत मानिस यही मोडेलमा काम गर्छन्।'

बरेरोका अनुसार कुल कर्मचारीको सानो अंश मात्रैले रिमोट वर्क अर्थात् घरबाट काम गर्छन्। विशेषगरी प्रविधिजन्य काम घरबाट हुन्छ। बरेरोको सर्वेक्षणमा भाग लिएका अधिकांश मानिस घरबाटै काम गर्न चाहन्छन्। यसका कैयौं कारण छन्। एउटा त घरबाट काम गर्दा अफिस जानेआउने समय र खर्च बच्छ। दोस्रो, घरबाट काम गर्दा आरामपूर्वक पनि काम गर्न पाइन्छ। तर, यसबारे कम्पनी अनुकूल छैनन्। कम्पनीहरूलाई लाग्छ, कर्मचारीले घरबाट प्रभावकारी ढंगले काम गर्दैनन्। तर, बिस्तारै यो दिशा परिवर्तन भएको छ।

कोभिड महामारीले कामकाजको तरिकालाई नयाँ बाटो देखाएको भन्न सकिन्छ। यही कारणले अहिले घरबाट काम गर्नु सामान्य विषय बनेको छ। यद्यपि, विश्वका हरेक ठाउँमा यो लागू भने छैन।

'वर्क फ्रम होम'मा जोखिम : केही कम्पनीले बजारमा उपस्थिति जनाइरहन कर्मचारीलाई घरबाटै काम गर्न सल्लाह दिएका छन्। तर, अफिसभन्दा बाहिर (रिमोट वर्किङ) बसेर काम गर्नेलाई विभिन्न नियम र निर्देशन पनि छन् र यी नियमको पालना गर्नु जरुरी पनि छ। यता, अनलाइन काम गर्नेहरूलाई निर्धारित समयपछि कम्प्युटर बन्द गर्ने अधिकार पनि छ।

वर्क फ्रम होमको एउटा जोखिमचाहिँ कहिलेकाहीं तोकिएको समयभन्दा पनि बढी काम गर्नुपर्छ। तर, अब उनीहरूसँग डिसकनेक्ट गर्ने अधिकार छ। यसलाई फ्रान्स, इटाली, फिलिपिन्स र क्यानडाजस्ता देशमा प्रयोगमा ल्याइँदै छ।

यसको अर्थ, कामको समय समाप्त भएपछि कर्मचारीले चाहेको खण्डमा अनलाइन कनेक्सन बन्द गर्न सक्छ। कम्पनीको फोन नउठाउन पनि पाउँछ। साथै, तोकिएको समयभन्दा पछाडि काम गर्दिनँ भन्नसमेत पाउँछ। यसमा कम्पनीले ऊविरुद्ध कुनै अनुशासनात्मक कारबाही गर्न सक्दैन। तर, एउटा पेचिलो विषय, केही कम्पनी घरबाट काम गर्ने कर्मचारीको तलब घटाउनेबारे पनि सोच्छन्।

यस्तैमा अमेरिकाको वित्तीय क्षेत्रमा केही कम्पनीले घरबाट काम गर्ने कर्मचारीको तलब घटाएको बताउँछन्, श्रम कानुन विशेषज्ञ रामेल गिल।

चुनौती : कोभिडपछि धेरैले घरबाट काम गर्न थालेका छन्। आफ्ना सहकर्मी, सहयोगीसँग भिडियो कन्फ्रेन्स कलमार्फत बैठक बसेका छन्। त्रिनिटी बिजनेस स्कुल डुब्लिनका प्रोफेसर भ्लाद रिभकिनका अनुसार घरबाटै काम गर्दा यसको असर कर्मचारीको मानसिक स्वास्थ्यमा पर्छ। कर्मचारीको मानसिक स्वास्थ्य नै बिग्रिएपछि कामप्रति लगाव रहन्न। अवसाद हुन्छ र बिरामी हुन्छन् अनि छुट्टी बस्छन्। यस्तो अवस्थामा कम्पनीले उनीहरूको सट्टा अर्कैलाई काममा राख्नुपर्छ, जुन महँगो साबित हुन सक्छ। यसैगरी, वर्क फ्रम होमको अर्को समस्या भनेको कर्मचारीको व्यावसायिक जीवन र निजी जीवन धुमिल बन्छ। अफिसमा काम गर्दा निश्चित समयमा काम सकिन्छ र मानिस घर फर्किन्छन्। तर, यही काम घरबाट गर्दा त्यो सम्भव नहुन पनि सक्छ।


- बिबिसी

सेयर बजार

१९ भदौ ०८०

नेप्से १,९६१.३७ ▼ -६.४५ -०.३२%

कारोबार रकम	जम्मा सेयर
७९,६८,७०,४०८.०५	२४,८०,९२९



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २० भदौ ०८०

नेपाल-भारत ऊर्जा सम्बन्ध मध्यकालीन विद्युत् व्यापारमा प्रवेश

आज रातिबाट एक सय १० मेगावाट बिजुली भारत निर्यात गरिँदै

मिलन विश्वकर्मा/नयाँ पत्रिका


भारतसँग हालसम्म अल्पकालीन विद्युत् व्यापार गर्दै आएको नेपालले अब मध्यकालीन विद्युत् व्यापार पनि सुरु हुने भएको छ। विद्युत् निर्यातका प्रस्तावित स्रोत आयोजना स्वीकृत भएपछि नेपाल विद्युत् प्राधिकरणले भारतसँग मध्यकालीन विद्युत् व्यापार पनि सुरु गर्न लागेको हो।

सम्भवतः बुधबार रातिदेखि मध्यकालीन विद्युत् व्यापारअन्तर्गत बिजुली निर्यात सुरु हुने प्राधिकरणको विश्वास छ। हाल प्राधिकरणले दैनिक बोलकबोल गरेर अल्पकालीन रूपमा भारतको डे-अहेड मार्केटमा विद्युत् बिक्री गर्दै आएको छ। प्राधिकरणले पाँच वर्षसम्म (बर्खाको समयमा मात्र) दुई सय मेगावाट विद्युत् उपलब्ध गराउने गरी भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन)सँग गत जेठमै मध्यकालीन विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गरेको थियो। प्रतियुनिट ५.२५ भारु (८.४० नेपाली रुपैयाँ)का दरमा उक्त पिपिए गरिएको थियो। १७-२० जेठमा सम्पन्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा नेपाल र भारतबीच मध्यकालीन र दीर्घकालीन विद्युत् व्यापार गर्ने समझदारी भएको थियो।

सोहीअन्तर्गत प्राधिकरण र एनभिभिएनबीच उक्त सम्झौता भएको थियो। समझदारीलाई पूर्णता दिन तयार गरिएको नेपाल-भारत मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापार अन्तरसरकारी सम्झौतापत्र पनि हालै भारतीय मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ। अब छिट्टै दुवै देशका ऊर्जासचिवले काठमाडौंमा विशेष समारोह गरेर सम्झौतापत्रमा हस्ताक्षर गर्दै छन्।

मध्यकालीन पिपिएअन्तर्गत प्राधिकरणले २६.१९ मेगावाटको दोर्दी खोला, ८३.४२ मेगावाटको सोलु खोला (दूधकोशी), २१.५३ मेगावाटको अपर चाकु ए, ४२.६८ मेगावाटको सुपर मादी र ४०.७४ मेगावाटको मिस्त्री खोला जलविद्युत् आयोजनालाई स्रोत मानेर बिजुली बिक्री गर्ने प्रस्ताव भारत पठाएको थियो। त्यसमध्ये भारतले मंगलबार ८३.४२ मेगावाटको सोलु खोला (दूधकोशी) र २६.१९ मेगावाटको दोर्दी खोला जलविद्युत् आयोजनालाई स्रोत मानेर एक सय १० मेगावाट विद्युत् बिक्री गर्न प्राधिकरणलाई पत्र पठाएको छ।

त्यससँगै प्राधिकरणले बुधबारबाट नै यसअन्तर्गत विद्युत् निर्यात सुरु गर्ने तयारी गरेको हो। यो विद्युत् ढल्केबर-मुजफ्फपुर चार सय केभी प्रसारणलाइनमार्फत भारतको हरियाणा राज्यलाई बिक्री गरिनेछ। प्राधिकरणका विद्युत् व्यापार प्रमुख प्रबल अधिकारीले बुधबार रातिबाट यसअन्तर्गतको विद्युत् निर्यात सुरु गर्ने बताए। 'विभिन्न आवश्यक प्रक्रिया पूरा गर्दा एक दिन समय लाग्न सक्छ। तर, छिटोमा पनि बुधबार रातिबाट यसअन्तर्गतको विद्युत् निर्यात सुरु हुनेछ,' उनले भने, 'योसँगै नेपाल-भारतबीच मध्यकालीन विद्युत् व्यापार औपचारिक रूपमा नै सुरु हुनेछ।' यसअन्तर्गत पेस गरिएका अन्य आयोजना भने स्वीकृतको चरणमा रहेको जानकारी प्राप्त भएको छ।



■ दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा हस्ताक्षर छिट्टै

ऊर्जासचिव दिनेश घिमिरेले अब छिट्टै नेपाल-भारतबीच मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी अन्तरसरकारी सम्झौतापत्रमा हस्ताक्षर हुने बताए। उनका अनुसार सम्झौतापत्रमा हस्ताक्षर गर्ने कार्यक्रम काठमाडौंमै हुनेछ। 'औपचारिक पत्र आएपछि भारतको विद्युत् सचिवलाई सम्झौतापत्रमा हस्ताक्षर गर्न निम्तो पठाउँछौं। उहाँ आएपछि सम्झौतापत्रमा हस्ताक्षर हुनेछ। त्यसपछि यो कार्यान्वयनको चरणमा प्रवेश गर्नेछ,' उनले भने, 'यसले विशेष गरी नेपाली बिजुलीका लागि भारतीय बजार सुनिश्चित हुनेछ। अहिले प्रारम्भिक चरणमा १० वर्षमा १० हजार मेगावाट विद्युत् बिक्री गर्ने लक्ष्य राखेको हो। तर, यो सम्झौतापत्रको अवधि २५ वर्षको छ। अब २५ वर्षसम्म नेपाली बिजुलीका लागि भारतीय बजार सुनिश्चित भएकाले अब नेपाली जलविद्युत् क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित हुन्छ।'

नेपाली बिजुलीका लागि भारतीय बजार निकै ठूलो मानिन्छ। नेपालमा जति विद्युत् उत्पादन हुँदै छ, सोबराबरको विद्युत् यहीं खपत हुने बजार छैन। अहिले पनि नेपालको विद्युत् गइरहेको अवस्था छ। त्यसैले नेपाली बिजुलीका लागि भारतीय बजार अपरिहार्य छ। त्यो अवस्था यस्ता गतिविधिले नेपालको ऊर्जा विकासमा सहयोग पुग्ने सरोकारवाला बताउँछन्।

उनले बताए।

समग्रमा भारतले मंगलबार थप एक सय ८० मेगावाट बिक्री गर्न प्राधिकरणलाई स्वीकृत दिएको छ। त्यसमा मध्यकालीनअन्तर्गत यही एक सय १० मेगावाट विद्युत् रहेको छ, जुन ढल्केबर-मुजफ्फपुर चार सय केभी प्रसारणलाइनमार्फत भारतको हरियाणा राज्यलाई बिक्री गरिनेछ। यस्तै, अहिलेकै जसरी भारतको डे-अहेड मार्केटमा दैनिक बोलकोबलमार्फत थप ७० मेगावाट विद्युत् बिक्री गर्न पनि भारतले स्वीकृत दिएको छ। टनकपुरस्थित नेपाल-भारत अन्तरदेशीय प्रसारणलाइनबाट ३७ मेगावाटको माथिल्लो चमेलिया र ३३ मेगावाटको माथिल्लो कालांगाडा आयोजनाको विद्युत् बिक्री गर्न भारतले स्वीकृत पठाएको हो। उक्त विद्युत्को निर्यात पनि बुधबारबाटै सुरु हुने प्राधिकरणका निर्देशकसमेत रहेका प्रबल अधिकारीले बताए। टनकपुरस्थित अन्तरदेशीय प्रसारणलाइनबाट पहिलोपल्ट विद्युत् निर्यात हुने लागेको हो।

हालसम्म भारतमा चार सय ५२ मेगावाट विद्युत् बिक्री गर्ने स्वीकृति भएको छ। त्यसमा २३.२८ मेगावाटको त्रिशूली, १४.५५ मेगावाटको देवीघाट, ६७ मेगावाटको मर्स्याङ्दी, एक सय ४० मेगावाटको कालीगण्डकी 'ए', ६८ मेगावाटको मध्यमर्स्याङ्दी, ५१ मेगावाटको लिखु-४, २१.४४ मेगावाटको चिलिमे, २२.८० मेगावाटको सोलु खोला, २४.२५ मेगावाटको काबेली बी-१ र १९.४० मेगावाटको तल्लो मोदी जलविद्युत् आयोजना रहेका छन्। त्यसमा अब थप एक सय ८० गरेर भारतमा नेपालले ६ सय ३२ मेगावाटसम्म विद्युत् बिक्री गर्न सक्नेछ। त्यसमा एक सय १० मेगावाट विद्युत् भने मध्यकालीन पिपिए बिक्री गरिनेछ। अन्य बिजुली भने अल्पकालीन रूपमै बिक्री गरिनेछ।

नेपाल र भारत सरकारबीच दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएपछि भारतीय कम्पनीसँग दीर्घकालीन प्रकृतिको पनि पिपिए गर्ने प्राधिकरणको तयारी छ।

नेपाल-भारतबीच विद्युत् व्यापार गर्ने गरी २०१४ मै सम्झौता भएको थियो। सोही आधारमा अहिले प्राधिकरणले भारतको इनर्जी एक्सचेन्ज मार्केटमा विद्युत् बिक्री गर्दै आएको छ। दैनिक रूपमा बोलकबोल गरेर प्राधिकरणले विद्युत् बिक्री गर्दै आएको छ। तर, त्यो अल्पकालीन विद्युत् व्यापार मात्रै हो। तर, नेपाल-भारतबीचको ऊर्जा सम्बन्ध बुधबारबाट मध्यकालीन विद्युत् व्यापारमा पनि प्रवेश गर्दै छ।

चाडपर्वलक्षित व्यापारले बढ्न थाल्यो कर्जाको माग

नयाँ पत्रिका

लामो समयदेखि आर्थिक क्रियाकलाप संकुचित बन्दा कर्जा प्रवाह बढ्न सकेको थिएन। तर, भदौ लागेयता कर्जा प्रवाह बढ्न थालेको बैंकरहरूले बताएका छन्। नेपाल राष्ट्र बैंकका अनुसार साउनमा बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह ४८ खर्ब ५९ अर्ब थियो। तर, १७ भदौमा आइपुग्दा कर्जा प्रवाह ४८ खर्ब ८२ अर्ब पुगेको छ। अर्थात्, यसबीच बैंकिङ प्रणालीबाट २१ अर्बको कर्जा प्रवाह भएको छ।

नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गर्दै व्यापार बढ्दा कर्जाको माग बढ्न थालेको बैंकरहरूको भनाइ छ। विगतमा भर्खै भदौमा दसैं-तिहारलाई लक्षित गरेर व्यापारीले बढी मात्रामा वस्तु आयात गर्न सुरु गर्ने भएकाले कर्जाको माग बढ्नु स्वाभाविक भएको सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले बताए। उनले भने, 'चाडपर्वका लागि व्यापारीले आयात बढाउने भएकाले पनि कर्जाको माग बढ्न थालेको हो। लामो समयसम्म कर्जा माग बढ्न सकेको थिएन।'

यसरी माग बढ्न खोज्नुलाई सकारात्मक रूपमा लिएको उनले बताए। उनले अहिलेको बढ्दो मागलाई दिगोपन दिनेबारे भने चुनौती रहेको उनको भनाइ छ। त्यस्तै, २६ भदौखि अटो व्यवसायको कुम्भ मेला नाडा अटो सो सुरु हुँदै छ। लामो समयदेखि गाडीको व्यापार कमजोर रहेको अवस्थामा आउँदै गरेको नाडा अटो सोबाट गाडीको व्यवसाय फस्टाउने अनुमान गरिएको छ। बजारमा नयाँ किसिमका गाडीको माग बढ्ने समय भएकाले यसले कर्जाको मागलाई बढाउने बैंकरहरूको अपेक्षा छ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले गाडीको कुम्भ मेलाले आयात बढ्नेसँगै कर्जाको मागलाई समेत बढाउने अपेक्षा गरेका छन्। त्यस्तै, सरकारले जग्गाको कित्ताकाटमा खुकुलो नीति लिँदा घरजग्गा कारोबार प्रोत्साहित हुने भएकाले यसमा टेवा पुग्ने उनको भनाइ छ।

■ औद्योगिक कर्जा सुस्त

यद्यपि, उद्योगहरूबाट कर्जाको मागमा भने सुधार आउन नसकेको बैंकरहरूको भनाइ छ। एभरेष्ट बैंकका सिइओ खालिङ भन्छन्, 'अहिले उद्योग क्षेत्रबाट नभई व्यापारका लागि मात्रै कर्जाको माग बढ्न थालेको छ। यो चिन्ताको विषय हो। यद्यपि, कर्जाको माग बढ्दा अर्थतन्त्र चलायमान हुने अपेक्षा भने गर्न सकिन्छ।'

विगतमा बैंकहरूले ब्याजदर घटाएको परिणाम कर्जा सस्तिएको थियो। जसले कर्जा प्रवाह बढाउन मद्दत पुगेको थियो। तर, भदौका लागि बैंकहरूले बढाएको निक्षेपको ब्याजदरले कर्जाको ब्याजदर बढ्दै जाने संकेत दिएको छ। यसले ब्याजदर स्थायित्व कायम राख्न भने चुनौती थपिएको छ। ब्याजदर बढ्दै जाने अवस्था रहेमा फेरि मागमा संकुचन आउने अर्थशास्त्रीले आकलन गरिसकेका छन्। पछिल्लो समय बैंकको निक्षेप खोसाखोस हुने स्थिति बढ्दै गएपछि साउन र भदौमा सबैजसो बैंकले निक्षेपमा ब्याजदर बढाइसकेका छन्। साउनमा चारवटा बैंकले र भदौमा १२ बैंकले ब्याजदर बढाएका थिए। साउनमा औसतमा ९.८३ प्रतिशत ब्याज दिइरहेका बैंकले भदौमा बढाएर १०.३२ प्रतिशत पुऱ्याएका थिए। व्यवसाय बढ्ने स्थितिलाई मध्यनजर गरेर बैंक निक्षेप संकलनमा बढी केन्द्रित हुन थालेका छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

लम्पी स्किनपीडित किसानलाई २० हजारसम्म राहत दिइने

संक्रमण दर बढ्दै जाँदा क्षतिको आकलन गर्नै मुस्किल

भोजराज भण्डारी/नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले लम्पी स्किन रोगबाट पशु क्षति व्यहोरेका किसानलाई राहतस्वरूप २० हजारसम्म नगद दिने प्रस्ताव गरेको छ। पशु क्षतिको स्वरूप हेरेर राहत वितरण गर्न बजेट स्रोतका लागि अर्थ मन्त्रालय प्रस्ताव पठाइएको पशुपक्षी मन्त्रालयका एक अधिकारीले बताए।

उनले भने, 'एक साताअघि 'लम्पी स्किन राहत क्षति विवरणसम्बन्धी मापदण्ड २०८०' अर्थ मन्त्रालय पठाएका छौं, बजेट स्रोतको सुनिश्चितता भएपछि क्याबिनेटमा प्रस्ताव हुन्छ र वितरणको काम अघि बढ्छ।'

प्रमुख जिल्ला अधिकारीको समन्वयमा राहत वितरण गरिने गरी मापदण्ड प्रस्ताव गरिएको छ। मन्त्रालयका अनुसार किसानको क्षतिको विवरण पशुको संख्या, पशुको प्रकारका आधारमा राहत पाउनेछन्। ती सहसचिवले भने, 'दुधालु गाई-भैंसीको मूल्यअनुसार जातका आधारमा राहत वितरण गरिनेछ, अधिकतम २० हजारबाट माथि जति पनि हुन सक्छ, त्यो समन्वय समितिले निर्धारण गर्छ।'

लम्पी स्किन रोग नियन्त्रणको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिमा पेस गरिसकिएको मन्त्रालयले जनाएको छ।

■ राहत सक्रियता बढाउँदै प्रदेश सरकार

कोशी प्रदेशले खोप खरिदका लागि ५० लाख र आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा दुईदेखि तीन लाख तथा मन्त्रालयमा ६० लाख बजेट विनियोजन गरेको विभागले जनाएको छ।

हाल कोशी प्रदेशमा रोग नियन्त्रणका लागि अभियानका रूपमा खोप कार्य सञ्चालनमा रहेको जानकारी प्राप्त भएको प्रवक्ता ढकालले बताए।

मधेश प्रदेशले ६४ हजार खोप खरिद गरी सकेको, प्राविधिकलाई खोप लगाउने तालिम दिइसकिएको छ र साउन १५ गतेदेखि सप्ताहव्यापी रूपमा खोप कार्य सञ्चालन गर्ने कार्ययोजना रहेको जानकारी प्राप्त भएको विभागले जनाएको छ। मधेश प्रदेशले खोप खरिदका लागि ५० लाख रुपैयाँ र आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा पाँच लाख बजेट विनियोजन गरेको छ।

गण्डकी प्रदेशले खोप खरिदका लागि एक करोड बजेट विनियोजन गरेको छ र अघिल्लो आवमा खरिद गरिएको खोप कार्य सञ्चालनमा रहेको जानकारी प्राप्त भएको विभागको भनाइ छ।

बागमती प्रदेशले खोप खरिदका लागि ६५ लाख रुपैयाँ विनियोजन गरेको छ। आकस्मिक रोग नियन्त्रणका लागि हरेक जिल्लामा पाँचदेखि नौ लाख बजेट विनियोजन गरेको छ। लुम्बिनी प्रदेशमा पनि खोप कार्य चालू रहेको र खोप खरिद कार्यका लागि थप दुई करोड ८३ लाख बजेट व्यवस्थाको प्रक्रिया अघि बढेको जानकारी प्रदेशबाट प्राप्त भएको ढकाले बताए।

पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरी परिचालन गरिएको, सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालासँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको विभागले जनाएको छ। खटिएको टोलीले प्रभावित क्षेत्रमा स्थलगत अनुगमन, प्रदेश तथा स्थानीय तहसँग समन्वयसहित उपचार, प्राविधिक सल्लाह दिइरहेको ढकालले बताए।

भारतसँगको समन्वयमा नेपालमै खोप उत्पादन गरिने

लम्पी स्किन रोगविरुद्धको खोप निःशुल्क उपलब्ध गराउन भारत र चीनसँग समन्वय गरिएको मन्त्रालयका प्रवक्ता सवनम सिवाकोटीले जानकारी दिइन्। उनका अनुसार स्वदेशमै लम्पी स्किन रोगविरुद्धको खोप उत्पादन गर्न आवश्यक मास्टर सिड निःशुल्क उपलब्ध गराउन समन्वय भएको छ। भारतीय पक्षबाट माग गरेअनुसार खोप उत्पादन तथा तत्काल प्रयोगका लागि खोपको उपलब्ध गराउन अवधारणा पत्र परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारमा पेस गरिएको उनको भनाइ छ।

■ संक्रमण दर बढ्दै जाँदा क्षतिको आकलन गर्न मुस्किल

लम्पी स्किन संक्रमण दर बढ्दै जाँदा क्षतिको आकलन गर्ने मुस्किल भएको पशु विभागले जनाएको छ। विभागका एक अधिकारीले भने, 'अहिले पनि संक्रमण बढिरहेको छ, कुन आधारमा क्षतिको विवरण निकाल्ने भन्नेमै जटिलता छ, यकिन विवरण छैन।'

सरकारले पछिल्लो समय संक्रमण दर केही घटेको दाबी गरे पनि यथार्थमा बढिरहेको किसान समूह महासंघका अध्यक्ष नवराज बस्नेतले बताए। उनले भने, 'मधेश प्रदेशमा संक्रमण दर बढेको छ, किसानका दुहुना गाई-भैंसी मरेका छन्, तर सरकार संक्रमण दर घट्यो भनेर पन्छिन खोज्दै छ।'

पशु सेवा विभागका प्रवक्ता चन्द्र ढकालले संक्रमण दर अझै पनि बढिरहेको स्वीकार गर्छन्। पशु सेवा विभागका अनुसार हालसम्म ५२ हजार पाँच सय ४८ पशुको मृत्यु भएको छ। करिब १६ लाखभन्दा बढी पशु संक्रमण भएका छन्। ढकालले भने, 'अहिले नै क्षतिको मूल्यांकन गर्न कठिन छ, संक्रमण दर बढी नै रहेको, मृत्युदर पनि बढिरहेकाले तत्काललाई राहतसँगै खोपमा पनि प्राथमिकता दिनुपर्नेछ।'

मन्त्रालयका अनुसार १३ लाख ६९ हजार डोज भ्याक्सिन आयात भएको र त्यसमध्ये नौ लाख १९ हजार चार सय १६ पशुमा भ्याक्सिन लगाइएको छ।

भुटान एयरलाइन्सले काठमाडौं उडान पुनः सुरु गर्ने

आगामी ३० भदौदेखि सातामा दुईतर्फी दैनिक चार उडान हुने

काठमाडौं/ भुटान एयरलाइन्सले काठमाडौं उडान पुनः सुरु गर्ने भएको छ। थिम्पुमा मुख्यालय रहेको भुटानको पहिलो निजी एयरलाइन्स, भुटान एयरलाइन्स (बि-३) ले ३० भदौदेखि पारो-काठमाडौं उडान पुनः सुरु गर्ने घोषणा गरेको हो।

विश्वव्यापी कोभिड-१९ को महामारीका कारण रोकिएको काठमाडौंको उडान पुनः सुरु गरिने भएको भुटान एयरलाइन्सको नेपालको आधिकारिक जनरल सेल्स एजेन्ट (जिएसए) सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेसले जनाएको छ। कम्पनीका अनुसार आइतबार, सोमबार, बुधबार र शनिबार गरी सातामा चार उडान हुनेछन्। यी उडानहरूले पारो-काठमाडौं-दिल्लीलाई दुईतर्फी रूपमा जोड्नेछन्।



सन् २०१३ बाट भुटान एयरलाइन्सले काठमाडौं उडान गर्दै आएको छ। भुटान-काठमाडौं फ्लाइट पुनः सुचारु भएकोमा खुसी व्यक्त गर्दै भुटान एयरलाइन्सका प्रमुख कार्यकारी अधिकृत पेमा नाडिकले अब उडानतालिका नियमित राख्ने बताए। 'कोभिड-१९ महामारीका समयमा उडानहरू रद्द गर्ने वा रिरुट गर्नेजस्ता कठिन निर्णय लिनुपर्दा हाम्रो विश्वसनीयतामा पनि प्रश्न उत्पन्न भएको थियो,' उनले भने, 'अब हाम्रा सम्पूर्ण ग्राहकलाई यो विश्वास दिलाउन चाहन्छौं कि हामी जस्तोसुकै चुनौतीपूर्ण समयमा पनि उडानहरू नियमित राख्नेछौं र विश्वसनीय वायुसेवाका रूपमा आफूलाई स्थापित गराउनेछौं।'

त्यस्तै, सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेजका चेयरम्यान रविचन्द्र सिंहले भुटान एयरलाइन्सको उडान पुनः सुरु गरेकोमा उत्साहित भएको बताए। यस नयाँ सुरुवातले दुवै देशका पर्यटकलाई थप सहज हुने र पर्यटन उद्योगलाई थप प्रवर्द्धन गर्ने उनले बताए।

श्रमिकको उद्धार गर्न ८५ करोड खर्चियो बोर्डले

मुना कुँवर/नयाँ पत्रिका

वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकको उद्धार गर्न तथा आर्थिक सहायतामा ८५ करोड खर्चिएको छ। बोर्डको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७९/८० मा ६ हजार चार सय ६९ श्रमिकको सहयोगमा ८४ करोड ८० लाख खर्च भएको हो।

वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकका परिवारलाई आर्थिक सहायताबापत बोर्डले ६५ करोड ५१ लाख खर्च गरेको छ। अंगभंग वा गम्भीर बिरामी भएका श्रमिकलाई आर्थिक सहायताबापत गत वर्ष मात्रै नौ करोड ९७ लाख खर्च भएको छ। बोर्डले ५६ लाख रुपैयाँ श्रमिकको परिवारका सदस्यलाई स्वास्थ्य उपचारका लागि खर्च गरेको छ। त्यस्तै, श्रमिकका छोराछोरीलाई छात्रवृत्तिबापत दुई करोड ८२ लाख भुक्तानी गरेको छ।

त्यस्तै, बोर्डले शव व्यवस्थापनमा लागि दुई करोड ८५ लाख खर्च गरेको छ। विदेशमा हराएका श्रमिकको उद्धार तथा खोजतलासका लागि ४३ लाख १० हजार, शव झिकाउन दुई करोड ६० लाख तथा अभिमुखीकरण तालिमबापत तीन लाख ५४ हजार खर्च गरेको तथ्यांक छ।

बोर्डले वैदेशिक रोजगारीमा गएका श्रमिकबाट कल्याणकारी कोषका लागि रकम असुल्दै आएको छ। कोरिया र जापान जाने श्रमिकबाट दुई हजार पाँच सय र मलेसिया र खाडी मुलुक जाने श्रमिकबाट कल्याणकारी कोषका लागि एक हजार पाँच सय लिँदै आएको छ। यसरी कोषमा पाँच अर्ब ३५ करोड संकलन भएको कोषका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए। बोर्डले सोही कोषको प्रयोग गरी श्रमिकलाई आर्थिक सहायता प्रदान गर्दै आएको छ। कोषमा जम्मा भएको रकम विभिन्न २० वटा बैंकमा जम्मा गरिएको बोर्डले जनाएको छ। वैदेशिक रोजगारीमा गएकामध्ये गत वर्ष मात्रै एक हजार पाँच सय ३० जना श्रमिकको मृत्यु भएको बोर्डले जनाएको छ। वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर काम गरिरहेका एक हजार दुई सय आठजना श्रमिकको मृत्यु भएको छ भने तीन सय १२ जना अनौपचारिक रूपमा काम गरिरहेका श्रमिकको मृत्यु भएको बोर्डका निर्देशक राजन पौडेलले बताए। पौडेलका अनुसार श्रम स्वीकृति लिएर गएका नेपाली श्रमिक सम्बन्धित रोजगारदाताकोमा नै काम गरिरहेको अवस्थामा मृत्यु भएमा रोजगारदाताले नै श्रमिकको शव नेपाल पठाउने व्यवस्था छ। यसरी यस्ता श्रमिक बोर्डको तथ्यांकमा आइपुग्छन्। तर, श्रम स्वीकृति नलिईकन अनौपचारिक माध्यमबाट रोजगारीमा गएका वा गन्तव्य मुलुकमा पुगेर गैरकानुनी रूपमा बस्दै आएका श्रमिकको हकमा भने बोर्डले शव झिकाउन सहयोग गर्दै आएको छ। यसका लागि बोर्डले सम्बन्धित मुलुकमा रहेको नेपाली नियोगसँग सहकार्य गर्छ। अघिल्लो आवमा भने औपचारिक रूपमा रहेका एक हजार चार सय ७९ जना नेपाली श्रमिकको मृत्यु भएको थियो।

गत वर्ष बोर्डले मृत्यु भएका एक हजार दुई सय आठ नेपाली श्रमिकका परिवारलाई आर्थिक सहयोग प्रदान गरेको छ। जसमध्ये ४५ जना महिला र एक हजार एक सय ६३ जना पुरुष रहेका छन्। त्यस्तै, गत वर्ष तीन सय ८९ जना श्रमिक अंगभंग भएर नेपाल फर्किएका छन्। जसमध्ये नौजना महिला र तीन सय ८० जना पुरुषलाई बोर्डले आर्थिक सहायता प्रदान गरेको छ।

त्यस्तै, बोर्डले एक सय १२ जना श्रमिकका परिवारलाई उपचार खर्च दिएको छ। जसमध्ये ११ जना महिला छन्। आठ सय १८ जना श्रमिकको शव ढुवानी गरिदिएको छ। जसमध्ये ३४ महिला र सात सय ८४ पुरुषको शव व्यवस्थापन गरिएको बोर्डले जनाएको छ। एक सय ६७ जना श्रमिकको उद्धार गरेको छ। जसमध्ये सातजना महिला नेपाली श्रमिक र एक सय ६० जना पुरुष श्रमिक रहेका छन्। त्यस्तै, बोर्डले गत वर्ष पाँच सय सात जना महिला श्रमिकका लागि अभिमुखीकरण तालिम निःशुल्क उपलब्ध गराएको छ।

यसका साथै बोर्डले गत आवमा वैदेशिक रोजगारीमा जान चाहने इच्छुक नौ हजार नौ सय पाँचजना श्रमिकलाई निःशुल्क सीपमूलक तालिम प्रदान गरेको छ।

बोर्डले दिने सुविधा के-के छन् ?



श्रम स्वीकृति लिएर गएका नेपाली श्रमिक गन्तव्य मुलुकमा मृत्यु भएमा कोसले मृतकका परिवारलाई सात लाखसम्म आर्थिक सहायता प्रदान गर्छ। यसका लागि सम्बन्धित परिवारले स्थानिय निकायबाट बोर्डमा निवेदन दिन सक्नेछन्। वैदेशिक रोजगारीकै अवस्थामा अंगभंग भएका नेपाली श्रमिकलाई क्षतिका आधारमा पनि आर्थिक सहायता प्रदान गर्दै आएको छ। श्रमिकको अंगभंग भएको मात्राका आधारमा अधिकतम सात लाख प्रदान गर्दै आएको छ। यसका लागि घटना भएको एक वर्षभित्रमा श्रमिकले बोर्डमा निवेदन दिई सक्नुपर्नेछ।


बोर्डले विदेशबाट शव झिकाउनेदेखि शव व्यवस्थापनका लागि पनि सहयोग गर्दै आएको छ। अनौपचारिक रूपमा विदेशमा रहँदै आएका श्रमिकको हकमा सम्बन्धित नियोगसँगको सहकार्यमा शव झिकाउँदै आएको छ। त्यस्तै, नेपालमा आइपुगेको शव सम्बन्धित श्रमिकको घरसम्म पुऱ्याउन लागि बोर्डले नै सवारीसाधनको व्यवस्था गरेको छ। साथै दाहसंस्कारका लागि २५ हजार रुपैयाँ प्रदान गर्दै आएको छ।

साथै, मृतक श्रमिकका छोराछोरीलाई छात्रवृत्ति पनि प्रदान गर्छ। नियमावलीअनुसार बोर्डले मृतकका दुईवटा छोराछोरीलाई छात्रवृति प्रदान गर्छ। छात्रवृत्तिका लागि सामुदायिक विद्यालयतर्फ पूर्वप्राथमिकदेखि कक्षा १२ सम्म र संस्थागत विद्यालयतर्फ नर्सरीदेखि १२ कक्षासम्ममा क्रमश वार्षिक आठ हजार १२ हजार प्रदान गर्छ।

बोर्डले मृतकका परिवारलाई स्वास्थ्य उपचारका लागि सहयोग रकम प्रदान गर्छ। कामदारलाई परिवारलाई क्यान्सर, मिर्गौला प्रत्योरोपण, मुटको शल्यक्रिया, पार्किन्सन र अलजाइमर भएमा उपचारका लागि बढीमा ५० हजार रुपैयाँसमम प्रदान गर्छ। बोर्ड यस्तो रकम एकपटकका लागि मात्रै भुक्तानी गर्छ। बोर्डले श्रमिकलाई प्रदान गरिँदै आएको सहायता रकम दोब्बरले वृद्धि गर्ने योजना श्रम मन्त्रालयमा प्रस्ताव गरेको छ। त्यस्तै, श्रमिकले कल्याणकारी कोषका लागि भुक्तानी गर्ने रकम पनि दोब्बरले वृद्धि गर्ने प्रस्ताव गरिएको बोर्डले जनाएको छ।

लुक्लामा पनि इन-रुट वेदर क्यामरा

काठमाडौं/ दुर्गम भेगको स्टल उडान सुरक्षित बनाउने उद्देश्यसहित काठमाडौं-लुक्ला सेक्टरमा इन-रुट वेदर क्यामरा जडान गरिएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले राष्ट्रिय आविष्कार केन्द्रसँगको सहकार्यमा मौसमसम्बन्धी जानकारी गराउने इन-रुट वेदर क्यामरा जडान गरेको हो।



सोलुखुम्बुस्थित फाप्लुको उत्तरतर्फ इन-रुट वेदर क्यामरा जडान गरिएको क्यानले जनाएको छ। क्यामराले जहाज उड्ने रुटमा मौसमका बारेमा प्रत्यक्ष जानकारी गराउँछ। स्टल उडानमा एक्कासि मौसम परिवर्तन भएर हुन सक्ने सम्भावित जोखिम कम गर्न इन-रुट वेदर क्यामराले सहयोग गर्ने क्यानको विश्वास छ। यो क्यामराले प्रस्थान र गन्तव्य विमानस्थलमा इन-रुटको 'रियल टाइम भ्यु' देखाउनेछ। भौगोलिक जटिलता एवं मौसमी विविधतालाई मध्यनजर गर्दै क्यानले हवाई उड्डयन क्षेत्रलाई थप सुरक्षित, भरपर्दो एवं विश्वसनीय बनाउन स्टल उडानको बीचभागमा पर्ने हवाई रुटमा मौसमसम्बन्धी जानकारी दिने क्यामरा जडान गर्न २५ कात्तिक ०७९ मा राष्ट्रिय आविष्कार केन्द्रसँग समझदारी गरेको थियो। सम्झौताबमोजिम आविष्कार केन्द्रले पोखरा-जोमसोम रुटमा पर्ने माहुरेडाँडा, कुटुका र लेतेमा मौसमसम्बन्धी जानकारी दिने क्यामरा जडान गरिसकेको छ।

यी क्यामरा जडान तथा व्यवस्थापन खर्च क्यान आफैंले व्यहोर्नेछ। हिमाली भेगमा पर्ने काठमाडौं-लुक्ला, पोखरा-जोमसोमलगायतका हवाई रुट उडानका लागि जोखिमपूर्ण मानिन्छन्। यस्तै, पश्चिम क्षेत्रका जुम्ला, सिमिकोट, डोल्पा, रारा रुटमा पनि मौसमसम्बन्धी जानकारी दिने क्यामरा जडान गर्ने क्यानको तयारी छ। क्रमशः अन्य क्षेत्रहरूमा पनि इन-रुट वेदर क्यामरा जडान गर्दै जाने क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

आइएमईद्वारा प्रवर्द्धित तिप्ल्याङ-कालीगण्डकी आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता

नयाँ पत्रिका

अन्नपूर्ण तथा रघुगंगा गाउँपालिकामा अवस्थित तिप्ल्याङ-कालीगण्डकी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् खरिद-बिक्री सम्झौता सम्पन्न भएको छ। यो आयोजना आएमई समूहद्वारा प्रवर्द्धित हो।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र तिप्ल्याङ कालीगण्डकी हाइड्रोपावर प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले विद्युत् प्राधिकरणमा आयोजित एक कार्यक्रमबीच उक्त खरिद-बिक्री सम्झौतामा हस्ताक्षर गरेका हुन्।

अहिले ५८ मेगावाट क्षमताको विद्युत् खरिद-बिक्री सम्झौता भएको छ। यद्यपि, आयोजनाको क्षमता वृद्धि गरी ८६ मेगावाट कायम गर्न विद्युत् विकास विभागबाट सैद्धान्तिक सहमति प्राप्त भइसकेको छ। बाँकी क्षमताको पनि छिट्टै खरिद-बिक्री सम्झौता गरिने बताइएको छ। यो आयोजनामध्ये कालीगण्डकी जलविद्युत् आयोजना र मिस्त्री खोला-२ आयोजनाको क्यास्केडका रूपमा विकास गरिएको हो।प्राधिकरणले आयोजनाबाट उत्पादित ऊर्जा सुक्खायाममा ८.४० रुपैयाँ प्रतियुनिट र वर्षायाम ४.८० रुपैयाँ प्रतियुनिट र व्यापारिक उत्पादन सुरु मितिबाट वार्षिक ३ प्रतिशतका दरले आठपटकसम्म मूल्यवृद्धि दिई खरिद गर्नेछ।



यस्तै, आयोजनाबाट उत्पादन हुने विद्युत् शक्ति प्राधिकरणको निर्माण सम्पन्न भइसकेको कालीगण्डकी करिडोरअन्तर्गत सबस्टेसनमा जोडिनेछ।

आइएमई समूहबाट प्रवर्द्धित हाइड्रो सपोर्ट प्रालिबाट ६६.३ मेगावाट क्षमताको माथिल्लो मध्यकालीगण्डकी जलविद्युत् आयोजनाको विद्युत् खरिद-बिक्री सम्झौता यसअघि नै सम्पन्न भइसकेको छ। यी दुईवटा आयोजनाको कुल विद्युत् क्षमताबाट सुक्खायाममा २९५.४६८ र वर्षायाममा ६३०.८९५ गरी कुल वार्षिक ९२६.३६५ गिगावाट आवर ऊर्जा उत्पादन हुनेछ। दुवै आयोजना ०८६ साल असार महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य तय गरिएको छ।

आयोजनाको कुल लागत ३३ अर्ब १४ करोड रुपैयाँ रहेको छ। आयोजनामा स्वपुँजी लगानी आइएमई समूहलगायतबाट हुनेछ भने वित्तीय व्यवस्थाका लागि नबिल बैंक लिमिटेडको अगुवाइमा हुनेछ। आयोजना सञ्चालनमा आएपछि स्थानीय क्षेत्रमा थप पूर्वाधारको विकास हुने, स्थानीयलाई थप रोजगारी प्राप्त भई स्थानीय सीपमा अभिवृद्धि हुनुका साथै स्थानीयस्तरमा आम्दानी तथा आर्थिक गतिविधिमा समेत वृद्धि हुने बताइएको छ।

साथै, राष्ट्रिय एकीकृत ऊर्जा प्रणालीमा थप १५२.३ मेगावाट विद्युत् अभिवृद्धि हुन गई विद्यमान ऊर्जा संकटलाई न्यूनीकरण गर्न, वार्षिक रूपमा विद्युत् रोयल्टी तथा करबापत केन्द्रीय, प्रादेशिक तथा स्थानीय सरकारलाई प्राप्त हुने ठूलो रकमबाट स्थानीय तथा क्षेत्रीय अर्थतन्त्रमा अभिवृद्धि गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ।

आइएमई पेमार्फत पानी र इन्टरनेट भुक्तानीमा छुट

काठमाडौं/ आइएमई पेले 'विकेट टु विन' नामक अभियानअन्तर्गत नयाँ अफर सार्वजनिक गरेको छ।

१९ भदौदेखि १८ असोजसम्म चल्ने सो अफरअन्तर्गत इन्टरनेट तथा पानीको बिल भुक्तानी आइएमई पेमार्फत गर्दा सय रुपैयाँसम्म छुट पाइने भएको छ।

सो छुट प्राप्त गर्न सेवाग्राहीले पानीको बिल भुक्तानी गर्ने क्रममा 'वाटर' कोड राख्नुपर्नेछ भने इन्टरनेटको बिल भुक्तानी क्रममा 'इन्टरनेट' प्रोमो कोड राख्नुपर्नेछ।

अफरअन्तर्गत सेवाग्राहीले पानीको प्रोमो कोड अफर अन्तरालभरि जति चोटि पनि प्रयोग गर्न सक्नेछन्। तर, इन्टरनेटको प्रोमो कोड भने अफर अन्तरालभरि एकजना ग्राहकले एकचोटि मात्र प्रयोग गर्न पाउने कम्पनीले जनाएको छ।

नेपालमा व्यावसायिक सम्बन्ध विस्तार गर्न चिनियाँ राजदूतलाई परिसंघको आग्रह

काठमाडौं/ नेपाल उद्योग परिसंघले नेपालमा लगानी एवं व्यावसायिक सम्बन्ध विस्तार गर्न चीनलाई आग्रह गरेको छ। परिसंघले मंगलबार नेपालका लागि चिनियाँ राजदूत चेन सोङलाई भेटेर यस्तो आग्रह गरेको हो।

परिसंघ अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको प्रतिनिधिमण्डलले राजदूत सोङसँग भेट गरी लगानी एवं व्यावसायिक सम्बन्ध विस्तारका विषयमा छलफल गरेको हो। अध्यक्ष अग्रवालले नेपालका लागि चीन विकासको महत्त्वपूर्ण साझेदार रहेको भन्दै पूर्वाधार क्षेत्रमा सहकार्य गर्न आवश्यक रहेको बताए। उनले पूर्वाधार, प्रविधि हस्तान्तरण, सीप, पर्यटनलगायतका क्षेत्रमा चिनियाँ लगानी एवं सहकार्यलाई उच्च प्राथमिकता दिन राजदूतलाई आग्रह गरे।

विद्युतीय व्यापारका माध्यमबाट नेपाली वस्तु चिनियाँ बजारमा पुऱ्याउन सहयोग गर्न पनि उनले आग्रह गरे। त्यस्तै, परिसंघ र चाइना काउन्सिल फर प्रमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी)बीचको सहकार्यमा नेपालमा देखिने गरी काम गर्न लागेको समेत राजदूत सोङलाई जानकारी गराए।



सो अवसरमा चिनियाँ राजदूत सोङले चीन र भारतको बीचमा भएर सानो देखिए तापनि नेपाल सानो मुलुक नभएको बताए। नेपालसँग भएको आफ्नो ऊर्जा र स्रोतमार्फत विकास गर्न सक्ने भन्दै उनले दीर्घकालीन विकास रणनीति आवश्यक रहेकोमा जोड दिए।

राजदूत सोङले ऊर्जा क्षेत्रलाई प्राथमिकता दिँदै नेपालले विद्युतीय प्रयोग बढाउनुपर्ने सुझाव दिए। त्यसले आयात प्रतिस्थापनमा सहयोग गर्ने उनको भनाइ थियो। नेपालको औद्योगिक विकासका लागि चीनले सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

सो अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न चीन भ्रमणका विषयमा समेत छलफल भएको थियो।

टिआइएमा राखिए पाँच सय नयाँ ट्रली

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआए)मा पुराना ब्यागेज ट्रली हटाएर नयाँ ट्रली राखिएको छ। अन्तर्राष्ट्रिय टर्मिनल भवनको अराइभल कक्षमा पाँच सय थान नयाँ ट्रली राखेको विमानस्थलका प्रवक्ता सुवास भाले बताए।

यात्रुहरूले पुराना थोत्रा ट्रलीमा ब्यागेज राखेर गुडाउँदा दुर्घटना निम्तिएको गुनासो गरिरहेका वेलामा नयाँ सुविधायुक्त ट्रली राखिएको हो। 'अराइभल कक्षमा पुराना ट्रलीहरू थिए, ओरालो टाभलेटरमा गुडाउँदा कतिको ब्रेक नलाग्ने, पांग्रा अड्किनेजस्ता समस्या आइरहेको थियो,' उनले भने, 'अब हामीले पुराना ट्रलीहरू हटाएर नयाँ राखेका छौं।' ट्रलीको ह्यान्डलमा थिचेपछि गुड्ने र छाडेपछि रोकिने सुविधा हुन्छ।

त्रिभुवन विमानस्थलको डिपार्चर र अराइभल कक्षमा गरी करिब १२-१३ सय ट्रली रहेका छन्। अराइभल कक्षमा आइएमएस समूहले समेत ट्रली राखेको हुँदा त्यहाँ सात सयभन्दा बढी रहेको हुन सक्ने प्रवक्ता भाले बताए। आइएमएस समूहले विमानस्थलमा ३० वर्षसम्म लिजमा सञ्चालन गर्ने गरी नयाँ अराइभल कक्ष निर्माण गरेको छ।

रामेछापमा आलुको उत्पादन बढ्यो

रामेछाप/ विगतका वर्षको तुलनामा यस वर्ष रामेछापमा आलुको उत्पादन २८ प्रतिशतले वृद्धि भएको छ। कृषकले परम्परागत रूपमा गर्दै आएको आलुखेतीमा आधुनिक विधिसहित उन्नत जातको बिउको प्रयोग गरेपछि आर्थिक वर्ष ०७८/७९ मा भन्दा ०७९/८० मा आलुको उत्पादनमा वृद्धि भएको हो।

किसानलाई आलु उत्पादनसम्बन्धी तालिमको व्यवस्था, पिबिएस तथा उन्नत आलुको बिउको प्रयोग, सिँचाइ सुविधाको विस्तार, उचित मलखादको प्रयोग, रोग-किराको पहिचान तथा रोकथाम र ड्याम बनाएर आलुखेती गरिएका कारण गत वर्षको भन्दा यो वर्ष २८ प्रतिशतले आलु उत्पादनमा वृद्धि भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना रामेछापका प्रमुख थिरलाल गैरेले जानकारी दिए। उनका अनुसार क्रप कटिङ प्रविधिबाट लिइएको तथ्यांकअनुसार आव ०७८/७९ मा प्रतिहेक्टर १५.१४ मेट्रिकटन उत्पादन भई जिल्लाभर ४९ हजार ६ सय ३० मेट्रिकटन आलु उत्पादन भएको थियो।

नबिल बैंक लिमिटेड, महेन्द्रनगर शाखा, कञ्चनपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०५/२०)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीफर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृती पत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०८०/०२/१८ को आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **महेन्द्रनगर शाखा, कञ्चनपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म तथा ऋणी फर्मका प्रोप्राईटरको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, भीमदत्तनगर, कञ्चनपुरमा मितिः २०७०/०९/२४ मा प्रा.फ.र.नं. ३६९/०७०/०७१ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **श्री ग्वालेक ग्यास खरिद बिक्री केन्द्र।**

ठेगानाः कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. १८, कटान कञ्चनपुर।

ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगानाको विवरणः

डिगम्बर बोगरीकी छोरी, भानदेव जोशीकी बुहारी, प्रेम प्रकाश जोशीकी श्रीमती, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १५ घर भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ बस्ने, नागरिकता नं. १६६८३६ (जारी मितिः २०६३/२/१० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कञ्चनपुर) भएकी **श्रीमती सुनिता देवी जोशी।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. भानदेव जोशीको नाती, प्रेम प्रकाश जोशीको छोरा, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ बस्ने, नागरिकता नं. ७५/०१/७७/००३०० (जारी मितिः २०७७/०४/०२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कन्चनपुर) भएको **श्री छवि राज जोशी।**

२. गंगा राम जोशीको नाती, भानदेव जोशीको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १५ घर भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ बस्ने, नागरिकता नं. ५७८००१४४ (जारी मितिः २०५५/०३/२६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का कन्चनपुर) भएको **श्री प्रेम प्रकाश जोशी।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

गंगाराम जोशीको नाती, भानदेव जोशीको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १५ घर भई हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ बस्ने, **श्री प्रेम प्रकाश जोशी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १५ मा अवस्थित कि.नं. ६८३४ क्षेत्रफल ७०७.२९ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **महेन्द्रनगर शाखा, कञ्चनपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मितिः २०८०/०६/०३ गते ५:०० बजे भित्र यस बैंकको **महेन्द्रनगर शाखा, कञ्चनपुर**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०६/०४ गते ३:०० बजे बैंकको **महेन्द्रनगर शाखा, कञ्चनपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिकरुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नु पर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **महेन्द्रनगर शाखा, कञ्चनपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : स्याङ्जा, फोन: ०६३-४२५१२६/२७/२८

को

शाखा कार्यालय स्याङ्जाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०५/२० गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय स्याङ्जाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०४/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

पदम बहादुर रानाको बुहारी, सितल बहादुर रानाको पत्नी, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. १३, स्थित स्थायी ठेगाना भएको दिर्पा राना (ना.प्र.प.नं. २८५९, स्याङ्जा)

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बख्त बहादुर रानाको बुहारी, नर बहादुर रानाको पत्नी, स्याङ्जा जिल्ला, सातुपसल गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **रुबि कुमारी राना (ना.प्र.प.नं.१०१५४, स्याङ्जा)**
२. पदम बहादुर रानाको नाति, सितल बहादुर रानाको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **गोपाल राना (ना.प्र.प.नं.४२-०१-७१-०४३६४, स्याङ्जा)**

धितोमा रहेको सम्पतिको विवरण

दिर्पा रानाको नाममा मालपोत कार्यालय स्याङ्जाको लगतमा दर्ता श्रेस्ता कायम रहेको स्याङ्जा जिल्ला, सातुपसल गा.वि.स./न.पा. वडा नं ८ स्थित कि.नं. १४९७, १४९८ र १४९९ को क्रमशः क्षेत्रफल ०-४-१-२, ०-५-०-३ र ०-३-०-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०५/२१ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय स्याङ्जाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/०३ गते बुधबार सार्वजनिक बिदा परेकोले मिति २०८०/०६/०४ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय स्याङ्जामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/०५ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय स्याङ्जामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा, कार्यालय स्याङ्जाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय स्याङ्जामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

कोशी सरकार विवादमाथिको सुनुवाइ मंगलबार पनि टुंगिएन

बिहीबार आदेश आउने सम्भावना

नयाँ पत्रिका

कोशी सरकार गठनको वैधानिकता परीक्षणमाथिको सुनुवाइ मंगलबार पनि सकिएन । मंगलबार विपक्षीका तर्फबाट बहस नसकिएपछि सुनुवाइ हेर्दाहेर्दैमा राखिएको छ ।

बुधबार सार्वजनिक बिदा परेकाले अब बिहीबार मात्र सुनुवाइले निरन्तरता पाउनेछ । बिहीबार निवेदकका तर्फबाट जवाफी बहस भएपछि आदेश आउने सम्भावना छ । आइतबार संयुक्त इजलासबाट भएको आदेशानुसार सोमबारबाट पूर्ण इजलासमा सुनुवाइ थालिएको थियो । ४ भदौमा कोशीका मुख्यमन्त्री उद्धव थापाले पाएको विश्वासको मत बदर हुनुपर्ने र उनीमाथि अदालतको अवहेलनामा कारबाही अघि बढाउनुपर्ने भन्दै ६ भदौमा रिट दायर भएको थियो । जसमाथि पूर्ण इजलासमा बहस भइरहेको छ ।

सोमबार निवेदक पक्षका कानुन व्यवसायीले बहस गरेका थिए । मंगलबार महान्यायाधिवक्तासमेतले कोशीको सत्तारूढ दलका तर्फबाट बहस गरेका छन् । मंगलबार सरकारी वकिलसमेत गरी डेढ दर्जनले बहस गरेका थिए । विश्वासको मत पाउने दिन उपसभामुख बिरामी बिदा बसेपछि ज्येष्ठ सदस्यले प्रदेश सभा बैठकको अध्यक्षता गरेका थिए । यसका साथै उनले



मुख्यमन्त्री थापाको पक्षमा मतदानसमेत गरेका थिए ।

उनी मतदान गर्न जाँदा सभाको अध्यक्षता गरेकी प्रदेश सभा सांसद गीता तिमल्सिनाले समेत मुख्यमन्त्री थापाका पक्षमा मतदान गरेकी थिइन् । जुन संविधान प्रतिकूल र सर्वोच्चकै व्याख्याविरुद्ध रहेको दाबीसहित पूर्वमुख्यमन्त्री हिक्मत कार्की सर्वोच्च पुगेका थिए ।

रिटमाथि सुनुवाइ गर्दै एक न्यायाधीशको इजलासबाट दीर्घकालीन र महत्त्वपूर्ण निर्णय गर्न रोक लगाइएको थियो । साथै, आदेशमा थापाले विश्वासको मत प्राप्त गरेको भनी गरिएको घोषणासमेतका सक्कल कागजात झिकाउन भनिएको थियो । रिट संयुक्त हुँदै हाल पूर्णमा सुनुवाइ भइरहेको छ । न्यायाधीशत्रय सपना प्रधान मल्ल, कुमार चुडाल र नहकुल सुवेदीको इजलासमा यो मुद्दाको सुनुवाइ हुँदै छ ।

महान्यायाधिवक्ता दीनमणि पोखरेलले प्रदेश सभामा पेस हुने विश्वासको मतसम्बन्धी प्रस्ताव अन्य प्रस्तावभन्दा फरक रहेको जिकिर गरेका थिए । बहुमतको सरकारले विश्वासको मत नपाए मात्रै प्रदेश सभाको सबैभन्दा ठूलो दललाई सरकारको नेतृत्वको अवसर दिनुपर्ने उनको भनाइ थियो ।

विश्वासको मत पाएको अवस्था रहेका कारण सीधै अर्को प्रक्रियामा जान नमिल्ने उनको तर्क थियो । उपसभामुख आफैं सभा बोलाएर आफैं बिदामा बसेकोप्रति विपक्षका कानुन व्यवसायीले प्रश्न उठाएका थिए । महान्यायाधिवक्ता पोखरेलले पनि उक्त कार्य 'अस्वाभाविक' रहेको बताए ।

कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता बुद्धिबहादुर कटुवालले पनि उस्तै तर्क गरे । उपसभामुखले आफ्नो संवैधानिक दायित्व पूरा नगरेको उनको भनाइ थियो । निवेदक कार्कीले मुख्यमन्त्री थापालाई अदालतको अवहेलनामा कारबाहीसमेत मागेका छन् । यसअघि यस्तै मुद्दामा अदालतबाट भएको आदेश नमानेकाले उनलाई कारबाही हुनुपर्ने रिटमा माग छ ।

यसमाथि केन्द्रित रहँदै वरिष्ठ अधिवक्ता विजय मिश्रले संक्षिप्त आदेशलाई नजिर वा फैसला नमानेको भन्न नमिल्ने बताए । नियतवश उपसभामुखका साथै विपक्षीका ज्येष्ठ सदस्यलाई बिदा बस्न लगाएको उनको भनाइ थियो ।

अधिवक्ता ललित बस्नेतले उपसभामुख सिर्जना दनुवार बिरामी नरहेको भन्दै डिएनए परीक्षण गरिनुपर्ने बताएका थिए । उनले विपक्षीले उपसभामुखमाथि नै प्रश्न तेर्स्याएका थिए । उनी आफ्नो जिम्मेवारीबाट पन्छिएको कानुन व्यवसायीहरूको भनाइ थियो ।

एनआरएनलाई

पृष्ठ १ बाट क्रमशः

गरेसँगै नागरिकता ऐन, २०६३ संशोधन भएको थियो । ऐन जारी भएलगतै ०७२ भन्दा अघि जन्मका आधारमा नेपालमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिने विषय कार्यान्वयनमा गए पनि नियमावली नहुँदा अन्य नयाँ प्रावधान भने रोकिएका थिए ।

नियमावली आएसँगै अन्य प्रावधान कार्यान्वयनका लागि पनि अब बाटो खुलेको छ । 'मन्त्रिपरिषद्बाट नागरिकता नियमावली स्वीकृत भयो भन्ने सुनेका छौं,' गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले भने, 'अब यसलाई कार्यान्वयनमा लैजान्छौं ।'

ऐनको दफा ७ मा गैरआवासीय नेपालीलाई नागरिकतासम्बन्धी प्रावधान छ । ऐनको ७ (क) १ मा भनिएको छ, 'विदेशी मुलुकको नागरिकता प्राप्त गरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्यराष्ट्रबाहेकका देशमा बसोवास गरेको र साबिकमा वंशजको वा जन्मका आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने' ऐनमा प्रावधान छ ।

विभिन्न मुलुकमा करिब १५ लाखभन्दा बढी गैरआवासीय नेपाली रहेको गृह मन्त्रालयको अनुमान छ । यस्तो नागरिकता पाउनेले भोट हाल्ने तथा राजनीति गर्न भने पाउने छैनन् । साथै, सरकारी पदमा पनि बस्न पाउँदैनन् । व्यवसाय गर्न पाउनुका साथै उनीहरूले सम्पत्ति भने दुवै देशमा राख्न पाउँछन् ।

नियमावलीले गैरआवासीय नेपालीलाई नेपाली नागरिकता लिने प्रक्रिया र मापदण्ड प्रस्ट पारेको छ । निवेदन दिने व्यक्ति वा उनको आमा-बुबा, हजुरबुबा-हजुरआमा साबिकमा नेपालको नागरिक रहेको प्रमाण पेस गर्नुपर्ने हुन्छ ।

विगतमा नेपाली नागरिकता लिएको भए त्यो त्याग गरेको प्रमाण, विदेशी मुलुकको नागरिकता भएको प्रमाण आवश्यक पर्नेछन् । साथै, नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिबद्धता पनि आवश्यक हुने र शपथ गराउनुपर्ने प्रावधानसमेत ऐन र नियमावलीमा छ । यस्तो नागरिकता लिएका व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रहितविपरीतको कार्य गरेको ठहरेमा नागरिकता रद्द गर्न सकिने व्यवस्थासमेत छ ।

नयाँ नियमावलीमा अन्य केही नयाँ व्यवस्था पनि छन् । नयाँ नियमावली पारित भएसँगै आमाको नामबाट नागरिकता लिन अब सहज हुने गृह मन्त्रालयका अधिकारी बताउँछन् । नेपाली आमाबाट जन्म भई बाबुको पहिचान खुल्न नसकेको अवस्थामा आमा वा बाबुको थर तथा ठेगानामध्ये रोजेको थर तथा ठेगाना राख्न पाउनेछन् ।

दुई घन्टा...

पृष्ठ १ बाट क्रमशः

अवस्थाबारे बुझाउन नसकेको दाबी गर्छन् । 'अस्पताल पुग्दा पनि उपचार नपाएर बालिकाको ज्यान जानु राम्रो होइन । तर, बिरामीका आफन्तले बालिकाको अवस्थाबारे सेक्युरिटी गार्डलाई राम्ररी भन्नुभएको रहेनछ, त्यसकारण यस्तो घटना हुन पुग्यो,' उनले भने, 'बिरामीको भिड धेरै हुने भएकाले पनि पुग्दाबित्तिकै सेवा लिन कठिन छ ।'

अस्पतालको लापरबाहीले बालिकाको ज्यान गएपछि आफन्तले सोमबार नै सिसिटिभी फुटेज हेर्न अस्पताल प्रशासनलाई आग्रह गरेका थिए । कृष्णबहादुरले घटनाको जिम्मा अस्पताल प्रशासनले लिनुपन, दोषीमाथि कारबाही हुनुपर्ने र क्षतिपूर्ति दिनुपर्ने माग गरेका छन् । मृतकका आफन्तले सोमबार राति र मंगलबार बिहान अस्पताल परिसरमा आन्दोलन पनि गरेका छन् ।

बालिकाको मृत्युपछि नियम सुधारको घोषणा

पालो कुर्दाकुर्दै उपचार नपाएर बालिका रेजिशाको मृत्यु भएपछि कान्ति बाल अस्पताल प्रशासनले इमर्जेन्सी कक्षको नियम सुधारको घोषणा गरेको छ । पालोमा बस्दा गाह्रो भएका बिरामीलाई पहिले पालो दिने गरी नियम सुधारिएको निर्देशक रायले बताए । त्यस्तै, पालो पर्खिनुपर्ने बिरामीलाई पनि पर्खाइकै क्रममा निगरानी गर्न इमर्जेन्सी विभागलाई निर्देशन दिएको उनको भनाइ छ । 'अब इमर्जेन्सीमा आएर गाह्रो भएका बिरामीले पालो कुर्नुपर्दैन, हामीले मंगलबारदेखि नै नियम सुधारेका छौं,' रायले भने ।

बहिरंग सेवा दिनमा तीन घन्टा मात्र, भिड इमर्जेन्सीमा

ओपिडीमा भन्दा इमर्जेन्सीमा आउने बिरामी धेरै



बालबालिकाको विशिष्टीकृत अस्पताल भएकाले देशभरबाट कान्तिमा बिरामी ल्याइन्छन् । तर, अस्पतालको बहिरंग सेवा (ओपिडी) दिनमा जम्मा तीन घन्टा मात्रै सञ्चालन हुन्छ । बिहान १०:०० बजेदेखि सुरु हुने ओपिडी दिउँसो १:०० बजे नै बन्द हुन्छ । ओपिडीमा देखाउन नभ्याएका बिरामी इमर्जेन्सीमा आउँछन् । नाम इमर्जेन्सी दिए पनि ओपिडीभन्दा खासै केही फरक छैन । ओपिडीमा जस्तै चर्को लाइन हुन्छ, टिकट काट्न पनि लाइन नै बस्नुपर्छ । बिरामी कुन गम्भीर हो, कुन सामान्य हो भन्नेसँग मतलब हुँदैन, टिकट नम्बरअनुसार पालोमा बसेर जँचाउनुपर्छ, ओपिडीमा जस्तै । अन्य अस्पतालबाट स्लाइन पानी तथा अक्सिजन दिएर एम्बुलेन्समै ल्याइएका बिरामीलाई मात्रै तुरुन्तै भर्ना गरिन्छ ।

सयभन्दा बढी बिरामी पालोमा हुन्छन्, तर चेकजाँचमा भने कहिलेकाहीं एकजना मात्रै चिकित्सक हुन्छन्, प्रायः दुईजना । अस्पताल प्रशासनका अनुसार इमर्जेन्सीमा २४ घन्टामा १२ जना चिकित्सक खटाउने गरिएको छ । त्यसमध्येकै चिकित्सक मागअनुसार एनआइसियू, पिआइसियू र अन्य उपचारमा पनि लाग्नुपर्छ । ५-६ जनासम्मको टिम इमर्जेन्सीमै रहने भए पनि अन्यत्र माग हुँदा कहिलेकाहीं कम पनि हुन सक्ने बताउँछन् अस्पताल निर्देशक राय । यस्तो अवस्थामा इमर्जेन्सीमा गएको गम्भीर बिरामीले पनि घन्टौंसम्म कुर्नुपर्ने अवस्था हुन्छ । यस्तै अवस्थाका कारण सोमबार साँझ रेजिशाले अकालमै ज्यान गुमाउनुपऱ्यो ।

'यहाँ एउटा डाक्टरलाई इमर्जेन्सीमा बसेर मात्रै पुग्दैन, आवश्यकताअनुसार जता पनि दौडिनुपर्ने हुन्छ,' निर्देशक रायले भने, 'कहिलेकाहीं आइसियूको डाक्टर सर्जरीमा हुन्छन् भने कहिले इमर्जेन्सीमा पनि पुग्छन्, इमर्जेन्सीमा पनि हामीले ग्रिन, एल्लो, रेड जोन भनेर छुट्याएका छौं, सोहीअनुसार उपचार गरिन्छ ।'

हाल कान्ति अस्पतालमा १२ पिआइसियू र १५ एनआइसियू बेड छन् । अन्य सामान्य बेड एक सय ५० हाराहारी भए पनि एउटै बेडमा दुईजनासम्म बिरामी राख्ने गरिएको छ । इमर्जेन्सीमै बिरामीको भिड अत्यधिक हुँदा एउटै बेडमा दुईजनासम्मलाई उपचार गर्ने गरिएको अस्पताल प्रशासनले नै जनाएको छ । अस्पतालका अनुसार इमर्जेन्सीमा दैनिक तीन सयसम्म बिरामी आउने गरेका छन् भने ओपिडीमा आउने दुई सयभन्दा बढी हुन्छन् । अस्पतालमा बालरोगसँग सम्बन्धित ३० भन्दा बढी विशेषज्ञ चिकित्सक छन् ।

टिआरसी...

पृष्ठ १ बाट क्रमशः

निर्काल्नुपर्ने उनीहरूको निष्कर्ष छ । यो विधेयक २५ फागुनमा प्रतिनिधिसभामा दर्ता भई १५ वैशाखमा समितिमा आएको थियो ।

विधेयकमा मतभिन्नता कायमै रहेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबारै विपक्षी दलका नेता केपी ओलीसँग छलफल गरेका छन् । प्रधानमन्त्री कार्यालय सिंहदरबारमा मंगलबार करिब पौने घन्टाको भेटमा प्रधानमन्त्री प्रचण्डले संसद्मा विचाराधीन अवस्थामा रहेका विधेयक र आसन्न अमेरिका तथा चीन भ्रमणमा केन्द्रित रहेर एमाले अध्यक्ष ओलीसँग छलफल गरेका थिए ।

ओलीलाई मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बोलाएर प्रधानमन्त्री प्रचण्डले टिआरसी विधेयक टुंग्याउन सहयोग मागेका थिए । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यका अनुसार एमाले अध्यक्ष ओलीले विधेयकलाई सुधार गरेर अगाडि बढाउन आफूहरू तयार रहेको बताएका थिए । 'टिआरसी विधेयकबारे छलफल भयो । प्रधानमन्त्रीज्यूले यसमा सहमति गर्नौं, छिटो अगाडि बढाउँ भन्नुभयो । उहाँ (ओली)ले पनि ठीक छ अघि बढौं भन्नुभयो । सकारात्मक छलफल भयो,' उनले भने ।

प्रधानमन्त्री प्रचण्ड संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन आगामी ३० भदौमा अमेरिकाको न्युयोर्क प्रस्थान गर्दै छन् । उनी त्यतैबाट चीन भ्रमणमा जाने तयारीमा छन् । प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका एजेन्डाबारे सरकारले गृहकार्य गरिरहेको छ ।

सम्पत्ति शुद्धीकरणमा उपसमिति गठन

कानुन समितिले सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी विधेयक सम्बन्धमा दफावार छलफल गरेर प्रतिवेदन बुझाउन ११ सदस्यीय उपसमिति गठन गरेको छ ।

उपसमितिमा कांग्रेसबाट तीनजना सदस्य छन् । सदस्यको नाम टुंगो लाग्न बाँकी छ । एमालेबाट प्रतीक्षा तिवारी र चन्द्रबहादुर विश्वकर्मा, माओवादीबाट रामकुमार राई, रास्वपाबाट सोविता गौतम, राप्रपाबाट ध्रुवबहादुर प्रधान, जसपाबाट रञ्जुकुमारी झा, एकीकृत समाजवादीबाट शेरबहादुर कुँवर र जनमतबाट गोमा लाभ सापकोटा सदस्य छन् ।

सम्पत्ति शुद्धीकरण विधेयक २७ माघमा प्रतिनिधिसभामा दर्ता भई १५ वैशाखमा समितिमा आएको थियो । समितिले विधेयकमा छलफल अगाडि नबढाउँदा नेपाल अन्तर्राष्ट्रियस्तरमा कालोसूचीमा पर्ने जोखिम बढ्दै गएको छ । विधेयक समितिमा आएको चार महिनामा दफावार छलफलका लागि समिति गठन भएको हो ।

बाबुलाई...

पृष्ठ १ बाट क्रमशः

व्यवस्थाअनुसार अनिरुद्ध निलम्बनमा परेका हुन् । सोमबार पत्राउ परेका सांसद अनिरुद्धलाई मंगलबार जिल्ला अदालत सप्तरीमा उपस्थित गराइएको थियो । उनलाई न्यायाधीश राजेन्द्रकुमार आचार्यको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो । रिताकुमारी चौधरीको जाहेरीले नेपाल सरकार भएको कर्तव्य ज्यान र डाँका मुद्दाका फरार प्रतिवादी अनिरुद्ध घटना भएको १६ वर्षपछि पत्राउ परेका थिए ।

जिल्ला अदालतले अनिरुद्धको हकमा मुद्दा मुल्तबीमा राखिदिने फैसला गरेकामा अब उनलाई प्रहरीले पत्राउ गरेपछि मुद्दाको अनुसन्धान सुरु हुने भएको हो । ०६४ असारमा सप्तरीका एक पुरुषको हत्या घटनामा मुछिएका उनीविरुद्ध किटानी जाहेरी परेपछि फरार थिए । पछि राजनीतिमा सक्रिय भएर उनी गत निर्वाचनमा प्रदेश सभा सदस्यमा विजयी भए ।

अनिरुद्ध पत्राउ परेपछि प्रदेश सभा सचिवालयले सोमबार नै सूचनामार्फत जानकारी गराइसकेको छ । प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को (२) बमोजिम सदस्यको पत्राउसम्बन्धी जानकारी दिइएको हो । उपनियम (२) मा बैठक नचलेको अवस्थामा प्रदेश सभा सदस्य पत्राउ परेमा सोको जानकारी सभामुखले सचिवालयको सूचनापाटीमा टाँस गर्न लगाई वा अन्य सञ्चारमाध्यमबाट दिनुपर्ने व्यवस्था छ । सोही प्रावधानअनुसार प्रदेश सभा सचिव रञ्जित यादवले सूचना जारी गरेका हुन् ।

सप्तरीको साबिक नेगडा गाविस- ५ मा दीपु भनिने गोविन्द चौधरीको अपहरणपछि गोली हानी हत्या भएको थियो । उक्त मुद्दा अदालत जाँदा अनिरुद्ध फरार रहेका कारण जिल्ला अदालतले मुद्दा मुल्तबीमा राखेको थियो । १९ चैत ०६८ मा जिल्ला अदालत सप्तरीले उनको हकमा तत्कालीन मुलुकी ऐनको अदालती बन्दोबस्तीको १९० बमोजिम मुल्तबीमा राख्ने आदेश गरेको थियो । अनिरुद्ध पत्राउ परेसँगै यो मुद्दा मुल्तबीबाट जागेको छ । अब उनीमाथि कर्तव्य ज्यान र डाँका मुद्दामा अनुसन्धान तथा अभियोजन प्रक्रिया अघि बढ्नेछ ।

यसरी भएको थियो चौधरीको हत्या

९ असार ०६४ मा सप्तरीका गोविन्द चौधरी एक आफन्तलाई पुऱ्याउन मोटरसाइकलमा गइरहेका थिए । साबिकको बोदेबर्साइन- ४ बाट बिहान साढे ११ बजेतिर उनलाई अपहरण गरी वडा नम्बर ५ नेगडा पुऱ्याई चाइनिज पेस्तोलले छातीसमेतका भागमा पाँच गोली प्रहार गरी उनको हत्या गरिएको थियो ।

चौधरीसँग भएको रकम लुटपाट गर्नुका साथै गोली हानी हत्या गरिएको भन्दै प्रहरीले त्यसमा संलग्न नौजनामाथि मुद्दा चलाएको थियो । जसमा अनिरुद्धसिंह यादवका साथै जगदीशप्रसाद भगत, दिनेश यादव, इसा मियाँ, वीरेन्द्र यादव, श्याम यादव, ताराकान्त यादव र ज्याबुल मियाँसमेतको संलग्नता रहेको दाबी अभियोगपत्रमा थियो ।

जाहेरी दरखास्त र घटना विवरण कागजअनुसार चौधरीलाई सुरुमा दिनेश यादवले दुई राउन्ड गोली प्रहार गरेका थिए । तर, उनी पुनः उठ्न लागेको देखेपछि जगदीशप्रसाद भगतले दुई र दिनेशले एक गोली हानी भागेका थिए । घटनास्थलमा रहेकी चौधरीकी आफन्त रुकमणी चौधरीले हुल बाँधी आएका नौजनाले कन्चटमा गोली ताकी उनीसँग रहेको नगदसमेत लुटी लगेको र हत्या गरेको कागज गरेकी थिइन् । हत्याको योजनाकार अनिरुद्धका साथै ताराकान्त रहेको प्रहरीको दाबी छ ।

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

थली, काठमाडौं

ठेक्का संसोधन गरिएको सूचना

सूचना प्रकाशन मिति : २०८०।०५।२०

यस नगरपालिकाबाट मिति २०८०।०५।१३ गते प्रकाशित सूचना मार्फत आव्हान गरिएको बोलपत्रको Construction of Satghattey–Adhikari gaun–Pipaldanda–Manichaur Road. (Contract Identification No. Pipaldanda–Manichaur Road/W/NCB/02/2080–81) मा आवश्यक संसोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ । सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मा गई हेर्न सकिने छ ।

Invitation for Bids

Gandaki Provincial Government
Ministry of Social Development and Health
Health Directorate
Damauli Hospitali,Tanahun
Invitation for Electronic Bids
Date of publication: 2080/05/20

1. Gandaki Provincial Government, Ministry of Social Development And Health, Health Directorate, Damauli Hospital, Tanahun, has received a fund from Damauli Hospital management committee towards the cost of *Procurement of* ***Medicine, X-Ray Films, Surgical Items and Chemical, Lab Reagent and Kits, Dental Items and medicine*** and intends to apply part of the fund to cover eligible payments under the Contract for *IFB No:* **as Mention below:**
2. The Gandaki Provincial Government, , Ministry of Social and Health, Health Directorate, Damauli Hospital, Tanahun, invites electronic bids from eligible bidders for the procurement of ***Medicine, X-Ray Films, Surgical Items and Chemical, Lab Reagent and Kits, Dental Items and medicine to be delivered at Damauli Hospital Tanahun under national competitive bidding procedure specified in the Public Procurement Act and regulation.***
3. Intrested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Damauli Hospital,*** Gandaki Province, Telephone: 065565603, E-mail: damaulihospital2068@gmail.com, wesite: damaulihospital.gandaki.gov.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidding documents are available on online and can be downloaded from e-GP system: https://bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Information to deposit the cost of bidding document in Bank:
   - Name of Office: **Damauli Hospital**
   - Rajaswa (revenue) title no. : **14229**
   - Rajaswa (Revenue) account no : **00101000000001001001**
   - Security deposit (Dharauti) Acc No: **kha 2.3- pa le ni ka Dharauti Khata No 06002000002003000001**
   - Office code no : **3500938014**
5. Interested Bidder shall submit the Electronic Bids through https://bolpatra.gov.np/egp to the afore mentioned office of Damauli Hospital, through https://bolpatra.gov.np/egp on or before 1:00 PM, 2080/06/19.
6. The bids will be opened in the presence of Bidders' representatives at 4:00 PM, 2080/06/19 at ***Damauli Hospital***. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum amount of bids mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject any or all the bids without assigning reason, whatsoever. Any intimidation, collusion and curtailing during bidding process shall be punishable by law.
9. The name and identification of the contract are as follows:

S.N.	Contract Identification	Description	units	Bid Document Fee	Bid Security Amount (NRs)
1.	DH/NCB /1/080/081	Procurement of medicine	As per BOQ	3000	2,99,755/- (Two lakh ninty nine thousand seven hundred fifty five only)
2.	DH/NCB /2/080/081	Procurement Of Laborotary Reagent Erba-XL-200	As per BOQ	3000	29,847.53/- (Twenty nine thousand eight hundred forty seven rupees five three paisa only)
3.	DH/NCB /3/080/081	Procurement Of Laborotary Reagent Coulter counter Reagent/CBS-300	As per BOQ	3000	25,142.50/- (Twenty five thousand one hundred forty two rupee fifty paisa only)
4.	DH/NCB /4/080/081	Procurement of Laborotary Reagent for Clia-900i	As per BOQ	3000	29,333/- (Twenty nine thousand three hundred thirty three only)
5.	DH/NCB /5/080/081	Procurement Of Laborotary Reagent For Tulip 5 Parts	As per BOQ	3000	23,559/-(Twenty three thousand five hundred fifty nine only)
6.	DH/NCB /6/080/081	Procurement Of X-Ray Films Of Konka Menolta	As per BOQ	3000	28,965/- (Twenty eight thousand nine hundred sixty five only)
7.	DH/NCB /7/080/081	Procurement Of Surgical Items & Chemicals	As per BOQ	3000	14,9247.29/- (One lakh forty-nine thousand two hundred forty seven rupee twenty nine paisa only)
8.	DH/NCB /8/080/081	Procurement Of Dental Items	As per BOQ	3000	29,990.15/- (Twenty nine thousand nine hundred ninty rupee fifty paisa only)
9.	DH/NCB /9/080/081	Procurement Of Laborotary Kit & Reagent	As per BOQ	3000	28,601.78/- (Twenty eight thousand six hundred one rupee seven eight paisa only)

Damauli Hospital, Tanahun

बुधबार २० भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

प्रशिक्षक मोन्टीले बनाए ह्याप्पी ड्रेसिङ रुम

भारतको ड्रेसिङ रुममै पुगेर नेपालका प्रशिक्षक मोन्टी देसाईले राहुल द्रबिड, विराट कोहली र हार्दिक पाण्ड्याबाट सोमपाल कामी, आसिफ शेख र दीपेन्द्रसिंह ऐरीलाई तक्मा थाप्न लगाए

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देसाई खेलाडीलाई खुसी बनाउन र आत्मविश्वास बढाउन निकै सिपालु छन् । हार वा जितमा उनी कहिल्यै निराश हुँदैनन्, खेलाडीलाई पनि निराशावादी बनाउँदैनन् । मैदानमा जस्तो नतिजा आए पनि ड्रेसिङको वातवरण खुसी नै बनाइराख्नुपर्छ भन्ने मान्यता उनको हो । नेपाली टोली सम्हालेको दिनदेखि नै उनले 'ह्याप्पी ड्रेसिङ रुम' रणनीति बनाउँदै आएका छन् । यसक्रममा उनले एसिया कप क्रिकेट प्रतियोगितामा दुईपटकका एकदिवसीय विश्वकप च्याम्पियन भारतसँग १० विकेटले पराजित भए पनि नेपाली खेलाडीलाई सक्दो आत्मविश्वास र खुसी प्रदान गर्ने काम गरेका छन् ।

नेपाली खेलाडीले ह्याप्पी ड्रेसिङ रुम भारतकै रुममा मनाउँदा उनीहरूको मनोभावना कस्तो होला ? भारतजस्तो क्रिकेटकै बलियो राष्ट्रविरुद्ध साहसिक प्रदर्शन गरेका खेलाडीलाई प्रशिक्षक देसाईले भारतीय ड्रेसिङ रुममै लगेर अनुभव साट्न लगाए । यति मात्र कहाँ हो र, उनले भारतविरुद्ध उत्कृष्ट प्रदर्शन गरेका आफ्ना खेलाडीलाई भारतीय प्रशिक्षक र विश्वचर्चित खेलाडीबाट सम्मानस्वरूप तक्मा प्रदान गराए । खेल सकेपछि उनले सीधै आफ्ना खेलाडीलाई लिएर भारतीय ड्रेसिङ रुममा लगेका थिए ।

आफ्नो समयकै विश्व क्रिकेटकै 'द वाल' उपनाम पाएका वर्तमान भारतीय टोलीका मुख्य प्रशिक्षक राहुल द्रविड, पूर्वकप्तान विराट कोहली र हार्दिक पाण्ड्याबाट आसिफ शेख, सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीलाई पदक थाप्न लगाए । भारतीय नागरिक देसाईसँग लामो समयसम्म इन्डियन प्रिमियर लिग (आइपिएल)को अनुभव छ । आइपिएलमा आबद्ध भएका कारण नै उनी भारतीय खेलाडीसँग नजिक हुन पाए । यसैको परिणामस्वरूप उनले ड्रेसिङ रुममा नेपाली खेलाडीलाई प्रोत्साहन गर्ने प्रशिक्षकको शैली आर्फैंमा उदाहरणीय कार्य हो ।

भारतको ड्रेसिङ रुममा उनले औपचारिक कार्यक्रम आयोजना गरेका थिए । द्रविड, कोहली र पाण्ड्याबाट पदक लगाउँदा नेपाली खेलाडी लजाएका देखिन्थे । देसाईले नै पदक थाप्न आउने खेलाडीको बारेमा संक्षिप्त जानकारी आफ्ना समकक्षीलाई दिएका थिए । उनले नेपाली खेलाडी किन पदकका हकदार थिए भन्ने कारण पनि खुलाए ।

देसाईकै प्रशिक्षणमा नेपालले आइसिसी विश्व क्रिकेट लिग-२ मा अन्तिम १२ मध्ये ११ खेल जितेर एकदिवसीय मान्यता रक्षा गरेको थियो । लिग-२ मा शीर्ष तीन स्थानमा रहँदै नेपालले एकदिवसीय विश्वकप छनोटमा स्थान बनाएको थियो । यसैगरी, एसिसी प्रिमियर कपको उपाधि जित्दै नेपालले पहिलोपटक एसिया कपमा स्थान बनायो ।



तस्बिर सौजन्य : इन्साइड स्पोर्टस्

■ १० विकेटको जितले ठूलो अर्थ राख्छ : जडेजा

भारतका स्पिनर रवीन्द्र जडेजाले नेपालसँगको १० विकेटको जितले ठूलो अर्थ राख्ने बताएका छन् । उनले खेलपछि नेपाली खेलाडीसँगको संक्षिप्त कुराकानीमा सो कुरा बताएका हुन् । एसिया कपको सुपर फोरमा पुगेको भारतले आगामी खेलमा उत्कृष्ट प्रदर्शन गर्नुपर्ने उनले बताए । 'हाम्रो नजरमा १० विकेटको जितले ठूलो अर्थ राख्छ, अब हाम्रो ठूला खेल आउँदै छन्,' जडेजाले भने, 'नेपालसँग पहिलोपटक खेल्यौं, हामीलाई नेपालको राम्रो र कमजोर पक्ष थाहा थिएन, यसै कारण नेपालका ओपनरले सुरुका १० ओभरमा राम्रो गरेका थिए ।'

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अर्णीनित	अंक	रनरेट
पाकिस्तान	२	१	०	१	३	४.७६
भारत	२	१	०	१	३	१.०२
नेपाल	२	०	२	०	०	-३.५७

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अर्णीनित	अंक	रनरेट
श्रीलंका	२	२	०	०	४	०.५९
बंगलादेश	२	१	१	०	२	०.३७
अफगानिस्तान	२	०	२	०	०	-०.९१



■ कोहलीसँग अटोग्राफ लिए सोमपालले

भारतसँगको प्रतिस्पर्धामा दुई रनले अर्धशतक बनाउन चुकेका नेपालका अलराउन्डर सोमपालले कोहलीसँग अटोग्राफ लिएका छन् । उनले जुत्तामा कोहलीको अटोग्राफ लिएको तस्बिर सोसल मिडियामा राखेका छन् । सोमपालले भारतका पूर्वकप्तान कोहली एक क्रिकेटर मात्र नभएर भावना जोडेको प्रतिक्रिया दिएका छन् । 'वास्तवमा विराट एक क्रिकेटर मात्रै नभएर भावना गाँसिएको छ,' उनले भनेका छन्, 'उनी हामीसँग जोडिएका छन् ।' सोमपालले भारतविरुद्ध ५६ बलमा दुई छक्का र एक चौका प्रहार गरेका थिए ।

■ अफगानिस्तानविरुद्ध श्रीलंकाले निकाल्यो सनसनी जित

साबिक विजेता श्रीलंकाले समूह 'बी'मा अफगानिस्तानमाथि सनसनीपूर्ण खेलमा दुई रनको जित निकालेको छ । पहिलो ब्याटिङ गरेको श्रीलंकाले ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ९१ रन बनाएको थियो । प्रत्युत्तरमा अफगानिस्तान ३७.४ ओभरमा दुई सय ८९ रनमा अलआउट भयो । धनञ्जय डी सिल्भाले आफ्नो व्यक्तिगत दोस्रो ओभरमा अफगानिस्तानका दुई विकेट लिएपछि श्रीलंकाले महत्त्वपूर्ण दुई अंक जोडेको हो । अफगानिस्तानले प्रतिओभर ७.६७ रनको रनरेटमा ब्याटिङ गरेको थियो । तर, अफगानिस्ताका ब्याट्सम्यानले महत्त्वपूर्ण समयमा विकेट गुमाउँदा श्रीलंकाले हातबाट गएको खेलसमेत जित्यो ।



अफगानिस्तानका लागि रहमत साहले ४० बलमा पाँच चौका र एक छक्काको मद्दतमा ४५ रन बनाए । कप्तान सहिदीले ६६ बलमा ५९ रनको योगदान दिए । मोहमद नावीले केवल ३२ बलमा ६५ रन जोडे । उनले आफ्नो इनिङ्समा ६ चौका र पाँच छक्का प्रहार गरेका थिए । उनकै विस्फोटक ब्याटिङका कारण अफगानिस्तान एक समय सहज जितको अवस्थामा पुगेको थियो । तर, स्ट्रोक लगाउने चक्करमा अफगानी ब्याट्सम्यानले आफ्नो विकेट गुमाउँदै गए । श्रीलंकाका कुसन राजिथले ७९ रन खर्चेर चार विकेट लिए ।

■ मेन्डिस शतक बनाउन चुके

यसअघि पहिलो ब्याटिङ गरेको श्रीलंकाले ६ ब्याट्सम्यानको उत्कृष्ट प्रदर्शनको मद्दतमा अफगानिस्तानविरुद्ध चुनौतीपूर्ण योगफल खडा गरेको थियो । श्रीलंकाले सुरुदेखि नै गतिलो साझेदारी पायो । ओपनर पथुम निसांका र दिमुथ करुनारत्नेबीच पहिलो विकेटका लागि १०.२ ओभरमा ६३ रनको साझेदारी भएको थियो । दिमुथले ३५ बलमा ६ चौकाको सहयोगमा ३२ रन बनाए । ओपनर निसांकाले ४० बल सामना गरी ६ चौका प्रहार गरी ४१ रन जोडे । कुशल मेन्डिस र चरिथ आसालांकाले चौथो विकेटका लागि एक सय दुई रनको साझेदारी गर्दै श्रीलंकालाई ३३.२ ओभरमा १८८-४ को स्थितिमा राखे ।

चरिथले ४३ बलमा दुई चौका र एक छक्काको सहयोगमा ३६ रन बनाए । मेन्डिसले धनञ्जय डी सिल्भासँग पाँचौं विकेटका लागि ३३ रनको साझेदारी गरे । डी सिल्भाले १९ बलमा १४ रन बनाए । क्रिजमा सेट भएका ब्याट्सम्यान मेन्डिस शतकीय इनिङ्स खेल्न आठ रनले चुके । रसिद खानबाट सीधा थ्रोमा रनआउट हुनुअघि उनले ९२ रन जोडेका थिए । उनले ८४ बलमा ६ चौका र तीन छक्का प्रहार गरेका थिए ।

वेलागे र महिश थिक्सनाले आठौं विकेटका लागि ६४ रनको साझेदारी गरे । वेलागेले ३९ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३३ रन बनाए । महिशले २४ बलमा दुई चौका र एक छक्का प्रहार गरी २८ रन बटुले । बलिङमा अफगानिस्तानका गुल्वदिन नैवले ६० रन खर्चेर सर्वाधिक चार विकेट हात परे । स्पिनर रसिदले ६३ रनमा दुई विकेट लिए ।

खेल संक्षेप

जेनिथ र सनसाइन क्वार्टरफाइनलमा

काठमाडौं/ तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा जेनिथ सिनियर पुरुषतर्फको स्पर्धामा क्वार्टरफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको मंगलबार भएको खेलमा आयोजक केएमसीको कोर्टमा जेनिथले बालदीक्षा सदनलाई ४७-२३ ले पराजित गऱ्यो । जुनियर पुरुषमा सनसाइनले इनोभेटिभलाई २१-१२ ले हरायो । एआइएले बालदीक्षा सदनमाथि २५-१४ को जित निकाल्यो । पुष्पसदनले नेरिक एकेडेमीलाई १८-१२ ले हरायो । सिनियर महिलामा एनसिसिएसले रिलायन्सलाई २२-१७ ले पाखा लगायो । इनोभेटिभले आयोजक केएमसीलाई २१-१८ ले पराजित गऱ्यो । चेल्सी वर्ल्ड स्कुलले एलाइट ग्राण्डलाई २१-१६ र साइपाल एकेडेमीले बालदीक्षा सदनलाई ११-८ ले पन्छाए ।

जापानमा नेपाली रेस्लरको जित

काठमाडौं/ जापानमा भएको मैत्रीपूर्ण रेस्लिङ प्रतियोगितामा नेपाली रेस्लरले जित हात पारेका छन् । जापानको ओसाकामा भएको रेस्लिङमा भगवती खड्का (युनिका), अस्मिता सुनार (जुरेली) र भरतबहादुर बिसुराल (हिमालयन टाइगर)ले प्रतिस्पर्धा गरेका थिए । भगवती र जुरेलीको जोडीले योकोटा र हानाजोनो मोमोकालाई पराजित गरे । हिमालयनले अमेरिका र जापानका रेस्लरलाई हराएका छन् । एनआरएनए कोन्साई कमिटी ओसाकाको सहयोगमा रेस्लिङ भएको थियो ।

खेलाडी संघमा श्रेष्ठको निरन्तरता

काठमाडौं/ दक्षिण एसियाली खेलकुदको करँतेका दोहोरो स्वर्ण विजेता दीपक श्रेष्ठ नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ (एनएनआईपिए)को अध्यक्षमा दोस्रोपटक निर्विरोध भएका छन् । संघको मंगलबार भएको साधारणसभा तथा निर्वाचनले दुई वर्षका लागि श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध भएको हो । उपाध्यक्षमा आयशा शाक्य (तेक्वान्दो) र दीपक थापा (ब्याडमिन्टन) र महासचिवमा शिवसुन्दर गोथे रहेका छन् । सचिवमा मन्देकाजी श्रेष्ठ (करँते) र कोषाध्यक्षमा आङबाबु लामा (असु) रहे । पदाधिकारीमा दीपकबाहेक अघिल्लो कार्यसमितिमा सबै अहिलेकै जिम्मेवारीमा थिए । संघमा एक उपाध्यक्ष र तीन सदस्यको मनोनयनपछि केन्द्रीय कार्यसमितिले पूर्णता पाउनेछ । नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाएका धावक जितबहादुर केसीले नवनिर्वाचित सदस्यहरूलाई शुभकामना दिए ।

रजनीले दिलाइन् नेपाललाई थप स्वर्ण

पहिलोपटक नेपालमा आयोजना भइरहेको ५५औं एसियन शारीरिक सुगठनमा रजनीले ५५ केजी तौल समूहमा भारतकी सविता बानियाँलाई फाइनलमा हराइन्



नयाँ पत्रिका

रजनी श्रेष्ठले ५५औं एसियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् च्याम्पियनसिपमा नेपालका लागि स्वर्ण जोडेकी छिन् । महिला शारीरिक सुगठनको ५५ केजी तौलसमूहमा भारतकी सविता बानियालाई पराजित गर्दै उनले स्वर्ण जितेकी हुन् । प्रतियोगिताको दोस्रो दिनसम्म नेपालले तीन स्वर्ण जितेको छ । नेपालले थप ६ रजत र ३ कांस्य पदक जितेको छ । रजनीको तौलसमूहमा भियतनामकी दिन्ह किम तेस्रो स्थानमा रहिन् । महिलातर्फ १५५ सेमिसम्मको मोडल फिजिकमा तारा खाइजुले रजत हात पारेकी छिन् । यस विधामा थाइल्यान्डकी किरातिया छन्त्रतले स्वर्ण हात पारिन् ।

भारतकी निमाडोमा लामाले कांस्य जितिन् । एसियन शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् फेडेरेसनको आयोजना तथा नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको व्यवस्थापनमा भएको च्याम्पियनसिपको १७० सेमिसम्मको पुरुष फिजिक विधामा राजु राईले रजत पदक जितेका छन् । उनले माल्दिभ्समा सम्पन्न अघिल्लो संस्करणमा कांस्य पदक प्राप्त गरेका थिए ।

■ थाइल्यान्ड र भारतका खेलाडी हाबी

थाइल्यान्डका वान्चाई कान्जानापिमिनेले स्वर्ण प्राप्त गरे । भियतनामका तरान होङ थुआनले तेस्रो स्थान रक्षा गरेका छन् । महिलातर्फको १७ सेमिमाथिको प्रतिस्पर्धामा रन्जित लामाले कांस्य पदक प्राप्त गरे । पहिलो स्थानमा थाइल्यान्डका सोयश्री र दोस्रो स्थानमा चाइना मकाउका अउ मान किट रहेको आयोजकले जनाएको छ । पुरुषको ७५ केजी तौलसमूहमा ललित धिमालले नेपालका लागि रजत दिलाएका छन् । भारतका राहुल चिन्डाले स्वर्ण र भारतकै जगन्नाथ खुन्तियाले धिमालले प्रतिस्पर्धा गरेको विधामा कांस्य प्राप्त गरे ।

यसैगरी, ८० केजी तौलमा नेपालका कृष्णप्रसाद श्रेष्ठले कांस्य पदक प्राप्त गरे । थाइल्यान्डका पतैवात अल्कावतले स्वर्ण र भारतका प्रकाश प्रधानले रजत प्राप्त गरे । यसअघि प्रतियोगिताको पहिलो दिन विशाल पौडेल र सनम मुलगुठीले नेपाललाई स्वर्ण दिलाएका थिए । विशालले पुरुष जुनियर शारीरिक सुगठन ७५ केजीमाथिको तौल र महिला स्विम सुट फिजिक खुला विधामा सनमले स्वर्ण जितेका थिए ।

रामोस १८ वर्षपछि पुरानै क्लब सेभिल्लामा



म्याड्रिड/ स्पेनिस राष्ट्रिय फुटबल टोलीका पूर्वडिफेन्डर सर्जियो रामोस आफ्नो बाल्यकालको क्लब सेभिल्लामा फर्किएका छन् । १८ वर्षपछि उनी सेभिल्लामा आबद्ध भएका हुन् । पेरिस जेन्ट जर्मेन (पिएसजी)बाट फ्री ट्रान्सफरमा उनी स्पेनिस क्लबमा पुनः आबद्ध भएका हुन् । ३७ वर्षीय रामोसले एक वर्षको सम्झौता गरेका छन् । 'मेरो लागि यो विशेष दिन हो,' रामोसले भने, 'म सधैं घरमै खेल्न मन पराउँछु ।' रामोसले फुटबल करिअरमा दुईपटक युरोपियन च्याम्पियन्स तथा फिफा विश्वकप जितेका छन् । उनले स्पेनबाट १६ वर्षको अन्तर्राष्ट्रिय करिअरमा एक सय ८० खेल खेलेका छन् । क्लबस्तरीयमा उनले रियल म्याड्रिडबाट चारपटक च्याम्पियन्स ट्रफी उचाले ।

सात वर्षको रहँदा उनले सेभिल्लाबाट प्रशिक्षण लिएका थिए । सन् २००५ मा उनी सेभिल्लाबाटै रियल म्याड्रिडमा आबद्ध भए । सेभिल्लाबाट उनले ५० खेल खेलेका थिए । रामोसले रियल म्याड्रिडमा १६ वर्ष बिताउँदा ६ सय ७१ खेल खेले, जसमा उनले २२ ट्रफी जिते । सन् २०२१ मा उनी पिएसजीमा आबद्ध भएका थिए । यसक्रममा उनले तीन उपाधि हात पारे ।

रग्बीको प्रशिक्षण मलेसियामा

काठमाडौं/ चीनको हाङझावमा हुने १९औं एसियाली खेलकुदमा सहभागी हुने नेपाली पुरुष रग्बी टोली थप तयारीका लागि मंगलबार मलेसिया गएको छ । नेपाली टोलीमा १२ खेलाडी, दुई प्रशिक्षक र एक व्यवस्थापक छन् । विराट श्रेष्ठको कप्तानीमा रहेको नेपाली टोलीका अन्य सदस्यमा श्रीराम श्रेष्ठ, विक्रम पुरी, निरोज कार्की, विवेश बासु, यदु अधिकारी, झुकेन्द्र राई, विशाल बडू, सविन महत, नवीन महर्जन, पुजन फेवाली र सुमन चौलागाईं रहेका छन् । १६ दिनको प्रशिक्षणपछि नेपाली टोली स्वदेश फर्किएर चीन जानेछ । एसियाली खेलकुदमा नेपालले पहिलोपटक रग्बीमा सहभागिता जनाउन लागेको हो ।

टाइब्रेकरमा रेड हर्सले बाजी माऱ्यो



ताप्लेजुङ/ रेड हर्स फुटबल क्लब इलाम ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको मंगलबार भएको दोस्रो सेमिफाइनलमा स्टार फुटबल क्लब बिर्तामोड झापालाई रेड हर्सले टाइब्रेकरमा ५-४ ले हराउँदै अन्तिम दुईको स्थान सुरक्षित गरेको हो । निर्धारित समयमा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए । त्यसपछि फाइनल पुग्ने टोलीको छिनोफानो टाइब्रेकरबाट भएको हो ।

खेलको १५औं मिनेटमा रेड हर्स इलामका आशिष राईले १-० को अग्रता दिलाए । खेल सकिन चार मिनेटअघि रेड स्टार बिर्तामोडले १-१ को बराबरी गोल फर्कायो । खेलको ८६औं मिनेटमा विदेशी खेलाडी अब्दुलले बराबरी गोल फर्काएका हुन् । दुई विदेशी खेलाडी उतारेको रेड स्टार बिर्तामोड झापाले आक्रामक खेल प्रस्तुत गरेको थियो । तर, उनीहरूको गोल प्रयासलाई विपक्षी खेलाडी र गोलरक्षकले विफल पारे ।

भलिबल खेलाडीले पाए पहिलोपटक मासिक तलब

■ फुटबल, क्रिकेट र बुद्धिचालपछि राष्ट्रिय खेलाडीलाई मासिक तलब दिने भलिबल चौथो संघ बनेको छ, खेलाडीले अब मासिक पाँच हजार पारिश्रमिक पाउनेछन्

नयाँ पत्रिका

नेपाल भलिबल संघले राष्ट्रिय पुरुष तथा महिला खेलाडीलाई मासिक तलब दिने भएको छ । संघले राष्ट्रिय टोलीमा रहेका पुरुष र महिलामा समान १२ खेलाडीलाई मासिक पाँच हजार पारिश्रमिक दिने घोषणा गरेको हो । खेलाडीलाई मासिक तलब व्यवस्था गर्ने भलिबल संघ चौथो खेल बनेको छ । यसअघि फुटबल, क्रिकेटर र बुद्धिचाल संघले आफ्ना खेलाडीलाई मासिक तलब प्रदान गरेको थियो । फुटबलले फिफा र एएफसीको आर्थिक अनुदानमा खेलाडीलाई तलबको व्यवस्था गरेको छ ।

नेपाल क्रिकेट संघले आइसिसी र एसिसीको फन्डमै तलब खुवाइरहेको छ । बुद्धिचाल संघले



विभिन्न दाताहरूको सहयोगमा महिला तथा पुरुषतर्फका शीर्ष खेलाडीलाई मात्र मासिक तलबको व्यवस्था गरेको छ । भलिबल संघले अमेरिकामा रहेका पूर्वराष्ट्रिय खेलाडी राम श्रेष्ठको नेतृत्वमा पूर्वखेलाडी तथा बिजनेस इन्टरप्रेनियरको आर्थिक सहयोगमा खेलाडीलाई मासिक तलब खुवाउन लागेको जनाएको छ ।

भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले आर्थिक सहयोगमा खेलाडीहरूलाई मासिक तलब व्यवस्था गर्न लागेको जानकारी दिएका छन् । 'संघले थोरै भए पनि पुरुष र महिला राष्ट्रिय खेलाडीलाई मासिक तलबको व्यवस्था गरेको छ,' उनले भने, 'क्रिकेट खेलाडी, फुटबल खेलाडीले मासिक तलब पाइरहेका छन्, तर भलिबल खेलाडीले अहिलेसम्म पाएका छैनन्, हामीले पहल गऱ्यौं र खेलाडीलाई मासिक पाँच हजार दिने घोषणा गरेका हौं ।'

तीन महिनाको पारिश्रमिक एकैपटक

चन्दका अनुसार आर्थिक सहयोगकर्ताहरूले सेप्टेम्बर, अक्टोबर र नोभेम्बरको तलब संघको खातामा जम्मा गरेका छन् । सबै खेलाडीले एकैपटक तीन महिनाको १५ हजार रुपैयाँ पाएका छन् । नेपाली राष्ट्रिय महिला भलिबलकी कप्तान अरुणा शाहीले संघबाट खेलाडीलाई हौसला प्रदान गर्ने कार्य भएको प्रतिक्रिया दिएकी छिन् । 'भलिबलमा लागेको कम्तीमा १५ वर्ष भयो होला, भलिबल संघले आर्थिक सहयोग जुटाएर खेलाडीलाई सहयोग गरेको छ,' उनले भनिन् । यसैगरी, पुरुषतर्फका कप्तान मानबहादुर श्रेष्ठले संघले खेलाडीहरूका लागि राम्रो सुरुवात गरेको बताए । पुरुष र महिलातर्फका राष्ट्रिय खेलाडी आसन्न १९औं एसियाली खेलकुदको तयारीमा छन् । नेपालले पहिलोपटक भलिबलमा एसियाडमा सहभागिता जनाउन लागेको हो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com